कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २३ • अंक ३८ • FRIDAY, 09 FEBRUARY 2018 • काठमाडौं शुक्रबार, माघ २६, २०७४ • पृष्ठ ३२ • मूल्य रु. १५/-

यो अंक
भ्यालेन्टाइ डे
विशेष






Career Partner: merojob
Medical Partner: Nepal Mediciti
Insurance Partner: नेको इन्स्योरेन्स लि. Neco Insurance Ltd.
Celebration Partners: City Express Money Transfer, Xtraa, प्रीती, goodlife, JJ Jewellers
Education Partner: AECC Global
Digital Wallet Partner: khalti
Telecom Partner: Nepal Telecom
Ticketing Partner: Sasto Tickets
Hotel Partner: Soaltee Crowne Plaza Kathmandu-Nepal

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

यो अंक भ्यालेन्टाइ डे विशेष

● वर्ष २३ ● अंक ३८ ● FRIDAY, 09 FEBRUARY 2018 ● काठमाडौं शुक्रबार, माघ २६, २०७४ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# सर्वाधिक आकर्षक महिला-पुरूष

पृष्ठ १८ मा



# भ्यालेन्टाइन वर्ष-२०१८ मा प्रेमजीवन



### मेष

प्रेम जीवनको दृष्टिकोणले यो राशिका लागि सन् २०१८ निकै रोमान्टिक सावित हुनेछ । शुक्र ग्रहको शुभ छायाँका कारण यो राशिका स्वामीहरूले प्रेमको क्षेत्रमा आफूलाई सदैव तरोताजा अनुभव गर्नेछन् । तैपनि साउन-भदौ महिनातिर त्यसमा केही सुस्तता देखापर्न सक्छ ।

भाग्यशाली नम्बर : ६, ८, ९ तथा १०
भाग्यशाली रंग : रातो, सुन्तला तथा सुनौलो
भाग्यशाली बार : शुक्रबार, बिहीबार तथा शनिबार

### वृष

प्रेमको परिभाषा नै दिन जान्नु र लिन नजान्नु हो । त्यसैले यो राशिका स्वामीले आफ्नो जीवनसाथीबाट प्रेम प्राप्त गर्ने चाहना कमै राख्छन् । तैपनि आफ्ना तर्फबाट भने पर्याप्त प्रेम दिन्छन् । यो वर्ष यो राशिका स्वामीहरूको प्रेमजीवन राम्रै बित्ने देखिन्छ ।

भाग्यशाली नम्बर : १, ३, ५, ७ तथा ९
भाग्यशाली रंग : गुलाफी, सेतो, हरियो तथा नीलो
भाग्यशाली बार : शुक्रबार

### मिथुन

यो राशिका स्वामीले प्रेम दिवसदेखि दसैंसम्म आफ्ना जीवनसाथीलाई अत्यन्तै प्रेम गर्ने योग छ । उनीहरूले प्रेमपूर्ण कार्यमा एकअर्कालाई निकै सघाउनेछन् । व्यवसायिक व्यस्तताले केही व्यवधान पुऱ्याए पनि जीवनसाथीको समझदारीले स्थिति सम्हालिनेछ ।

भाग्यशाली नम्बर : ३ तथा ५
भाग्यशाली रंग : पहेंलो, हल्का नीलो तथा सेतो
भाग्यशाली बार : बुधबार र बिहीबार

### कर्कट

यो राशिका स्वामीलाई प्रेम अर्थात माया-पिरतीका कुराले निकै भावुक बनाउनेछ । कतिपय अवस्थामा उनीहरूले आफ्नो पारिवारिक जिम्मेवारीको उपेक्षा गर्दा प्रेम जीवन नै धरापमा पर्ने सम्भावना समेत हुन्छ ।

भाग्यशाली नम्बर : २, ५, ७ तथा ९
भाग्यशाली रंग : रातो, क्रिम, सेतो तथा हल्का पहेंलो
भाग्यशाली बार : आइतबार र सोमबार

### सिंह

चैत र कात्तिकमा आफ्नो प्रेमजीवनमा केही तनाव अनुभव गर्नुपर्नेछ । त्यसबाहेक अन्य समय यो राशिका स्वामीले निकै प्रफुल्ल अवस्थामा प्रेमजीवनको भोग गर्नेछन् । जीवनसाथीको स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ ।

भाग्यशाली नम्बर : १, ३, ४ तथा ९
भाग्यशाली रंग : रातो, पहेंलो तथा सुनौलो
भाग्यशाली बार : मंगलबार र बुधबार

### कन्या

शान्त र हँसिलो स्वभावले यो राशिका स्वामीको प्रेमजीवनलाई वर्षभरि नै रसिलो बनाइरहनेछ । तैपनि अपरिचित व्यक्तिसँग गरिएको हेलमेलले शंका-उपशंका सिर्जना गरी प्रेमजीवन नै धरापमा पार्ने सम्भावना पनि त्यत्तिकै छ ।

भाग्यशाली नम्बर : ३, ६, ७ तथा ८
भाग्यशाली रंग : सेतो, हल्का नीलो तथा गुलाफी
भाग्यशाली बार : बुधबार

### तुला

यो पूरै वर्ष उथलपुथलमय भए पनि प्रेमजीवनको सन्दर्भमा उत्साहजनक देखिन्छ । बुध र बृहस्पति राशिको संयोगले गर्दा यो राशिका स्वामीले नयाँ मानिसहरूबाट टाढै रहनु पर्नेछ ।

भाग्यशाली नम्बर : १, २ तथा ७
भाग्यशाली रंग : सेतो, नीलो, गुलाफी तथा पहेंलो
भाग्यशाली बार : आइतबार र सोमबार

### वृश्चिक

प्रेम दिवसपछिका २ महिनासम्म काम वासनाको दुष्प्रभावले सताउनेछ । त्यसपछिको पूरै समय राम्रो रहनेछ भने प्रेमजीवन पनि सन्तोषजनक देखिन्छ । यद्यपि यो वर्षभरि नै संयमित रहनु मै आफ्नो कल्याण छ ।

भाग्यशाली नम्बर : ३, ५ तथा ९
भाग्यशाली रंग : रातो, पहेंलो तथा सुनौलो
भाग्यशाली बार : बुधबार र बिहीबार

### धनु

यो पूरै वर्ष प्रेमको उन्मादले भरिएको छ, जुन निरन्तर वृद्धि भैरहनेछ । दसैं-तिहारताका कुनै अपरिचितले आफूसँग सम्बन्ध बढाउन खोज्दा जीवनसाथीको शंका-उपशंकाले ठूलै उथलपुथल सिर्जना गर्न सक्छ ।

भाग्यशाली नम्बर : ५, ६ तथा ९
भाग्यशाली रंग : हल्का हरियो, बहुरंग तथा पहेंलो
भाग्यशाली बार : बुधबार र शुक्रबार

### मकर

यो राशिका स्वामीको प्रेमजीवनलाई पूरै वर्ष शुक्रको दुष्प्रभावले सताउनेछ । त्यस्तो दुष्प्रभावले दसैं तिहारपछिको समयमा तनाव समेत सिर्जना गर्न सक्छ । शुक्रको दुष्प्रभावबाट जोगिन जीवनसाथीसँग बढीभन्दा बढी समय बिताउनु उचित हुन्छ ।

भाग्यशाली नम्बर : ६, ८ तथा ९
भाग्यशाली रंग : सेतो, रातो तथा नीलो
भाग्यशाली बार : मंगलबार र शनिबार

### कुम्भ

गहिरो समर्पण भावले पूरै वर्षलाई रोमान्चित बनाइरहनेछ । जीवनसाथीबाट पर्याप्त माया एवं स्नेह प्राप्त हुनेछ । त्यस्तो माया र स्नेहले जीवनसाथीसँग घुमफिरमा व्यस्त रहन समेत प्रेरित गर्नेछ ।

भाग्यशाली नम्बर : २, ३, ५ तथा ९
भाग्यशाली रंग : पहेंलो तथा रातो
भाग्यशाली बार : बिहीबार र शुक्रबार

### मीन

यो राशिका स्वामीको सबैभन्दा ठूलो कमजोरी नै प्रेम हो । यिनीहरू प्रेमबिना पानीबिनाको माछाजस्तै छटपटाउँछन् । यद्यपी यो वर्ष यो राशिका स्वामीहरूले प्रेम प्रसंगमा हतार गर्नु उपयुक्त हुँदैन । जीवनसाथी नजिक रहेका बेला आफूलाई संयमित राख्नु मै कल्याण छ ।

भाग्यशाली नम्बर : १, ४ तथा ५
भाग्यशाली रंग : पहेंलो, गुलाफी, क्रिम तथा सेतो
भाग्यशाली बार : बिहीबार र आइतबार

---

# राशिअनुसार प्रेम-चरित्र

### मेष

यो राशिका मानिसहरू प्रेमपिपासु हुन्छन् । यिनीहरू प्रेममा तृप्त हुँदैनन् भने एक्लै बस्न रुचाउँदैनन् । प्रेममा जातभात, उमेर केही पनि हेर्दैनन् । यद्यपि यिनीहरू कसैको नाजायज फाइदा लिँदैनन् । यिनीहरूले प्रेम एवं रोमान्सबिना तृप्ति प्राप्त गर्दैनन् ।

### वृष

यो राशिका मानिसहरू प्रेममा बढी उत्साही हुन्छन्, तर यिनीहरूको प्रेमको अन्त्य एकदमै दुःखद हुन्छ । वृष राशिका स्वामीहरू प्रेममा काल्पनिक मात्र हुँदैनन प्रायः एकतर्फी प्रेमको सिकार हुन्छन् । वैवाहिक जीवन सामान्य रहन्छ ।

### मिथुन

मिथुन राशिका मानिसहरूको प्रेम प्रसंग एकभन्दा बढीसँग चल्छ । यिनीहरू सदैव आफ्ना प्रेमी/प्रेमिकालाई खुसी देख्न चाहन्छन् । मिथुन राशिका स्वामीहरू प्रायः कलाकार वा लेखकप्रति आकर्षित हुन्छन् । यौनमा बढी नै उत्सुक रहने भए पनि यौन जीवन संयमित नै हुन्छ ।

### कर्कट

कर्कट राशिको प्रेम प्रसंग प्रायः एकततर्फी हुन्छ । यो राशिका स्वामीहरू प्रेममा कुनै प्रकारको बन्धन स्वीकार गर्दैनन् । यिनीहरू सदैव प्रेम चाहन्छन् । उपहारभन्दा पनि हाँसो, खुसीका साथ प्रेम अघि बढोस् भन्ने चाहन्छन् भने यौनका मामिलामा सदैव कठिनाइ अनुभव गर्छन् ।

### सिंह

यिनीहरू यौनमा विशेष रुचि राख्ने खालका हुन्छन् । प्रेमको साटो प्रेम नै चाहन्छन् तर सदैव त्यस्तो हुँदैन, जसले गर्दा चाँडै हतोत्साही हुन पुग्छन् । यिनीहरूको प्रेम एवं वैवाहिक जीवनको अन्त्य कुनै दुःखद नाटकझैं हुन सक्छ ।

### कन्या

कन्या राशिको प्रेम प्रसंग प्रसन्नता एवं आदान-प्रदानमा बित्छ । मानसिक एवं शारीरिक दुवै रूपमा आकर्षित भए पनि यौनमा प्रायः कमजोर नै हुन्छन् । यिनीहरूको प्रेम परिभाषामा परिवार तथा बालबच्चा पनि समेटिन्छन् । कन्या राशिका स्वामीहरू आफूभन्दा पाका व्यक्तिप्रति आकर्षित हुन्छन् ।

### तुला

तुला राशिका व्यक्तिहरू दयालु, बुद्धिमान एवं सावधान व्यक्तिप्रति आकर्षित हुन्छन् । प्रेममा गम्भीर हुन्छन् । प्रायः प्रदर्शन चाहँदैनन् तर वफादार हुन्छन् । यिनीहरूको उन्नति प्रेम वा विवाहपश्चात् नै हुन्छ ।

### वृश्चिक

यिनीहरू प्रेममा भ्रमको सिकार हुन सक्छन् । यिनीहरूको प्रेम सौन्दर्य एवं शारीरिक आकर्षणको विषय हुन्छ, तैपनि प्रेममा भयको वातावरण सदैव कायम रहन्छ । अरूप्रति विश्वास गर्न नसक्नु नै प्रेममा विफलताको कारण हुन्छ । यिनीहरू कोमल मनोवृत्तिका हुन्छन् तथा प्रेमका भोगी पनि हुन्छन् ।

### धनु

धनु राशिका मानिसहरू रोमान्टिक मनोवृत्तिका हुन्छन् । यिनीहरू महान् प्रेमी बन्न चाहन्छन्, तर विलासिता एवं विलासी व्यक्तिहरूलाई रुचाउँदैनन् । धनु राशिका स्वामीहरूको दृष्टिमा रोमान्स मनोरञ्जन मात्र नभएर सुखद सामाजिक सम्बन्ध पनि हो । यिनीहरू द्विस्वभाव मनोवृत्तिका हुनाले जीवनमा एकभन्दा बढी व्यक्तिको प्रभावमा हुन्छन् ।

### मकर

मकर राशिका मानिसहरू प्रेममा केही उदासीन पाइन्छन् । प्रेमको अभावमा मानसिक तथा शारीरिक रूपमा अस्वस्थ्य रहन्छन् । यिनीहरूको दृष्टिमा प्रेम सुरक्षा तथा एकताको प्रतीक हो र यसले जीवनमा प्रसन्नता एवं सजीवता ल्याउँछ ।

### कुम्भ

कुम्भ राशिका मानिसहरू विपरित लिंगीको आकर्षणको केन्द्र हुन्छन्, तर यिनीहरूको व्यवहार सुनिश्चित हुँदैन । यिनीहरू प्रेमलाई बौद्धिक स्वरूपमा ग्रहण गर्ने खालका हुन्छन्, तर अतिविश्लेषणवादी हुने हुँदा प्रवञ्चनाको सिकार बन्न पुग्छन् ।


### मीन

मीन राशिका स्वामीहरू बढी नै रोमान्टिक हुन्छन् । यिनीहरूलाई सौन्दर्यले आकर्षित गर्छ । प्रेममा उत्तरदायी पनि हुन्छन्, तर प्रेमको छनौटमा सदैव असफल हुन्छन् । यौन जीवन रोमान्स एवं कल्पनाले भरिपूर्ण हुन्छ, तैपनि यौन र प्रेमको क्षेत्रमा भावुकताको सिकार बन्न पुग्छन् ।

*(ज्योतिषाचार्य डा. सुनिल सिटौलासँगको कुराकानीमा आधारित)*


Himalaya™
SINCE 1930
हेयरफलको सही सोल्युसन
ANTI-HAIR FALL* SHAMPOO
Himalaya
SINCE 1930
Anti-Hair Fall* Shampoo
Reduces Hair Fall
Promotes Hair Growth
All Hair Types
प्रस्तुत छ हिमालय एन्टि हेयरफल स्याम्पु, जुन कपाल झर्ने समस्यालाई प्रभावकारी रूपमा घटाई तपाईंको कपाल मजबूत राख्ने र कपाल वृद्धि गर्ने भृङ्गराज जस्ता जडिबुटीहरूले भरिपूर्ण छ। यसले तपाईंको कपाललाई गहिराइदेखि नै पालनपोषण गर्छ जसले गर्दा यो तपाईंको कपाल झर्ने समस्याको लागि सहि समाधान हो।
भृङ्गराजले भरिपूर्ण
*टुटफुट भएको कारणले केश झर्नु

# कस्ता महिला सुन्दर हुन्छन् ?



डा. सुशील कोइराला



यो ब्रह्माण्डको सृष्टि र अझ त्यसमा पनि प्राणी जगत्लाई हेर्ने हो भने एउटा अचम्मलाग्दो फरकपन पाइन्छ। मानिसबाहेक सृष्टिका सबै प्राणीका स्त्री जातिभन्दा भाले जाति सुन्दर देखिन्छन्। मानिस मात्र एउटा यस्तो प्राणी हो जसका भाले जातिभन्दा स्त्री जाति सुन्दर हुन्छन्।

ती सुन्दर स्त्रीलाई प्राप्त गर्न हरेक पुरुष लालायित हुन्छन्, तर के सबै स्त्री सुन्दर नै हुन्छन् त ? सबै स्त्री सुन्दर हुँदैनन्। पूर्वीय दर्शनमा स्त्रीको सुन्दरताका विषयमा अनेकन प्रसंग उल्लेख छन्।

पूर्वीय दर्शनमा महिलाको सुन्दरता मात्र होइन, पुरुषको सुन्दरताका बारेमा पनि उल्लेख गरिएको छ। पौराणिक ग्रन्थहरूमा सुन्दर हुनका लागि महिला तथा पुरुष दुवैमा केही समान गुण हुनैपर्ने कुरामा जोड दिइएको छ, जुन पछि गएर पश्चिमा संस्कृतिले पनि घुमाउरो पारामा स्वीकार गरेको छ।

## के हो त सुन्दरता ?

पूर्वीय दर्शनमा स्वस्थ शरीरलाई महिला तथा पुरुषको सुन्दरताको पहिलो मापदण्डमा राखिएको छ। सुन्दरतामा स्वास्थ्यको ठूलो महत्व छ। यदि कुनै व्यक्तिको अनुहारमा दाग छ भने त्यसलाई राम्रो मानिँदैन। मेडिकल साइन्सले पनि कुनै ठाउँमा दाग आउनुलाई अस्वस्थताको संकेत मान्छ। पोतो-चायाँ आउनु भनेको अस्वस्थताको प्रमाण तथा सुन्दरताको अंक घट्नु हो। पूर्वीय दर्शनमा लामो केशलाई सुन्दर भनिएको छ। केश फुल्नु, हाँगा आउनु पनि अस्वस्थताको संकेत हो। यदि मानिस स्वस्थ छ भने सादा पानीले नुहाए पनि राम्रो देखिन्छ। स्वस्थता गुमाएपछि मानिस नराम्रो देखिन्छ अनि कस्मेटिक (प्रसाधन) प्रयोग गर्न थाल्छ मानिसले आफ्नो सुन्दरता टिकाउने हो भने प्रकृतिसँग मिल्ने गरी आफूलाई सन्तुलित राख्न सक्नुपर्छ। यस्तो सुन्दरता टिकाउ पनि हुन्छ।

सुन्दरताको दोस्रो सर्त भनेको प्रत्येक अंगको समानुपातिक विकास पनि हो। स्वस्थतासँगै उनीहरूको शारीरिक अंग-प्रत्यंगहरू पनि समानुपातिक हुनुपर्छ। जस्तै शारीरिक बनोट, छाला, केश आदि सबै स्वस्थ्य हुनुपर्छ। तीसँगै अंग-प्रत्यंगको विकास पनि समानुपातिक नै हुनुपर्छ। जस्तो– हाइटअनुसार आँखा, कान तथा अनुहारको बनोट हुनुपर्छ भने छाती पनि समानुपातिक रूपमा मिलेको हुनुपर्छ।

उदाहरणका रूपमा हेर्ने हो भने भारतीय अभिनेता अमिताभ बच्चनलाई राम्रो भन्ने जमात विश्वमा ठूलै छ, तर शरीरको समानुपातिक वितरणका हिसाबले उनलाई सुन्दर भन्न सकिँदैन। उनको शरीर छोटो छ तर हात-खुट्टा अत्यधिक लामा छन्। यो सुन्दरता होइन, भलै अमिताभको व्यक्तित्वले त्यसलाई जितेको छ। त्यही भारतीय चलचित्र उद्योगका ५ फिट २ इन्चका अमिरखानको शारीरिक बनोट भने समानुपातिक छ। त्यही कारणले उनको चकलेटी फेस राम्रो देखिन्छ। आमिरको हाइटअनुसार अनुहार, आँखा, खुट्टा, कान, छाती सबै समानुपातिक रूपमा चिटिक्क मिलेको छ।

पुरुष मात्र होइन, महिलाको शरीर पनि त्यसरी नै समानुपातिक रूपमा मिलेको हुनुपर्छ, स्वस्थता त अनिवार्य नै भैहाल्यो। उचाइअनुसारका हरेक अंगको बनोट सुहाउँदो छ कि छैन, हेर्नुपर्छ।

## नारी सुन्दरता

नारी सुन्दरताका दृष्टिले पूर्वीय दर्शन पश्चिममा विकसित आधुनिक विज्ञानकै नजिक छ। पूर्वीय मान्यतामा चन्द्रमाजस्तो मुहार भएकी, गोरो शरीर, हरिणको जस्तो सेतो आँखा हुने महिलालाई सुन्दर महिला भनिएको छ। यस्ता महिलालाई अप्सरा वा प्रकृतिसँग पनि तुलना गरिन्छ। अनेकन रोमान्टिक गीत-संगीतमा सुन्दर नारीका अंग-प्रत्यंगलाई लिएर अनेकन शब्द तथा ध्वनि रचना गरिएका छन्। पूर्वीय दर्शनका अन्य विभिन्न शास्त्रमा पनि स्त्री तथा पुरुष सौन्दर्यका विषयमा वर्णन गरिएको छ।

महाभारतकी रूपवती सुन्दरी अग्निपुत्री द्रौपदी हुन् कि रामायणकी सीता– दुवैको अनुपम सुन्दरतालाई ती कृतिका विभिन्न ठाउँमा वर्णन गरिएको छ। यस्तै, भविष्य पुराणमा सुन्दर महिलामा बाहुनीचरी, मृग वा बादेलका जस्ता चञ्चल, नीलकमलको पात जस्तो आकार, तामाको पत्रजस्तो राता-राता र राम्रो परेला भएका आँखा हुने कुरा उल्लेख छ। शंख, कुन्दपुष्प (चमेलीजस्तो सेतो फूल), चन्द्रमा जस्तो सेता, सफा, उज्याला, चम्किला, चिल्ला, नउछिट्टिएका तर अलिकति उच्च, छिद्र नभएका, टम्म मिलेका दाँत भएकी महिलालाई सुन्दर महिलाको कोटीमा राखिएको छ। ठिक्कको लम्बाइ तथा मोटाइ भएका, धेरै चुच्चो नपरेको नाक तथा हाँगा नउम्रिएको लामो कालो सिल्की केशलाई पूर्वीय मान्यताहरूमा सुन्दर महिलाका लक्षणका रूपमा उल्लेख गरिएको छ।

पूर्वी दर्शनको समुन्द्रशास्त्रमा नारी सुन्दरताका सम्बन्धमा यसरी उल्लेख गरिएको छ :

**स्तन :** बेलजस्तै खँदिला, दुवै बराबर मिलेका पुष्ठ, सुदृढ र गोलाइका स्तनलाई सर्वोत्कृष्ट स्तन मानेका छन् पूर्वी सौन्दर्यशास्त्रीहरूले।

**पिठ्यूँ वा ढाड :** डडाल्नाको हड्डी र करङ नदेखिने गरी मासुले पुष्ट भएको स्त्रीको पिठ्यूँ उत्तम मानिन्छ।

**हात :** हाड एवं जोर्नी मासुले छोपिएका, नसाहरू नदेखिने, सिधा र सलक्क परेका, रौं नदेखिने पाखुरायुक्त हातलाई सुन्दर मानिएको छ।

**हत्केला :** रातो वर्ण, माझमा पुष्ट, औंला सिधा गरी मिलाउँदा छिद्र नदेखिने, कोमल तथा थोरै रेखा भएका हत्केलालाई राम्रोको श्रेणीमा राखिएको छ।

**जाँघ :** हात्तीको सुँडजस्तै सलक्क परेका नशा नदेखिने मुलायम तिघ्रालाई अनमोल मानिएको छ।

**नितम्ब :** खँदिलो, चौडा, पुष्ठ र भरिलो नितम्बलाई समुन्द्रशास्त्रले राम्रोको कोटीमा राखेको छ।

**पैताला :** नरम, मुलायम, चिल्ला, पुष्ट, राता र पसिना नआउने तर न्यानो रहने पैतालालाई सुन्दर मानिएको छ।

**(कुराकानीमा आधारित)**

## प्रतिक्रिया



अनमोल केसीका बारेमा पढ्न पाउँदा खुसी लाग्यो (कृष्णभक्त अनमोल)। उनको जीवन हल्ला चलेजस्तो असामान्य र विलासी रहेनछ। सामान्य खालकै रहेछ।

**अच्युत थापा**

पक्कै पनि विदेशको बसाइ नेपाल बसेर कल्पना गरेजस्तो छैन (युवा मन : सुखको खोजीमा संघर्ष)। सुविनजीले थुप्रै नेपालीको वास्तविकता लेख्नुभयो। सुख र खुसी भन्ने कुरा विदेशमा मात्र होइन (मेहनत गर्ने हो भने) नेपालमै पनि प्राप्त गर्न सकिन्छ।

**अरुण सुवेदी**

जीवन परिवर्तन गर्न यी टिप्सहरू निकै उपयोगी छन् (जीवन परिवर्तन हुन सक्छ)। गहकिलो पुस्तकबाट पाइने सन्देश यो सरल लेखमा पाइयो। यस्तै रोचक तथा काम लाग्ने सामग्रीहरू प्रकाशन गर्दै जानुहोला।

**कोमल अग्रवाल**

एक दिन जुत्ता पालिस गर्दैमा पार्टी शुद्धीकरण हुँदैन (यात्रा सन्दर्भ : बुटपालिसका दृश्य-अदृश्य चित्रहरू)। चरित्रमा शुद्धीकरण भए त्यसले जीवनमा ठूलो अर्थ राख्छ। स्व. कृष्णप्रसाद भट्टराईजस्ता नेतालाई संकटका बेला मात्र होइन, अरू बेला पनि स्मरण गर्नुपर्छ।

**रवीन श्रेष्ठ**

सेलिब्रिटी स्टाटस भैसकेपछि विभिन्न खालका प्रतिक्रिया आई नै हाल्छन् (अन्तर्वार्ता : सामाजिक सञ्जालमा भेडाहरूको भीड छ)। त्यसलाई पचाउन पनि सक्नुपर्छ।

**कृष्ण शर्मा**

मोस्ट वान्टेड माननीय रोचक लाग्यो (मोस्ट वान्टेड माननीय)। मानिस पावरमा मात्र पुगेर नहुने रहेछ। पैसाले सबैथोक किन्न सकिन्छ भन्ने मान्यता गलत सावित भयो।

**सन्तोष पाण्डे**

पक्कै पनि मेलिना राईलाई सफलता मिल्नेछ (पाँच प्रश्न : एवार्ड जित्ने कुरामा आशावादी छु)। उनको मेहनत एवं लगाव हेर्दा निराश हुनुपर्ने अवस्था आउनेछैन। दर्शक एवं श्रोताहरूका तर्फबाट गायिका राईलाई धेरै-धेरै शुभकामना।

**कपिल बास्तोला**

गायिका जलजलालाई चाँडै स्वास्थ्य लाभ होस् (जलजलालाई सहयोग)। जलजला चाँडै स्वस्थ भएर उनको नयाँ गीत सुन्न पाइयोस्।

**युवराज अधिकारी**

अविरलजीले मनकै कुरा लेख्नुभयो (मुक्त आकाश : यस्तो भैदिएको भए !)। जीवन सरल रेखाबाट अघि बढ्दैन। यसमा उतारचढाव आइरहन्छ। आफ्नो स्वार्थका लागि मानिसहरू अनेक खेल खेल्छन्। अरूलाई दुःख दिएर पूरा गरिएको स्वार्थको कुनै अर्थ हुँदैन।

**रन्जन रुचाल**

नेपाली खेलाडीहरूलाई बधाई छ (खेलकुद : विदेशमा जम्ने प्रयास)। विदेशीले यति सुविधा दिएर नेपाली खेलाडीलाई लगे। नेपालले पनि खेलाडीहरूलाई यस्तै सम्मान दिनुपर्छ।

**डिल्ली ठकुरी**

हुन्डीको कारोबार रोकिनुपर्छ (छिटो पैसा कमाउन अवैध हुन्डीको धन्दा)। यसले एकातिर ठगी धन्दा मौलाइरहेको छ भने अर्कातर्फ सरकारलाई पनि घाटा लागिरहेको छ।

**क्रिस्टिना लामा**

नेपालीहरू जहाँ गए पनि यस्ता क्रियाकलापमा संलग्न भएर होला विदेशीले हेर्ने नजर पनि फेरिएको पाइन्छ (अपराध : अस्ट्रेलियामा घटेको विवादास्पद हत्याकाण्ड)। दूतावासले कडा रूपमा निगरानी गर्नु जरुरी छ।

**तारा भुसाल**

डा. सन्दुक रुइतका बारेमा धेरै कुरा जान्न पाइयो (डा. सन्दुक रुइत नेपालका ग्लोबल ब्रान्ड)। यसरी संसारले चिनेका अनि ख्याति कमाएका नेपालीहरूका बारेमा पढ्न पाउँदा गर्व लाग्छ।

**प्रतिमा ओली**

follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook
facebook.com/kantipursaptahik

# मेरो हात माग्न कहिले आउँछौ आयुष्मान ?

सोमबार साँझ दरबारमार्गस्थित जिन्जाबार रेस्टुराँको एउटा टेबलमा अभिनेता तथा मोडल आयुष्मान देशराज जोशी एक्लै मोबाइल चलाएर बसिरहेका थिए । उनको हाउभाउ देख्दा लाग्थ्यो, उनी कसैको प्रतीक्षा गरिरहेका छन् । झन्डै १५ मिनेटपछि त्यहाँ लोकप्रिय अभिनेत्री प्रियंका कार्की झुल्किइन् । विगत एक वर्षदेखि प्रेमी-प्रेमिकाका रूपमा रहेका प्रियंका र आयुष्मानले भेट हुनासाथ एक-अर्कालाई अँगालो हाले अनि टेबलको एउटै साइडमा हात समाएर सँगै बसे । त्यसअघि नै वेटरले मेनु ल्याएकाले आयुष्मानले आफ्ना लागि मात्र होइन, प्रियंकाका लागि पनि खानेकुरा अर्डर गरिसकेका थिए । लामो समयपछि डिनरमा भेटिएका प्रियंका र आयुष्मानले त्यो साँझ करिब एक घण्टासँगै बिताएर आफ्नो प्रेमदेखि विवाहसम्मको योजना बनाए । उनीहरूको गतिविधिलाई साप्ताहिकका कृष्ण भट्टराईले नजिकबाट नियालिरहेका थिए । त्यसक्रममा प्रियंका र आयुष्मानबीच भएको रमाइलो कुराकानी :



तस्बिर : महेश प्रधान

**प्रियंका कार्की :** हाइ...मैले एकछिन कुराएँ है, आई एम सो सरी ।

**आयुष्मान देशराज जोशी :** हैन, ठीकै छ । म पनि भर्खर-भर्खरै आएको हुँ । आऊ बस न ।

**प्रियंका :** बिहानैदेखि सुटै-सुट । केही खाएको छैन । तिमीले मेरा लागि केही मगाएनौ ?

**आयुष्मान :** मैले पनि केही खाएको छैन । त्यसैले मैले तिमी र आफूलाई मन पर्ने खानेकुरा मगाइसकें ।

**प्रियंका :** मेरा लागि के मगायौ ?

**आयुष्मान :** गार्लिक क्यूकम्बर...योर फेबरेट ।

**प्रियंका :** यस, माइ फेबरेट अनि...

**आयुष्मान :** हट एन्ड सावर सुप...तिमीलाई मन पर्छ नि ? अनि त्यस्तै कट्याक-कुटुक मगाएको छु ।

**प्रियंका :** अनि हट लेमन विद हनी मगाएनौ ?

आयुष्मान : मगाएको छु त । तिमीलाई सबैभन्दा मन पर्ने ड्रिंक्स नमगाई भयो त ।

**प्रियंका :** जाडोमा न्यायो बनाउने, फ्याट काटेर स्लिम राख्ने हट लेमन विद हनि तिमीलाई पनि त मन पर्छ नि ?

**आयुष्मान :** त्यसैले त मैले हामी दुबै जनालाई उपयुक्त हुने खानेकुरा अर्डर गरेको हो नि ।

**प्रियंका :** मेरो मनको कुरा बुझेकोमा धन्यवाद ।

**आयुष्मान :** ल ठीक छ । अनि आज बिहानदेखि केमा व्यस्त भयौ ? एकै पटक साँझ मात्र भेट भयो त ?

**प्रियंका :** आज त मैले के-के गरें-गरें । म्युजिक भिडियोदेखि फोटो सुटसम्म भ्याएँ । भोलि पनि एउटा म्युजिक भिडियोको सुटिङका लागि बिहानै फर्पिङ पुग्नु छ । अहिले त्यही भिडियोको ड्रेस हेरेर आएकी ।

**आयुष्मान :** अनि भोलि त हाम्रो बाहिर जाने डेट हो नि, बिर्सियौ ?

**प्रियंका :** कहाँ बिर्सनु ? कतिवटा काम पछि सारेर बल्ल-बल्ल चार-पाँच दिनलाई तिमी र म पहिलो पटक कम्बोडिया जान लागेको कुरा पनि बिर्सन्छु त ? एयरपोर्ट टाइम साँझको सात बजे हो । तिमी पुगिराख न, म सिधै एयरपोर्टमै आउँछु ।


**आयुष्मान :** तिमी एयरपोर्ट आउनै ढिला गर्लिऊ अनि म एक्लै कम्बोडिया पुगौंला नि ।

**प्रियंका :** त्यस्तो हुँदैन । मेरो सुटिङ ५ बजेसम्म सकिन्छ । म त्यहाँबाट सोझै एयरपोर्ट पुग्छु नि बाबा ।

**आयुष्मान :** ल ठीक छ । साँच्ची, हामी होलिडेका लागि कम्बोडिया नै किन जान लागेको रे ?

पृष्ठ ६ मा





# मेरो हात माग्न कहिले ....

पृष्ठ ५ बाट

**प्रियंका :** पहिलो कुरा त तिमी एक पटक पुगिसकेको ठाउँ । तिम्रो मुखबाट त्यहाँको प्राकृतिक सुन्दरताको वर्णन सुनेर म एक्साइडेट भएकी हुँ । अर्को कुरा हाम्रो प्रोफेसनले हामीलाई धेरै ठाउँमा लान्छ, तर त्यस्तो ठाउँसम्म कहिल्यै पुऱ्याउँदैन । कम्बोडिया, भियतनामजस्ता देशमा हामी छायांकन वा सांस्कृतिक कार्यक्रमका क्रममा पुग्ने सम्भावना निकै कम छ ।

**आयुष्मान :** त्यो त हो, काठमाडौंको चिसो छल्न पनि कतै जाने कि भन्ने कुरा पनि थियो नि ।

**प्रियंका :** हो नि...अहिले त्यहाँ हाम्रो समरको जस्तो मौसम छ । झन्डै ३० डिग्री छ अहिले त्यहाँको तापक्रम । काठमाडौंको चिसोबाट दुई-चार दिन गर्मी ठाउँमा पुग्न पाउने कुराले पनि म एक्सटाइटेड छु ।

**आयुष्मान :** हामीले रसियालाई पनि घुम्ने स्थानमा राखेका थियौं, तर त्यहाँको मौसम असाध्यै चिसो भएकाले कम्बोडिया नै जाने निर्णय गरेका हौं नि, होइन ?

**प्रियंका :** कम्बोडियामा चाहिं हामी के-के गर्दैछौं ? तिमी त पहिले पनि गैसकेको मान्छे ।

**आयुष्मान :** हुन त त्यहाँ घुम्नका लागि, गर्नका लागि धेरै कुरा छन्, तर हामीसँग चार-पाँच दिन मात्र समय छ, त्यसैले हामी त्यहाँका दुईवटा सुन्दर सहर घुम्नेछौं । म आफ्नो युट्युब च्यानलका लागि केही भिडियोग्राफी पनि गर्नेछु । त्यसका लागि क्यामेरा बोक्न बिर्सनेछैन । अँ...तिमी मेरा लागि क्यामेरा पर्सनचाहिं बनिदेऊ है प्लिज...

**प्रियंका :** येइ....म तिम्रो क्यामरा पर्सन...

**आयुष्मान :** हो नि... हामी जहाँ-जहाँ पुग्छौं, ती सबै ठाउँलाई भिज्युअलमा क्याप्चर गर्ने अनि राम्रो भिडियो बनाएर युट्युबमा राख्ने है ।

**प्रियंका :** तिम्रो युट्युब च्यानलमा दुईवटा सहरको दुई भिन्न भ्लग बनाएर अपलोड गर्नुपर्छ । साँच्ची तिमीलाई युट्यूबमा भ्लगको आइडियाचाहिं कसरी आयो ?

**आयुष्मान :** भ्लगिङ त मेरो पहिलेदेखिकै रुचिको विषय हो । मलाई सिनेम्याटोग्राफी असाध्यै मन पर्छ । मेरो सौख भनेकै भिडियो हेर्नु तथा खिच्नु हो । यसबाहेक मलाई बिहाइन्ड द क्यामेरा मात्र होइन, बिहाइन्ड द कम्प्युटर पनि काम गर्न मन लाग्छ । एडिटिङ, कलरिङ जस्ता विषयमा पनि रुचि छ । त्यही रुचि पूरा गर्न भ्लगिङ गर्न थालेको ।

**प्रियंका :** तिमीले कति राम्रो गर्छौ भन्ने मलाई थाहा छ । कुनै-कुनै भिडियो त असाध्यै लोभलाग्दा पनि छन् ।

**आयुष्मान :** वास्तवमा म आफू मात्र भएर सोच्दिन । दर्शकहरूलाई के मन पर्छ, कस्तो सिच्युएसन छ भन्ने कुरा पनि विचार गरेर प्रायः राम्रै भिडियो बनाउने प्रयास गर्दै आएको छु । भ्युअर्ससँग इन्टऱ्याक्सन पनि अर्को महत्वपूर्ण पक्ष हो ।

**प्रियंका :** ल तिमी सम्झ त, हाम्रो पहिलो भेट कहाँ र कसरी भएको थियो ?

**आयुष्मान :** मैले तिमीलाई रातो बंगला स्कुलमा पहिलो पटक भेटेको भन्दा तिमी विश्वास गर्दिनौ । तिमी एउटा कुनामा बसेर रोइरहेकी थियौ, मैले आएर नरुनु भनेर सम्झाएको थिएँ, रिमेम्बर.... ?

**प्रियंका :** अहँ, मलाई सम्झना छैन ।

**आयुष्मान :** स्कुलमा बास्केटबलको कोर्ट थियो नि, त्यहीं निर तिमी रोइरहेकी थियौ ।

**प्रियंका :** स्कुलमा तिमी मभन्दा जुनियर थियौ, सिनियरले जुनियरलाई कहाँ याद गरेर बस्छ र ?

**आयुष्मान :** मलाई त सबै याद छ ।

**प्रियंका :** म त्यो बेला क्लास टेनमा थिएँ होला, तिमी सम्भवतः क्लास फाइभमा थियौ । त्यो बेला बोल्न आएको अहिले याद हुन्छ त ? बरु भन, हामी अलि म्याचोर भएपछि कहिले भेट्यौं ?

आयुष्मान : त्यसपछिको भेटका बारेमा त मलाई खासै हेक्का छैन ।

**प्रियंका :** पहिलेदेखि चिनिरहेको भएर पनि होला, हामीले एक-अर्कासँग परिचय नै गर्नुपरेन । त्यसैले पहिलो भेट कहाँ भयो, खासै सम्झना छैन । यद्यपि एउटा फेसन शोपछि भने तिमीले मलाई एउटा पार्टीमा सहभागी हुने प्रस्ताव राखेका थियौं ।

**आयुष्मान :** हो, झन्डै एक वर्षअघि (मार्च ११, २०१७) कर्मा लाउञ्जमा भएको फेसन शोमा म शो-स्टपर थिएँ । तिमी ऱ्याम्पको ठीक सामुन्ने बसेकी थियौ । दर्शकका रूपमा तिमीलाई पाउँदा म हल्का नर्भस भएको थिएँ । फेसन शो सकिएपछि सबै जना क्लब डेजाभु जाने भन्न थाले । मैले नै तिमीलाई डेजाभु जाने त भनेर प्रस्ताव राखेको थिएँ । मैले सामान्य साथीका रूपमा पार्टीमा जान राखेको प्रस्ताव तिमिले स्वीकार गरेकी थियौ ।

**प्रियंका :** त्यो फेसन शो सकिएपछि म घर फर्कने मुड बनाउँदै थिएँ । तिमीले अचानक डेजाभु जाने प्रस्ताव राख्यौ । मैले त्यो ठाउँका बारेमा सुनेकी थिएँ, तर जान पाएकी थिइनँ, त्यसैले पनि थुप्रै साथीसँग जाँदा फरक पर्दैन भन्ने सोचेर म त्यहाँ जान तयार भएकी थिएँ ।

**आयुष्मान :** त्यसभन्दा अघि हामीबीच सामान्य चिनजान थियो । एसएमएसमा कुराकानी हुन्थ्यो । मनमनै मन पराउन पनि थालेका थियौं कि तर भन्ने हिम्मत हामी दुवै जनासँग थिएन । हामी स्न्याप च्याटमा आफ्ना हरेक गतिविधि एक-अर्कालाई पठाएर एक-अर्कालाई इम्प्रेस गर्न खोज्थ्यौं ।

**प्रियंका :** हो नि...त्यो बेला म्यासेजबाटै कुराकानी हुन्थ्यो । तिमीले मलाई त्यो फेसन शोको निम्ता पनि एसएमएसबाटै दिएका थियौ, तर म जाने कि नजाने भनेर दोधारमा थिएँ । एक जना बहिनी मलाई लिन घरमै आएपछि म उक्त शोमा पुगेकी थिएँ ।

**आयुष्मान :** तिमीलाई थाहा छ, हामीले अहिलेसम्म पनि एक-अर्कालाई आइ लभ यू भनेका छैनौं नि ?

**प्रियंका :** त्यही त हामीले एक-अर्कालाई प्रेमप्रस्ताव राख्नुअघि नै हामी प्रेममा बाँधिइसकेका रहेछौं ।

**आयुष्मान :** आफू प्रेममा परेको कुरा तिमीलाई कति बेला फिल भयो ?

**प्रियंका :** अघि मैले डेजाभुको कुरा गरेकी थिएँ नि, हो त्यही रात फिल भयो कि म तिमीलाई मन पराउन थालेकी छु ।

**आयुष्मान :** हो, हो...मलाई पनि त्यही रात नै फिल भयो, हामी एक-अर्कालाई साँच्चिकै मन पराउँदा रहेछौं, तर भन्ने हिम्मत पुगिरहेको थिएन ।

**प्रियंका :** हो नि, डेजाभु पुगेपछि हामी आ-आफ्नो तालमा नाच्न थाल्यौं । नाच्दा-नाच्दै एउटा मोडमा पुगेर तिमी र म मात्र पो नाच्न पुगेछौं । नाच्ने क्रममै अचानक मनमा एक प्रकारको भावना आयो । तिमीलाई पनि त्यस्तै भैरहेको थियो । तिमीलाई सम्झना छ, त्यो रात हामी बिहान पाँच बजेसम्म नाचेछौं । नाच्दै, गफ गर्दै रात बितेको पत्तै भएन । यद्यपि त्यसक्रममा पनि हामीले एक-अर्कालाई आई लभ यू भनेनौं । त्यो बेला हामी नाचिरहेको एउटा तस्बिर डेजाभुको फेसबुक पेजमा पोस्ट गरिएको रहेछ, मैले त्यो तस्बिर अहिले पनि सुरक्षित राखेकी छु । बिहान ५ बजे घर पुगेपछि के-के भयो, मैले त सोध्नै बिर्सिएछु ?

**आयुष्मान :** ओ हो...त्यो रात म कसरी बिर्सूं ? बिहान पाँच बजेपछि घर पुग्दा ममी उठिसक्नु भएको रहेछ । ममीलाई मेरो शो थियो, तिमी र मसँगै थियौं भन्ने कुरा थाहा थियो । मैले तिमीलाई अलि-अलि मन पराउन थालेको कुरा पनि ममीलाई थाहा थियो । उहाँले बेडरुमबाटै 'आयुष' भनेर बोलाउनुभयो र के भयो भनेर सोध्नुभयो । मैले अचानक 'लभ पऱ्यो' भन्दिएँछु । ममी मेरो कुरा सुनेर 'थाहा थियो, थाहा थियो, यहाँ आउ' भनेर कराउनु भयो । ममी म भन्दा बढी एक्साइडेट हुनुहुन्थ्यो, छोराको लभ परेको खबर सुन्न । उहाँ के-के भयो, के-के गऱ्यो, कसरी लभ परेको कुरा थाहा भयो भनेर खोजीनीति गर्न थाल्नुभयो ।

**प्रियंका :** डेजाभुको भेटघाटपछि हामी दुवैले एक-अर्कालाई मन पराउँछौं भन्ने थाहा भयो अनि तिमी र म आपसमा खुल्न पनि थाल्यौं ।

**आयुष्मान :** तर अर्को एक दिन तिमी उदास थियौ । तिमीलाई खुसी पार्न मैले एउटा कविता रचना गरें । 'खुसी हौ' शीर्षकको उक्त अंग्रेजी कविता रेकर्ड गरेर ह्वाट्सएपमा पठाएको थिएँ, तर तिमीले हेर्दै हेरिनौ । मैले ममीलाई पनि त्यो कविता सुनाएँ । स्योर लभ पर्छ अब भन्नु भयो ममीले । एकछिनपछि मेरो म्यासेज सिन भयो, तर तिमीले अडियो सुनेकै थिइनौ । मैले सुन्यौ भनेर फेरि म्यासेज पठाएको याद छ ?

**प्रियंका :** खै किन हो, त्यो दिन मेरो मुडअफ थियो । त्यसैले तिम्रो म्यासेज मैले धेरै पछि हेरें, कविता सुनें । आँखा भरी खुसीको आँसु आयो । अबचाहिं पक्कै लभ परेजस्तो लाग्यो ।

**आयुष्मान :** तिमीले जम्मा-जम्मी थ्याङ्क्यू मात्रै भन्यौ । मैले त्यत्रो मेहनत गरेर रचना गरेको कविता ।

**प्रियंका :** मेरा लागि कविता नै रचिदिने त ?

**आयुष्मान :** त्यसभन्दा पहिले मैले डिनरमा बोलाएका बेला तिमी मेरी ममीसँग आफ्नो दुःखका कुरा हाँसी-हाँसी बताइरहेकी थियौ । त्यतिबेला मैले तिमीले आफ्नो पीडा दबाएको महसुस गरेको थिएँ । त्यसैले पनि मैले उक्त कविता रचना गरेको थिएँ ।

**प्रियंका :** तैपनि हामीले एक-अर्कालाई मन पराएको कुरा कहिल्यै एक-अर्कालाई भनेनौं ?

**आयुष्मान :** एक-अर्कालाई आइ लभ यू नै नभनी लभ पर्ने जोडी हाम्रो मात्रै होला ।

**प्रियंका :** हो नि । हुन त हामीलाई चलचित्र कथा काठमाडौंको सुटिङले पनि अझ नजिक ल्यायो ।

**आयुष्मान :** अँ भन त, तिमी र ममध्ये कसले बढि माया गर्छ ?

**प्रियंका :** मलाई लाग्छ, मैले भन्दा तिमीले मलाई बढी माया गर्छौ ।

**आयुष्मान :** होइन, तिमीले मलाई बढी माया गर्छयौं । कहिले तिमीले बढी, कहिले मैले बढी हो कि ?

**प्रियंका :** माया भनेको गिफ्ट किनेर, उपहार दिएर बढ्ने होइन । कुनै बेला मलाई अप्ठ्यारो परेका बेला तिमीले मलाई साथ दियौ भने त्यो नै माया हो । त्यही मायाचाहिं मैले तिमीबाट पाइरहेकी छु । त्यसैले मैले तिमीलाई भन्दा तिमीले मलाई धेरै माया गर्छौ भनेको ।

**आयुष्मान :** त्यो त हो । सुखमा मात्र होइन दुःखमा पनि साथ दिन सक्नु नै असलमा माया हो ।

**प्रियंका :** म एकदमै खुसी हुँदा त्यो खुशी तिमीले पनि फिल गऱ्यौ भने त्यो पनि माया हो ।

**आयुष्मान :** माया भनेको सबै कुराको मिश्रण हो । माया भनेको एउटा प्रक्रिया पनि हो । त्यही प्रक्रियाले मायालाई जोगाइरहन्छ । किनभने हामी फरक-फरक मान्छे हौं, हाम्रो सोच फरक-फरक हुन्छ ।

**प्रियंका :** तिमी र मबीच कहिलेकाहीं खटपट पनि हुन्छ नि, थाहा छ होइन ?

**आयुष्मान :** त्यो त सधैं हुन्छ । त्यही खटपटले त हाम्रो माया पनि बढ्छ ।

**प्रियंका :** तिमीलाई याद छ, हाम्रो लामो विछोड कति दिनलाई भएको थियो ?

**आयुष्मान :** थाहा छ, झन्डै ५० दिन । तिमी अमेरिका गएका बेला हाम्रो झन्डै ५० दिन भेट भएन । लभ परेपछि त्यति धेरै दिन छुट्टिन गाह्रो हुँदो रहेछ प्रिय !

**प्रियंका :** हो है । मलाई पनि उता अमेरिकामा त्यस्तै भएको थियो । बेबी, अब हाम्रो सम्बन्ध कसरी अघि बढ्छ ?

**आयुष्मान :** अब यो पछि यो हुन्छ, त्यसपछि यसो हुन्छ त भन्नै सकिँदैन नि ।

**प्रियंका :** त्यसो भए भन न त मेरो हात माग्न कहिले आउँछौ ?

**आयुष्मान :** अब चाँडै आउँछु अंकल (तिम्रो बुवा) सँग तिम्रो हात माग्न ।

**प्रियंका :** मेरो बुवासँग मात्र मेरो हात मागेर हुँदैन, मेरो भाइसँग पनि माग्नुपर्छ । ऊ अहिले अमेरिकामा छ ।

**आयुष्मान :** कहिले आउँछन् त मेरा हुनेवाला साला ?

प्रियंका : अब आउने भदौमा आउँदैछ ।

**आयुष्मान :** त्यसो भए म भदौमै तिम्रो घरमा आएर बुवा र भाइसँग तिम्रो हात माग्छु नि त ।

**प्रियंका :** तर मलाई तुरुन्तै विवाह गरिहाल्न मन छैन ।

**आयुष्मान :** किन ?

**प्रियंका :** हैन...पहिले इन्गेजमेन्ट गर्ने अनि त्यसको एक वर्षपछि विवाह गरौंला नि हुन्न ?

**आयुष्मान :** होइन, इन्गेजमेन्ट र विवाहबीच धेरै ग्याप नगरौं कि ? दुई वर्षभित्रमा हामी वैवाहिक सम्बन्धमा बाँधिनैपर्छ ।


**प्रियंका :** ल ल..अब सात महिनापछि मेरो घरमा आएर मेरो हात माग, अनि त्यसपछि सल्लाहअनुसार अघि बढौंला ।

**आयुष्मान :** धन्यवाद । ल अब छुट्टिनुपर्छ । ए साँच्ची यो वर्ष हाम्रो पहिलो भ्यालेन्टाइन डे कसरी मनाउने ?

**प्रियंका :** त्यो दिन मेरो घर आऊ । जाडो अझै टरेको छैन... म मकै भुटेर राख्छु । आइसक्रिम, चकलेट आदि पनि ल्याउँछु । तिमी आएपछि दुवै जना सिरकमा गुटुमुटु भएर मकै, आइसक्रिम, चकलेट आदि खाँदै दिनभरि कुनै राम्रो रोमान्टिक फिल्म हेरौंला ।

**आयुष्मान :** आहा...कस्तो रमाइलो । भ्यालेन्टाइन डे आउन अब कति बाँकी छ ?

**प्रियंका :** अर्को हप्ता त हो नि !



# प्रेमका अनेक रंग

● ओशो

प्रेम र ध्यानमा खासै अन्तर छैन । प्रेमलाई ध्यानमा रूपान्तरित गर्न सकिन्छ र ध्यानलाई प्रेममा । स्वयंसँग प्रेमको गहिराइमा डुब्नु ध्यान हो भने अरूसँग ध्यानको गहिराइमा डुब्नु प्रेम हो । प्रेमका गहन क्षणहरूमा हाम्रो अहंकार विसर्जित भएको हुन्छ । भलै त्यो क्षणिक नै किन नहोस् ? दुई शरीर एक आत्माझैं भएको अवस्था हुन्छ प्रेममा । यो सुन्दर क्षणलाई ध्यानको गहिराइमा प्रवेश गर्न उपयोग गर्न सकिन्छ । यो कुरा पहिले कहिल्यै कसैबाट भनिएन ।

प्रेमलाई सधैं सामाजिक नियमको नाममा, धर्मको नाममा प्रताडित गरिँदै आयो । प्रेम र अध्यात्म परस्पर विरोधी हुन् भन्दै आइयो । त्यसैले समाज न पूर्ण रूपमा धार्मिक हुन सक्यो न त प्रेमी हुन नै । सही अर्थमा प्रेम गर्न जान्ने हो भने कुनै पूजा, प्रार्थना आवश्यक छैन इश्वरसम्म पुग्नलाई । यद्यपि हामी यहाँ अनेकन् स्वार्थ एवं वासना तृप्तिलाई प्रेमको नाम दिइरहेका हुन्छौं । त्यसैले प्रेम पीडादायी छ जस्तो प्रतीत हुन्छ । ब्रम्हाचार्य भन्दा बढी आध्यात्मिक त प्रेम हो । प्रेमले मानिसलाई ध्यानले झैं शान्त र आनन्दित बनाउँछ । प्रेमीहरूको मुस्कानमा बुद्ध पुरुषहरूकै झैं ताजापन पाइन्छ । ध्यानले दिने सबै कुरा सबै प्रेमले पनि दिन सक्छ । त्यसैले प्रेम ध्यानमा प्रवेश गर्ने आधारभूत उपाय हो । सबैले प्रेमलाई नै ध्यानमा बदल्ने कला जानेको खण्डमा पण्डित-पुजारीहरूको धन्दा चौपट हुने भएकाले उनीहरूले प्रेमको वर्जना गरेका हुन् ।

यस्ता पण्डित-पुजारीहरू मानवतालाई चुस्ने जुकासरह हुन् । पौडी खेल्न सिक्दा एक-एक कदम, एक-एक दिन गर्दै सिकारु बिस्तारै अथाह गहिराइमा पौडन सक्ने हुन्छ । पौडी सिकाउने ठाउँमा दुइवटा पोखरी हुन्छन् । जान्दै नजान्नेहरूका लागी घाँटीसम्म मात्र पानी आउने एउटा सानो पोखरी हुन्छ । बिस्तारै साहस बढ्दै जान्छ । कुशलता विकसित हुँदै जान्छ अनि बल्ल दोस्रो पोखरीमा प्रवेश दिइन्छ, जुन गहिरो हुन्छ । अब गहिराइको कुनै डर हुँदैन । डुब्नुको कुनै भय रहँदैन । अब पानी चाहे जतिसुकै गहिरो किन नहोस् ? डुबिँदैन । प्रेम र ध्यान बीचको फरक पनि यति मात्र हो । प्रेम गहिराइमा डुब्ने प्रशिक्षण हो भने ध्यान गहिराइमा निर्भय भएर गोता लगाउनु हो । हाम्रो समाजले गहिराइको प्रसंसा र त्यसमा जाने पूर्वतयारीको चाहिं विरोध गर्दै आएको छ ।

जसले जीवनमा प्रेमले दिने शान्ति र आनन्दको किञ्चित अनुभव गरेको छैन, उसलाई ध्यानमा प्रवेश गर्न कदापि सहज हुँदैन । प्रेमको गहिराइमा डुबेको क्षण समयको अनुभव हुँदैन । यस्तो लाग्छ, मानौं समय छँदै छैन, अथवा छ भने पनि रोकिएको छ । एक क्षण प्रेमको अनन्तता बराबर लाग्छ । दुई फरक व्यक्ति हुनुको अनुभव पनि केही बेरलाई मेटिन्छ । ध्यानमा हुने अद्वैत बोधको अनुभव पनि त यही नै हो ।

जसले जीवनमा प्रेमले दिने शान्ति र आनन्दको किञ्चित अनुभव गरेको छैन, उसलाई ध्यानमा प्रवेश गर्न कदापि सहज हुँदैन । प्रेमको गहिराइमा डुबेको क्षण समयको अनुभव हुँदैन । यस्तो लाग्छ, मानौं समय छँदै छैन, अथवा छ भने पनि रोकिएको छ । एक क्षण प्रेमको अनन्तता बराबर लाग्छ । दुई फरक व्यक्ति हुनुको अनुभव पनि केही बेरलाई मेटिन्छ । ध्यानमा हुने अद्वैत बोधको अनुभव पनि त यही नै हो ।

फरक यत्ति हो, प्रेमका लागी अर्को व्यक्ति को आवश्यकता पर्छ । प्रेम हाम्रो नियन्त्रणभन्दा बाहिर हुन्छ । प्रेमको गहनतम पल क्षणभंगुर हुन्छ । प्रेमीहरूको पीडा पनि यही नै हो । ध्यानमा भने यही समयरहित, मनरहित अवस्थाको अझ गहनतम बोध हुन्छ र त्यो पनि बिना अरू कसैको आवश्यकता । ध्यानको कला जानेकाहरूलाई समय ठप्प भएको, मन ठप्प भएको अनुभव गर्न अरु कसैको आवश्यकता पर्दैन । प्रेममा जे जस्तो आनन्द अनुभव हुन्छ, ध्यानमा त्यही अनुभवको अझ सघन रुप बोध हुने हो ।

समाज र धर्मका ठेकेदारहरूले हाम्रा विरुद्ध एउटा ठुलो षड्यन्त्र गर्दै आएका छन् । भन्नलाई त उनीहरू शान्ति र आनन्द नै जीवनको अभीष्ट हुनुपर्छ भन्छन्, तर जे-जति कुराले जीवनमा शान्ति र आनन्द दिन्छ ती सबै कुरालाई यिनीहरूले वर्जित गरेका छन् । मानिस स्वतः शान्त र आनन्दित भएको खण्डमा आफ्नो व्यापार चौपट हुने भएकाले उनीहरूले त्यस्तो गरेका हुन् अन्यथा प्रेमको वर्जना गर्नुपर्ने अरु कुनै कारण छैन । आनन्द हाम्रो स्वाभाव हो । हामी हाम्रो केन्द्रमा सधैं आनन्दित नै छौं ।

विभिन्न कारणले उक्त केन्द्रबाट विमुख भएकाले हामी विक्षिप्त र क्रोधित भएका हौं, बेचैन भएका हौं । कुनै जनावरले पण्डित पुजारीहरूले भनेझैं ब्रह्मचर्यको पालना गरेका छैनन् । उनीहरू त सधैं आनन्दमै छन् । कुनै जनावर कहिल्यै मानसिक रूपमा बेचैन र विक्षिप्त भएको देखिएको छैन । हामीलाई किन अनावश्यक वर्जना ? हामीलाई सही-गलत अनि पाप-धर्मको डर देखाइएको छ ? किन शान्ति प्राप्त गर्न घर परिवार त्याग्नु पर्छ, प्रेम, सम्भोगजस्ता प्राकृतिक र नैसर्गिक वस्तुमाथि दमन गर्नुपर्छ भनिएको छ ? कुरा स्पष्ट छ, जो-सुकैले हामीलाई धर्मको नाममा यस्ता अप्राकृतिक नियम दिए, उनीहरू हामीलाई विक्षिप्त र मानसिक रूपमा रुग्ण बनाएर हामीमाथि नियन्त्रण गर्न चाहन्थे ।

आफूभित्रको शान्ति र आनन्दको बोध गरेको मानिसमा यौनजन्य विकृति हुँदै हुँदैन । उनीहरूको यौनजन्य गतिविधीमा पनि एउटा निश्चलता हुन्छ । बरु धर्म र नैतिकताको नाममा आफ्नो प्रकृतिलाई दमन गरेकाहरू भित्रभित्रै अनेकन् यौनजन्य विकार पालेर बसेका हुन्छन् । मानिस केवल शरीर भैदिएको भए वा केवल मन भैदिएको भए उसका यत्ति धेरै समस्या हुने थिएनन्, जति अहिले छन् । प्याजका अनेक पत्र भएजस्तै मानिसका अनेक पत्र छन्, आयाम छन् । यी सबै आयामका आ-आफ्नै किसिमका चाहना र वासना छन् अनि ती वासनाहरू एक-अर्कासँग नमिल्ने विरोधाभाषी किसिमका छन् । शरीर थोरै पाएर पनि सन्तुष्ट छ । शरीरका माग धेरै छैनन् । मन भने जती पाएर पनि सन्तुष्ट छैन । मनका माग अनन्त छन् । मनका वासना दुस्पुर छन्, पूरा गर्न नसकिने । आत्माको भने कुनै चाह छैन, कुनै वासना छैन ।

जीवनका यी भिन्न-भिन्न आयामहरूसँगै प्रेमको परिभाषा पनि भिन्न हुँदै जान्छ । ओशो भन्छन्- शारीरिक प्रेममा गहिराइको अनुभव केही सेकेन्ड मात्र हुन्छ । सम्भोगको चरमसुखसँगै त्यो क्षणभंगुर आनन्दको अनुभव गरेर फेरी तल ओर्लनु पर्दाको पिडा पनि सँगै आउँछ । त्यसैले काम वासनालाई नै प्रेम मान्नेहरू कहिल्यै सन्तुष्ट हुँदैनन् । मनको त झन् कुरै नगरौं । यो केही पाएर कहिल्यै सन्तुष्ट हुनेवाला छैन । आत्माले गरिने प्रेममा मात्र परम आनन्दको सम्भावना छ र त्यो पनि स्थाई । दुःखको कुरा, जीवनमा जे अत्यावश्यक छन् ती सबैको पढाइ कुनै विश्वविद्यालय वा पाठशालामा हुँदैन । प्रेम, आनन्द तथा शान्ति अध्यापन गराउने कुनै पाठशाला छैन । हामीले यी सिकिरहनुपर्ने चिज हुन् जस्तो पनि मानेका छैनौं । प्रेम के हो ? जीवन के हो ? आनन्द के हो ? हामीलाई लाग्छ, हामीलाई यी सबैको उत्तर थाहा छ । कतैबाट, कसैबाट सुनेका उत्तरहरूलाई नै हामीले हाम्रो उत्तर बनाएका छौं ।

हामीलाई यी सबैको उत्तर थाहा हुँदो हो त जीवनमा प्रेमको, आनन्दको कुनै अभाव हुने थिएन । हामीले कुनै वस्तु वा व्यक्तीलाई आफ्नो बनाउनु नै प्रेम हो भन्ने बुझेका छौं । कोही केवल आफ्नो होस् भन्ने चाहना प्रेम होइन भन्छन् ओशो । उनका अनुसार कुनै व्यक्तिमाथि आफ्नो स्वामित्वको दाबी गर्नु व्यक्तिको अस्तित्वको र प्रेमको हत्या गर्नु हो । जीवनमा जे जति कुरा सुन्दर छन्, तिनलाई कैद गर्न सकिँदैन । बन्द मुठ्ठीमा चाहे प्रेम होस् वा खुसी वा आनन्द, कैद गरेर राख्न सकिँदैन । यी कुरा प्राप्त गर्न हाम्रो मुठ्ठी र हृदय दुवै खुला हुनुपर्छ । प्रेम बाँडेर बढ्छ । कुनै एक व्यक्तिमा मात्र सीमित गर्नाले प्रेम घट्दै जान्छ र एक दिन समाप्त पनि हुन्छ । हाम्रो जीवनमा भएको यही हो ।

शताब्दियौंदेखि हामीले आँखा चिम्लेर प्रेमलाई गलत रूपमा बुझ्दै आयौं । ईर्ष्या, तनाव, हकदावी जस्ता कुरा प्रेमकै पाटा हुन् भन्ने स्वीकार गर्यौं । त्यसैले इश्वरको झलक देखाउन सक्ने सम्भावना बोकेको प्रेम केवल क्षणिक सुख र अनेक दुःख दिने साधन बन्न पुग्यो ।

ओशो भन्छन्- समाजमा विवाहको प्रादुर्भाव भएसँगै प्रेम विकृत हुन थालेको हो । त्यसभन्दा अघिसम्मको मानवीय प्रेम प्राकृतीक थियो र त्यही कारणले जीवन आनन्दपूर्ण थियो । विवाहले व्यक्तिमाथिको हकदाबी लिएर आयो र त्यससँगै ईर्ष्या, शंका उपशंकाजस्ता विकारहरू पनि आए । अन्यथा जनावरको संसार हेर्ने हो भने त्यहाँ कुनै प्रेम जन्य विकार वा समस्या भएको पाइँदैन । यदाकदा प्रेमका निम्ति उनीहरूले युद्ध गरिहाले भने पनि त्यो युद्ध मानिसले प्रेमको नाममा भोग्नु परेको कष्ट र पीडाभन्दा धेरै गुणा प्राकृतिक हुन्छ ।

विवाह अप्राकृतिक हो । प्रेम प्राकृतिक हो । प्रकृतिले प्रेमलाई महसुस गर्ने संवेदना हामीलाई प्राकृतीक रूपमै दिएको छ । विवाहका लागि भने हाम्रो मनमा त्यस्तो कुनै प्राकृतिक व्यवस्था छैन । जुन दिन प्रेमको स्थायित्वको चाहना गर्दै त्यसको सामाजिकीकरण गरियो र विवाहको आविष्कार भयो, त्यसपछि मानिसको जीवनबाट प्रेमका सम्भावना पनि नष्ट गरियो । स्वतन्त्रता प्रेमको एक मात्र सर्त हुनुपर्छ, जसले हामीलाई बन्धन दिन्छ, त्यस्तो सम्बन्ध प्रेम हुँदै होइन । ओशोका अनुसार सही र गलतको, पाप र पुण्यको केवल एक मात्र मानक छ र त्यो हो स्वतन्त्रताको आभाष । यस्तो प्रेम गर्न जानियो जसमा आफू र आफ्नो प्रेमी दुबैलाई कुनै बन्धन महसुस हुँदैन भने यति नै पर्याप्त हुन्छ ।

**(ओशो एक असाधारण जीवन पुस्तकबाट अनुपम पोखरेलले गरेको अनुवाद ।)**

# साहित्यमा किन प्रेम बढी लेखिन्छ ?



नरेन्द्र रौले

संसारमा कैयौं यस्ता पुस्तक छन्, जो प्रेमकै कारण प्रख्यात भएका छन्। चाहे लियो टोल्स्टायको 'अन्ना करेनिना' होस् वा ग्याब्रियल गार्सिया मार्केजको 'लभ इन् द टाइम अफ कोलेरा'। निकोलस स्पार्कसको द नोट बुक होस् वा निकोल क्रौसको 'द हिस्ट्री अफ लभ'। प्रेमकथामा केन्द्रित यी पुस्तक संसारका असंख्य पाठकको मनमा बसेका छन्।

नेपालकै सन्दर्भमा कुरा गरौं। युवा पुस्ता माझ अत्यन्तै चर्चा कमाएको उपन्यास हो– सुबिन भट्टराईको 'समर लभ'। उपन्यासका मुख्य दुई पात्र अतित र सायाको प्रेम कथामा आधारित 'समर लभ' ले नेपाली पाठकहरूको संख्या ह्वात्तै बढायो। कथा सामान्य भए पनि सरल र मन छुने उपन्यासको भाषा एवं लेखनशैलीले धेरैलाई तान्यो। पाठकहरूकै चाहना एवं आग्रहमा यसको दोस्रो भाग 'साया' पनि बजारमा आयो। यो पुस्तकका प्रकाशक फाइन प्रिन्टका अजित बरालका अनुसार दुवै पुस्तक झण्डै ५० हजार भन्दा बढी बिक्री भैसकेका छन्।

यदि प्रेमकथामा आधारित नभएका भए यी दुई पुस्तक यति धेरै बिक्थे ? ठूलो मात्रामा पाठक कमाउन सक्थे ? लेखक सुबिन भट्टराईसँग यसको प्रस्ट जवाफ छ। उनी भन्छन्, 'संसारमा सबैभन्दा धेरै प्रेम गरिन्छ, सबैभन्दा धेरै प्रेम लेखिन्छ र हरेक मानिससँग प्रेमको भावना हुन्छ।' प्रेम कथा लेख्दा आफूलाई बढी सन्तुष्टि मिल्ने भट्टराई बताउँछन्। 'प्रेम सजिलो बाटो हो। मन छुने गरी लेखेपछि पाठक तान्न सकिन्छ।' भट्टराई भन्छन्, 'प्रेम लेख्नेहरूको बाढी नै छ, तर खै पाठक तान्न सकेको ?'

वास्तविक जीवनमा प्रेम बढी गरिने भएकाले संसारभर प्रेमका कथा लेखिन्छ। प्रेमकै बारेमा चलचित्र बन्छन् र प्रेमकै गीतहरू गाइन्छ। समाजमा जे-जे कुरा विद्यमान छन्, लेखकहरूले टपक्क टिपेर तिनै विषयलाई आफ्नो लेखनको विषय बनाउँछन्।

लेखक बुद्धिसागरका अनुसार प्रेम युवा र युवतीबीच मात्र होइन, धेरै कुरासँग जोडिन्छ। जति पैसा कमाए पनि प्रेम नै खोजिन्छ। यसबाट कोही अछुतो रहन सक्दैनन्। 'प्रेम भनेको शक्ति हो। उमेरको विभिन्न चरणमा फरक-फरक खालका प्रेम हुन्छ। स्वादहरू पनि फेरिदै जान्छन्।' बुद्धिसागर भन्छन्, 'संसारका महान कृतिहरू प्रेमकै वरिपरि घुमेका छन्। कोही प्रेमबाट भाग्न सक्दैन। जन्मदेखि मृत्युसम्म प्रेम हुन्छ।' लभ इन् द टाइम अफ कोलेरा उनलाई मन परेको कृति हो। दार्शनिक तहको प्रेम कथा समेटिएको उक्त पुस्तकको मुख्य मेरुदण्ड नै प्रेम हो। स्वयं बुद्धिसागरको उपन्यास 'फिरफिरे' मा अबोध खालको प्रेम कथा छ। 'कर्णाली ब्लुज' मा बाबु र छोराको प्रेम कथा समेटिएको छ। प्रेमले मानिसलाई आपसमा बाँध्ने काम गरेकाले साहित्यमा यसको प्रयोग बढी हुने साहित्यकार अमर न्यौपाने बताउँछन्। 'धर्तीलाई हरियाली र पानी आवश्यक भए जस्तै लेखनमा पनि प्रेम आवश्यक हुन्छ।' न्यौपाने भन्छन्, 'प्रेम शाश्वत कुरा भएकाले संसारका जो कोही मानिसले पनि यसको अनुभव गर्न सक्छन्।' जीवनको सृष्टि नै प्रेमबाट हुने भएकाले साहित्यमा यो प्रमुखताका साथ आउनु स्वभाविक भएको तर्क गर्छन् उपन्यासकार नयनराज पाण्डे। 'म पनि प्रेम लेख्न रुचाउँछु,' पाण्डे भन्छन्, 'तर म प्रेमका नाममा रतिरागलाई महत्व दिन्नँ।'

संयोगान्तको तुलनामा प्रेमका वियोगान्त कथाहरू चर्चित छन्। वियोगान्त कृतिहरू बढी रुचाइएका पनि छन्। सुबिनकै कुरा गर्दा सुखद अन्त्य भएको 'साया' भन्दा वियोगान्त कथा समेटिएको 'समर लभ' रुचाउनेहरूको संख्या कैयौं गुणा बढी छ। सुबिनको नजरमा रोमान्स, खुसी एवं सन्तुष्टि प्रेमको एउटा पाटो हो। निस्सारता, पीडा तथा विछोड प्रेमको अर्को पाटो। बियोग पनि प्रेमकै पाटो भएकाले यसलाई अर्को रूपमा नहेर्न उनको आग्रह छ।



## प्रेम नभएको जीवन मरुभूमिजस्तै

**अमर न्यौपाने, साहित्यकार**

प्रेम पानीजस्तै हुन्छ। यसको तिर्खा मानिसलाई मात्र होइन, मानिसले लेख्ने कथा तथा उपन्यासलाई पनि लाग्छ। प्रेम एउटा बन्धन पनि हो। बन्धनले बाँध्ने काम गर्छ। प्रेमले पनि मानिसलाई बाँध्ने काम गर्छ। जसरी जराले जमिनलाई र जराले जमिनलाई बाँधेको हुन्छ। नदिलाई पनि दुई किनारले बाँधेका हुन्छन्। एउटा घर बनाउन पनि इँटा वा ढुंगाहरूलाई सिमेन्टले जोड्दै जानुपर्छ। त्यहाँ झ्याल, ढोका र छानाहरू पनि जोड्नुपर्छ। त्यसैले प्रेम सुरक्षा पनि हो। त्यस्तै प्रेम नभएको भए जीवन फूल नफुल्ने बगैंचा जस्तै हुन्थ्यो। फूल नफुल्ने हो भने फल पनि कहाँ लाग्थ्यो र ? प्रेम नभएको भए जीवन पानी नभएको मरुभूमिजस्तै हुन्थ्यो। प्रेमले कठोर मानिसलाई कोमल बनाउँछ र कोमल मानिसलाई कारुणिक बनाउँछ।

प्रायः धेरै पुस्तकमा प्रेमको प्रसंग आइ नै हाल्छ। मैले लैनसिंह बाङ्देलले अनुवाद गर्नु भएको पुस्तक 'स्याउको रुख' पढेको थिएँ। जसमा दुखान्त प्रेम कथा छ। गाउँकी एउटी निर्दोष, अबोध युवती एउटा सहरिया युवकसँग कसरी प्रेममा पर्छे ? भन्ने कथा समेटिएको छ त्यसमा।

डायमण्डशमशेरले लेख्नुभएको 'बसन्ती' उपन्यासमा गगनसिंह र वसन्तीको प्रेम पनि गजबको छ। रानीले गगनसिंहलाई गर्ने प्रेम र गगनसिंहले वसन्तीलाई गर्ने प्रेम पनि गजबकै छ। यो पनि दुःखान्त प्रेम कथा हो। प्रेम यति शक्तिशाली छ कि यदि त्यहाँ प्रेमको खेल नभएको भए राजनीतिले अर्कै मोड लिने थियो। राजनीतिका ठूलाठूला मोड र घुम्तीहरू प्रेमले तय गरेका छन्। हुन त यो राजनीतिक उपन्यास हो। ठूलाठूला राजनीतिक दुर्घटना पनि प्रेमका कारण नै भएका छन्।

प्रेमकै बारेमा कुरा गर्दा मलाई मन पर्ने प्रेमकथा पुराणमा उल्लेख प्रेमकथाहरू हुन्। महादेवले सतीदेवीलाई गरेको प्रेमजस्तो उत्कर्ष र पागलप्रेम मैले कतै पढेको छैन। मरेकी सतीदेवीको लास बोकेर उनी संसार घुम्छन्। सयौं वर्षसम्म उनी संसार डुल्छन्, त्यो पनि पागलजस्तो भएर। सतीदेवीको शरीरका अंगहरू कुहिँदै झर्न थाल्छन्। उनलाई त्यो लास न गन्हाउँछ, न फोहोर लाग्छ। यसरी कुहिएर झर्दा पनि महादेव लासलाई बोकेर कुदिरहन्छन्। यो जस्तो प्रेमको पागलपन अरु के हुन सक्छ ? उनको शरीरबाट सतीदेवीको लास कुहिएर पूरै झरिसक्दा पनि उनी अझै सतीदेवी-सतीदेवी भनिरहेका हुन्छन्। प्रेमको यति ठूलो पागलपन कतै पढिएको छैन। न त कतै लेखिएको नै छ। म पुराणलाई साहित्यका रूपमा पढ्छु। ती पात्रहरूको आवरणबाट भगवान हटाएर पढ्दा हाम्रा १८ पुराण संसारकै सबैभन्दा महान आख्यान हुन् जस्तो लाग्छ। त्यसमा पनि महाभारत त सर्वोत्कृष्ट नै भैहाल्यो।

मैले लेखेको 'सेतो धरती' मा प्रेम नै प्रेम छ। ताराले गोविन्दलाई प्राप्त नगरे पनि, प्राप्त गर्ने आशा नराखे पनि जीवनको अन्तिम घडीसम्म मनको मान्छेका रूपमा प्रेम गरिरहन्छिन्। उनलाई लाग्छ, मनको मान्छे त आफूभन्दा अगाडि पनि मर्दैन। आफूभन्दा पछाडि पनि मर्दैन। आफूसँगै मर्छ। त्यसैले मनको मान्छेसँग कहिल्यै विछोड हुँदैन। मनको मान्छे रिसाउँदा पनि रिसाउँदैन। गाली पनि गर्दैन। आफ्नो इच्छा अनुसार हुन्छ। ठूलो प्राप्तिको आशा पनि राख्दैन। त्यो मनको मान्छे छायाँजस्तै हुन्छ। जहाँ जाँदा पनि आफूलाई साथ दिइरहन्छ। त्यस्तो किसिमको अनौठो प्रेम कथा छ 'सेतो धरती' मा।

त्यस्तै मेरो अर्को पुस्तक 'पानीको घाम' को कुरा गर्दा चुकुल र ईश्वरसँग मुद्दा शृंखला कथा हुन्। यो कथाका पात्र बुधरामले आफ्नी श्रीमतीलाई यति प्रेम गर्छ कि उसले इश्वरसँग मुद्दा पर्‍यो भन्छ। इश्वरले मलाइ बिछोड गराउनु थियो भने यति गहिरो प्रेम किन गराए ? इश्वरसँग मेरो मुद्दा परेको छ र मैले इश्वरको अदालतबाट न्याय पाउनैपर्छ भनेर २२/२३ वर्षमा बिदुर भएको बुधराम जिन्दगीभर आफ्नी पत्नीलाई सम्झेर बाँचिरहन्छ अनि ईश्वरको अदालतबाट न्यायको आशा गरिरहन्छ। यो प्रेम कथा म आफैलाई पनि असाध्यै मनपर्छ। यो नेपालगन्जमा घटेको सत्य कथा हो।

## प्रेम व्यक्ति र समाजबीचको सम्बन्धको आधार हो


नयनराज पाण्डे
उपन्यासकार

मानव जीवनसित सरोकार राख्ने सबै कुरा साहित्यका विषय हुन्। त्यसैले साहित्यमा राजनीति, अर्थशास्त्र, समाजशास्त्र, ज्ञानविज्ञानका अनेक उपलब्धि लगायत युद्ध, महामारी र अन्य बिभिषिकासँगै तिनले समाजमा पार्ने सकारात्मक एवं नकारात्मक प्रभावहरू पनि विभिन्न विषय, घटना, बिम्ब, प्रतीक तथा चरित्रहरूका माध्यमबाट अभिव्यक्त हुन्छन्। प्रेम पनि यी सबै कुराबाट प्रभावित भैरहने कुरा हो। त्यसैले प्रेम समाजको अभिन्न अंग पनि हो। म प्रेमसित जोडिएर आउने समाजका अनेक आयाम र रंगहरूलाई लेख्न रुचाउँछु। प्रेम केवल महिला र पुरुषबीच हुने रतिरागात्मक कुरा मात्र होइन। यो व्यक्ति र समाजबीचको सम्बन्धको आधार पनि हो। त्यसैले प्रेममा तत्कालीन समाजको मनोदशा प्रकट हुन्छ। राजनीति, गरिबी, समृद्धि एवं विकासको प्रक्रियासँगै प्रेमका अनेक पाटाहरू उद्घाटित हुन्छन्। त्यसैले प्रेमले साहित्यमा जहिले पनि सम्मानपूर्ण स्थान ग्रहण गरेको हुन्छ। जब-जब राजनीतिले आफ्नो विकृत चरित्र देखाउँछ। जब-जब समाजमा हिंसा र असहिष्णुता बढ्छ, त्यतिबेला सबैभन्दा संकटमा पर्ने कुरा प्रेम नै हो।

कविता

## प्रेमको इजलासमा प्रतिवादीको बयान


सोझो गाउँले



श्रीमान् !
सपना देख्न पनि
कसैको अनुमति लिनुपर्छ र ?
कसैलाई प्रेम गर्नु कानुनविपरीत छ र ?

उसले मलाई जो आरोप लगाई
त्यो शतप्रतिशत सत्य हो श्रीमान् !

उसका पैतलाका डोबहरू सुँघेर
बाटोहरू पछ्याएकै हुँ
उसको जीवनको लय टिपेर
मुटुको गीतमा मिसाएकै हुँ
फेसबुकबाट उसको फोटो झिकेर
पूजाकोठामा सजाएकै हुँ।

या त तिमी मायाको मन्जुरीनामा गरिदेऊ
नत्र म मृत्युपत्रमा हस्ताक्षर गरिदिन्छु
पनि भनेकै हुँ
प्रेममा बलिदान दिन पाइदैन र श्रीमान्... ?

उसका आँखाहरूको भयानक आतङ्कबाट
आफ्नो आत्मा जोगाउन सकिनँ त
मैले के अपराध गरेँ ?
उसको मुस्कानको साङ्घातिक हमलाबाट
आफ्नो मनलाई बचाउन सकिनँ त
मैले के गल्ती गरेँ ?
एउटी छापामार परीलाई
हृदयकी देवी बनाएर
मैले के बिराएँ श्रीमान् ?

अन्याय त ममाथि भएको छ श्रीमान् !
दिनभरि बेचैनीको विस्फोट गराएर
मेरो होस-हवास उडाएकी छे उसले
रातभरि यादहरूको बमबारी गराएर
पूरै निद्रा ध्वस्त पारेकी छे उसले
मन अपहरण गरेर लाने पनि उही हो
छातीभित्र आगो दन्काएर जाने पनि उही हो।

यो सम्मानित अदालतको कठघरामा उभिएर
जीवनको पहिलो र अन्तिम
प्रेमको बयान दिएको छु
अब फैसला सुनाइयोस् श्रीमान् !

यदि म निर्दोष ठहरिएछु भने
एकतर्फी प्रेमलाई पनि वैधानिकता दिइयोस्
होइन, प्रेम गरेर अपराधै गरेको छु भने
मृत्युदण्ड दिइयोस्...
तर, जेल नपठाइयोस् श्रीमान् !
मन्दविष दिएर कसैलाई
तड्पाई-तड्पाई मार्नु
मानवअधिकारको घोर उल्लङ्घन हो।

व[illegible]ल एक प्रश्न

# हिजोआजको प्रेममा किन बढी ब्रेकअप हुन्छ ?



बाहिरी आवरण हेरेर प्रेम गर्न खोज्छन् । यद्यपि त्यो प्रेम होइन, आकर्षक मात्र हो । सम्भवतः आकर्षण र प्रेमबीचको फरक छुट्याउन नसकेरै होला, ब्रेकअप धेरै भएको ।

**शिल्पा पोखरेल, अभिनेत्री**

समझदारी तथा वफादारीको अभावमा यस्तो हुन्छ ।

**कबिर खड्का, अभिनेता**

हिजोआजका युवा-युवतीको मन अस्थिर भएकाले ।

**अमर तण्डुकार, गायक**

सबैभन्दा ठूलो कुरा मन नै हो । मनलाई धनमा दाँजेपछि यस्तो हुनु स्वाभाविक हो । आधुनिक युगको चाहना पूरा नहुँदा पनि यस्तो हुन सक्छ । सबैमा लागू नहोला, तर यो स्वभाविक नै हो ।

**शिखर सन्तोष, संगीतकार**

देखावटी माया धेरै भएर हो कि अहिले प्रपोज गर्न समय नै लाग्दैन । म्यासेजको एक क्लिकमा प्रपोज हुन्छ । त्यसैले रिजेक्ट नै गरियो भने पनि त्यसलाई सामान्य रूपमै लिइन्छ । त्यसैले सम्बन्ध जति सजिलैसँग जोडिन्छ, त्यति नै चाँडै तोडिन्छ पनि ।

**हिमाल श्रेष्ठ, गायक**

मेरो विचारमा एक-अर्काको मनलाई भन्दा पनि लेभल तथा स्टाटस हेरेर प्रेम गर्नेहरू धेरै छन्, त्यसरी गरिएको प्रेम धेरै समय नटिक्ने भएकाले बढी ब्रेकअप हुन्छ ।

**सारिका घिमिरे, अभिनेत्री**

माया प्रेमभन्दा बनावटी र देखावटी बढी भयो । एक-अर्कामा विश्वास नै भएन, फेसबुकको प्रोफाइलजस्तो भयो आजभोलिको माया-प्रेम । त्यसैले माया-प्रेममा ब्रेकअप बढी भएको हो ।

**रुपा विष्ट, गायिका**

धेरै जना समय आउनुभन्दा अगाडि, प्रेम भनेको के हो भन्ने बुझ्नुभन्दा अघि नै, टेलिभिजन-इन्टरनेट तथा साथी-संगातीको लहै-लहैमा लागेर प्रेममा हाम्फाल्छन्, त्यो पनि केही नसोची । जब वास्तविकता थाहा हुन्छ, त्यतिबेलासम्म धेरै ढिला भैसकेको हुन्छ । त्यही बिन्दुमा पुगेर ब्रेकअप हुन्छ । यति मात्र नभएर हिजोआज जो पनि, केही पनि सोच्दै-नसोची अघि बढ्ने, हिंड्ने अनि हरेक व्यक्ति हतारमा हुने भएकाले सम्बन्धमा असमझदारी बढ्दो छ । हरेक कुराको समय आउँछ, हतारिनु हुँदैन भन्ने कुरा बुझ्न सके ब्रेकअपको दर घट्न सक्छ ।

**निर्णय श्रेष्ठ, गायक**

अहिलेका युवा-युवतीहरू आफ्नो स्वतन्त्रताका बारेमा सचेत छन् । उनीहरू आफ्नो करियरलाई पनि उत्तिकै प्राथमिकता दिन्छन्, जति प्रेमलाई दिन्छन् । यदि कसैसँगको प्रेमका कारण करियरमा बाधा हुने भयो भने धेरैले करियरलाई रोजेको पाइन्छ । प्रेमी-प्रेमिकाको सोच र लक्ष्यमा देखा पर्ने भिन्नताका कारण पनि सम्बन्धलाई लामो समयसम्म सँगै लान गाह्रो हुन्छ । अर्को कुरा, कतिपयको प्रेम एक-अर्कालाई नबुझीकनै हुन्छ, तर जब बुझ्दै जान्छन् सही नलाग्न सक्छ । त्यस्तो अवस्थामा ब्रेकअप हुने सम्भावना बढी हुन्छ । अहिले सम्बन्ध जोडिनु र छुट्टिनु भनेको सामान्य भैसकेको छ । सम्बन्धमा कम्प्रोमाइज गर्ने भन्ने कुरा बिस्तारै असम्भव हुँदै गएको छ । अझ अहिले त सोसल मिडियाले पनि ब्रेकअप गराउन ठूलो भूमिका खेलेको पाइन्छ ।

**जानुका ढकाल, गीतकार**

हिजोआजको प्रेममा पैसाको चलखेल धेरै हुन्छ । केटीले भनेको किनिदिनुपर्छ, केटाले किनिदिन सक्दैन । केटीहरू केटासँग लिपस्टिक, पहिरनदेखि स्कुटरसम्म डिमान्ड गर्छन् । केटाहरू पनि राम्रा-राम्रा केटी मात्र खोज्छन् । यसबाहेक फेसबुकका कारण पनि प्रेममा ब्रेकअप भैरहेको पाइन्छ ।

**महादेव त्रिपाठी, अभिनेता**

एक-अर्कालाई राम्रोसँग नबुझेर ।

**प्रराज पौडेल, गायक**

साँचो प्रेम गर्ने भन्दा ब्रेकअप गर्दा फेसनेबल भइन्छ भन्नेहरूको जमात बढिरहेको छ । अचेल युवायुवतीहरू आयातित प्रेम गर्न रुचाउने भएकाले पनि ब्रेकअपको संख्या बढी भएको हुनसक्छ ।

**राज लुइँटेल, मोडल**

बदलिँदो सामाजिक परिवेशसँगै मानिसको सोचमा आएको परिवर्तनका साथै व्यस्तताका कारणले पनि होला ।

**हिमानी सुब्बा, मोडल/कोरियोग्राफर**

आजकलको प्रेम भनेको जीवनभरिको साथभन्दा पनि ग्याजेटजस्तो भएको छ । जति चेन्ज गऱ्यो, त्यति नै स्टाइलिस्ट र फरवार्ड भएको सोच्छ अहिलेको पुस्ता ।

**कृषा चौलागाईं, चलचित्रकर्मी**

यथार्थ प्रेम के हो भन्ने कुरा नबुझ्नु तथा आधुनिकताको नाममा विलासी जीवन बिताउन चाहनु नै ब्रेकअपको कारण हो ।

**इशक राई, गायक**

माया र माया गर्ने साथीको महत्व नबुझेर ।

**सन्तोषी श्रेष्ठ, फेसन डिजाइनर**

आजभोलिको प्रेम त्यागमा भन्दा बढी प्राप्तिमा केन्द्रित हुन्छ, त्यसैले ।

**सरला पौडेल, साहित्यकार**

आपसी समझदारीको कमी, एक-अर्कालाई बुझ्न नसक्नु र क्षणिक रमाइलोमा भुल्ने बानीले गर्दा । अटल विश्वास र भविष्यप्रतिको चिन्ता अनि त्यसका लागि लगनशील भएर अघि बढ्ने प्रेममा सायदै ब्रेकअप होला ।

**प्रदीप चापागाई, गायक/गीतकार**

फेसबुकले गर्दा ।

**टेकेन्द्र शाह, भिज्युअल एडिटर**

एक जनाप्रति मात्र नभएर धेरै जनाप्रति आकर्षित हुने, त्यसैलाई मायाको संज्ञा दिने तर साँचो माया कसैले कसैलाई नगर्ने, साँचो माया गर्न नजान्ने अथवा नहुने । मात्र आकर्षणका भरमा सम्बन्ध स्थापित गर्ने र त्यो आकर्षण क्षणिक हुने । नैतिकता, इमान्दारिता कुनै पनि क्षेत्रमा छैन । यो मायाको बारीमा मात्र प्रीतिको फूल फुल्न छोडेको होइन, सबै प्रकारको बारीमा माया, इमान्दारिता अनि नैतिकताको फूल फुल्न छोड्यो । कागज र प्लास्टिकका फूलजस्तो माया भएर यस्तो भएको हो ।

**दीपिका रिमाल थापा, गीतकार**

सामाजिक सञ्जालका कारण यस्तो भैरहेको हुन सक्छ । यसका साथै कम उमेरमै हुने अपरिपक्व प्रेमका कारण पनि यस्तो दुर्भाग्य निम्तिन्छ ।

**बिपुला सिद्धान्त जोशी, इभेन्ट म्यानेजर**

धेरै स्वतन्त्रता, अविश्वास, सहन सक्ने क्षमताको कमी तथा प्रेमलाई सतही रूपमा लिनु नै यसको कारण हो ।

**लक्ष्मी गिरी, फेसन डिजाइनर**

मेरो विचारमा प्रेमि-प्रेमिकाबीच सम्झौताको कमी नै ब्रेकअपको कारण हो ।

**शान्ता थापा, ब्युटिसियन**

पहिलो कुरा, असमझदारी नै हो । दोस्रो कारण तँ भन्दा म के कम भन्ने होडबाजी पनि हो ।


**रेणु विष्ट, गायिका**

प्रस्तुति : अरुणा भट्टराई

## ह्याप्पी बर्थ डे


शिशिर सुवेदी
माघ २६ गते


अराज केशव
माघ २६ गते


सत्यराज आचार्य
माघ २६ गते


प्रविशा अधिकारी
माघ २७ गते



रवि श्रेष्ठ
माघ २७ गते


रमेश बराइली
माघ २७ गते


रमिला न्यौपाने
माघ २८ गते


नविन श्रेष्ठ
माघ २८ गते


अनुष्का ढकाल
माघ २८ गते


अमित पोखरेल
माघ २९ गते



रवि डंगोल
माघ २९ गते


वरुण चौधरी
फागुन १ गते


निर्मलराज पौडेल
फागुन १ गते


सुष्मा कार्की
फागुन १ गते


महादेव त्रिपाठी
फागुन १ गते



रमिता भण्डारी
फागुन २ गते


दिपशिखा खड्का
फागुन २ गते


सुशान्त कार्की
फागुन २ गते

# सामाजिक सञ्जालमा प्रेमसम्बन्ध

आभाष अधिकारी/नितेश उपाध्याय



समयसँगसँगै मानिसको खाने, बस्ने अनि काम गर्ने शैली परिवर्तन हुने क्रम निरन्तर जारी छ। ढुंगेयुगबाट परिवर्तित हुँदै एक्काइसौं शताब्दीको प्रविधि युगसम्म आइपुग्दा मानिसहरूको जीवनशैलीमा आकाश-पातालको फरक देख्न सकिन्छ। समयसँगै मानिसको प्रेम गर्ने पद्धति पनि परिवर्तन भएको छ। ढुंगामा खोपेर आफ्नो प्रेम व्यक्त गर्नेदेखि बाँसमा आफ्ना प्रेमी-प्रेमिकाको नाम लेख्नेहरू फेला पार्न अझै पनि गाह्रो छैन।

यो त छँदै छ, यसका साथै विज्ञान-प्रविधिको प्रगतिलाई पछ्याउँदै नितान्त नयाँ शैलीमा प्रेम गर्ने, प्रेम व्यक्त गर्ने जमात पनि दिनानुदिन बढिरहेको छ। अमेरिका, युरोप आदि देशको शैली पछ्याउँदै नेपालमै पनि अनलाइन तथा इन्टरनेटमार्फत धेरै जोडीले प्रेमसम्बन्ध गाँस्दै आएका छन्।

### अनलाइनमा जोडी खोज्नेहरू

इन्टरनेटको पहुँच अहिले नेपालमा एकदमै तीव्र गतिले बढिरहेको छ। जसरी यो गति बढेको छ, त्यही गतिमा नेपाली किशोरकिशोरी एवं युवायुवतीहरू यसमा रमाउनसमेत थालेका छन् भने आपसमा कुराकानी अनि विचार आदान-प्रदान गर्दै सम्बन्धमा बाँधिएका घटना सामान्य हुँदै गएका छन्।

मित्रताबाट सुरु हुने यस्तो सम्बन्ध पछि प्रेमसम्बन्धमा परिणत हुँदै विवाह नै भएका कैयौं उदाहरण नेपाली समाजमै फेला पार्न सकिन्छ। त्यस्तै अनलाइनबाटै भेट भएर यौनसम्बन्धसम्म पुगी आपसी सम्बन्धमै पूर्णविराम लागेका घटना पनि हाम्रो समाजका लागि खासै नौला रहेनन्।

### प्रेमसञ्जाल

यो युगका अधिकांश किशोर किशोरी इन्टरनेटमा प्रत्यक्ष पहुँच राख्छन् भने सामाजिक सञ्जाल संगको उनीहरूको सम्बन्ध सर्वाधिक निकटको सम्बन्ध भैसकेको छ। अहिले फेसबुक, भाइबर, इमो जस्ता संजाल नचलाउने युवा विरलै होलान्। आफूले सीधै नचिनेको व्यक्ति भए पनि साथीको साथीका विभिन्न गतिविधि सामाजिक सञ्जालमा हेर्न सकिन्छ। त्यही गतिविधिमा लाइक, कमेन्ट गर्दै साथी बन्न 'फ्रेन्ड रिक्वेस्ट' पठाएर मित्र बनाई कुराकानी गर्ने चलन पनि बढ्दो क्रममा छ।

### इन्टरनेटमा उपलब्ध एउटा तथ्यांकअनुसार

- १३ देखि १७ वर्ष उमेर समूहका किशोर-किशोरीमध्ये ५५ प्रतिशतले आफूले मन पराएको व्यक्तिसँग कुराकानीको सुरुवात गर्छन्।
- ५० प्रतिशतले मन पराएको व्यक्तिलाई 'फ्रेन्ड रिक्वेस्ट' पठाउँछन्।
- ४७ प्रतिशतले आफूले मन पराएको व्यक्तिको सामाजिक संजालमा लाइक, कमेन्ट आदि गर्छन्।
- ३१ प्रतिशतले अवाञ्छित तरिकाका सन्देशहरू पठाउँछन्।
- ११ प्रतिशतले आफूलाई मन परेको व्यक्तिका लागि गीतको 'प्ले लिस्ट' बनाइदिन्छन्।
- उनीहरूमध्ये ७ प्रतिशतले भिडियो बनाउँछन्।

सामाजिक संजालले किशोर-किशोरीहरूको सम्बन्धलाई एकदम नजिक बनाउन सहयोग गर्दै आएको छ। आफ्ना प्रेमी वा प्रेमिकाले के-कस्तो गतिविधि गरिरहेका छन्, त्यसलाई हेरेर उनीहरू भौगोलिक रूपमा टाढा भए पनि निकट अनुभव गर्न सकिन्छ। हिजोआजका युवायुवतीहरूले आफ्ना पार्टनरलाई गर्ने मायासमेत सामाजिक सञ्जाल मार्फत सार्वजनिक हुन थालिसकेका छन् भने सामाजिक संजालबाट बसेको मायामा असुरक्षित महसुस गर्नेहरूको संख्या पनि उत्तिकै छ।

# प्रणय दिवसको भिलेन- फेसबुक




एउटा बुझाइ थियो। प्रणय दिवस फेब्रुअरी १४ मा पर्छ। त्यस दिन आफ्ना प्रेमी अथवा प्रेमिकालाई निर्धक्कका साथ आफ्नो मनको कुरा व्यक्त गर्न पाइन्छ। यसरी प्रस्ताव राख्दा मन नपरे पनि उजुर बाजुर गर्न पाइँदैन। कार्ड दिनुपर्छ, गिफ्ट दिनुपर्छ, गुलाफको फूल दिनुपर्छ अनि उसले अथवा उनले स्वीकार गरे-गरिन् भने बल्ल मायालु जोडी बनिन्छ। लामो समय प्रतीक्षा गरेर यही दिन कुर्ने चलन थियो। केहीले यो दिनको फाइदा उठाउँदै मनको कुरा भन्थे, यद्यपि त्यसको संख्या न्यून नै थियो। किनभने प्रेमी-प्रेमिकाको खोजी गर्ने प्रपोज राख्ने, भेट्ने, गफ गर्ने आदि कुरा गरी खुलेर कुराकानी गर्न सक्ने हुन लामो समय लाग्थ्यो। फेरि घरपरिवारकै सदस्यको रोजाइमा विवाह गर्नुपर्ने बाध्यता थियो। यद्यपि अहिले समय परिवर्तन भएको छ। न प्रपोज राख्न भ्यालेन्टाइन डे कुर्नुपर्छ, न मनका कुरा भन्न लामो समय नै लाग्छ। अहिले एकैछिनमा लव पर्छ, एकैछिनमा ट्राजिडी हुन्छ। घरपरिवारका सदस्यले भनेको भन्दा आफैं खोजेर विवाह गर्नेहरू बढ्दैछन्।

लभ पर्नु, विवाह हुनु, सम्बन्धविच्छेद हुनु तथा फेरि विवाह हुनु सामान्य मानिन थालेका छन्। घरमा श्रीमान् हुँदाहुँदै परपुरुषको प्रेमजालमा पर्नेहरू हुन् वा घरमा श्रीमती हुँदाहुँदै परस्त्रीसँग रोमान्स गर्नेहरू हुन्- दिन-प्रतिदिन बढ्दैछ। यस्ता गतिविधि बढ्नुको मुख्य कारण भएको छ- फेसबुक। कुनै युवती वा युवक मनपरे फेसबुकमार्फत फ्रेन्ड रिक्वेस्ट पठाइन्छ। चोबिसै घण्टा मोबाइलमा झुन्डिने भएकाले यस्ता रिक्वेस्ट उतिखेरै एसेप्ट हुन्छन् अनि कुराकानी सुरु हुन्छ। उस्तैपरे त्यही दिन प्रपोज राखिन्छ, लभ पर्छ, फेसबुकमै रोमान्स चल्छ, उस्तै परे त्यही दिन ट्राजिडी।

यस्तो अवस्थामा कहिले भ्यालेन्टाइन डे आउला र प्रपोज गरौला भन्ने कुरा हुँदैन। जब फेसबुकमार्फत हुने कुराकानी बढ्दै जान्छ, उनीहरूले आफ्ना सबै कुरा बताउँछन्। शंका लागे फेसबुकमार्फत नै उसका स्टाटस, तस्बिर आदि विवरण चेक गरिन्छ। यसरी विवरण हेर्दा ठीक लागे कुराकानी सुरु हुन्छ। आफ्नो मनका बह पोख्छन् भेट्छन्, रोमान्स गर्छन्। मन परे केही समय रोमान्स जारी रहन्छ मन नपरे कुराकानी हुन छोड्छ उस्तै परे ब्लक लिष्टमा राखिन्छ।

छोरा-छोरी घरमै छन् भन्दै बाबु-आमाहरू ढुक्क हुन्छन् तर उनीहरू घर बसीबसी फेसबुकमार्फत नै सम्बन्ध विस्तार गरिरहेका हुन्छन्। विवाहित महिला तथा पुरुषले समेत फेसबुककै प्रयोग मार्फत रोमान्स गर्दै आएका छन्।

प्रणय दिवसमा समेत फेसबुककै प्रयोग गरी शुभकामना आदान-प्रदान गरिन्छ। यसले प्रणय दिवसप्रतिको पुरानो बुझाइलाई अन्त्य गरेको छ। त्यसैले भन्न सकिन्छ प्रणय दिवसको भिलेन फेसबुक लगायतका सामाजिक सञ्जाल बन्दैछन्, अझ भन्नुपर्दा फेसबुक प्रेम गर्नेहरूका लागि सधैं प्रणय दिवस जस्तै भएको छ। अहिले जो कसैले लाइक, कमेन्ट, च्याट गर्दै सधै आफ्ना प्रेमी-प्रेमिकाको केयर गर्न पाएका छन्। आफ्ना प्रियजनका हरेक गतिविधि नियाल्न पाएका छन्। फेसबुक मात्र नभएर अन्य सामाजिक सञ्जालले समेत एक अर्कासँग निर्धक्क कुरा गर्ने वातावरण मिलाइ दिँदा मनको कुरा भन्न प्रणय दिवस नै कुर्नुपर्ने अवस्था छैन।

राजाराम पडेल

## भ्यालेन्टाइन डेको डिजिटल गिफ्ट

# मायाको वाचा गरेको तस्बिर

'साँच्चिकै माया गर्छु' लेखिएको पोस्टर बोकेर तस्बिर खिच्ने अनि अर्कोपालिचाहिँ भौतिक पुरस्कार दिनेछु भनेर वाचा गर्दै उक्त तस्बिर पठाउन सकिन्छ। राम्रो व्याकग्राउन्ड म्युजिक राखेर तस्बिरहरू प्रयोग गरी भिडियो वा कुनै कलाकृति सम्प्रेषण गर्न सकिन्छ। यसलाई आफू सुहाउँदो किसिमले नयाँ प्रयोग गरी तयार गर्न सकिन्छ।



### आइट्युन्समार्फत गीत उपहार

प्रेमिकालाई मन पर्ने कुनै गीत उपहारका रूपमा पठाउन आइट्युन्स प्रयोग गर्न सकिन्छ। यसका लागि एनड्रोइड वा अन्य फोनमा काम गर्ने एप जस्तै गुगल प्ले आदिको प्रयोग गर्न सकिन्छ।

### भर्चुअल संसार जस्तै सफ्टवेयर प्रयोग

तपाईं तथा तपाईंकी प्रेमिका यो-भिला वा सेकेन्ड लाइफ सफ्टवेयर चलाउनुहुन्छ भने उनलाई त्यहीं गिफ्ट दिएर वा घुम्न लगेर खुसी तुल्याउन सक्नुहुन्छ। त्यहाँ राम्रो खेल खेल्ने वा मनोरञ्जक क्रियाकलापहरू सञ्चालन गर्ने सुविधासमेत छ।

### अनलाइन स्टोरबाट गिफ्ट

भौतिक उपहार आदान-प्रदान गर्न पनि अनलाइनको प्रयोग बढ्दै गएको छ। फेसबुक स्टोर, अमेजन, दराज, सस्तो डिल आदि अनलाइन स्टोरको प्रयोग गरेर गिफ्ट प्याकहरू पठाउन सकिन्छ। उपहार नै पठाउन भनेर खुलेका अनलाइन गिफ्टमान्डु, अर्बन गर्ल बजार, मुन्चा आदिबाट समय तोकेरै उपहार पठाउन सकिन्छ।

# घुम्न जानसमेत प्रयोग हुने सेकेन्ड लाइफ

इन्टरनेटको माध्यमबाट साथी बनाउने र साथीसँगै घुम्न प्रयोग हुने सफ्टवेयर हो– सेकेन्ड लाइफ। सन् फ्रान्सिस्कोस्थित लिन्डेन ल्याबद्वारा सन २००३ मा निर्मित सेकेन्ड लाइफ सफ्टवेयरको एउटा उत्कृष्ट नमुना हो, जसका माध्यमबाट आजभोलि साथी बनाउन मात्र होइन, प्रेमसम्बन्धसमेत गाँस्न सकिन्छ। पहिले-पहिले यो-भिला नामक भर्चुअल संसारको माध्यमबाट प्रयोगकर्ताहरूले भर्चुअल सम्बन्ध नगाँसेका होइनन्, तर सेकेन्ड लाइफ यो-भिलाभन्दा किन उत्कृष्ट छ भने यो थ्री-डी भर्सनमा उपलब्ध हुन्छ। यसमा मानिसहरू हिंड्न, दौडन मात्र होइन, उड्नुका साथै जादुसमेत गर्न सक्छन्। साथी बनाउनु वा प्रेमसम्बन्ध गाँस्नु अनलाइन संसारका लागि नौलो कुरा होइन, तर लिन्डेन डलर नामक सेकेन्ड लाइफकै भर्चुअल करेन्सीको माध्यमबाट सम्बन्ध गाँसिएपछि घुम्न जान, बसोबासको व्यवस्था मिलाउन अनि गिफ्टहरू पठाउन सकिन्छ। यसले अबको केही समयमा भौतिक संसारभन्दा इन्टरनेटको संसारमार्फत प्रेमसम्बन्ध बढाउनेहरूको संख्या वृद्धि गर्ने पक्का छ।

अनुभव



# हाम्रो भ्यालेन्टाइन डे

मेरो पहिलो भ्यालेन्टाइन डे मैले कक्षा ४ मा अध्ययनरत छँदै मनाएकी थिएँ । त्यति बेला मैले सँगै पढ्ने साथीसँग जानी-नजानी भ्यालेन्टाइन डे मनाउन पुगेछु । त्यस क्रममा मैले साथीसँग मिलेर ममीले टिफिनमा राखिदिनुभएको केक काटेर भ्यालेन्टाइन डे मनाएकी थिएँ । वास्तवमा त्यो भ्यालेन्टाइन डे मनाउनुभन्दा पनि बालापनको एउटा रमाइलो काम थियो ।

बुझ्ने भएपछि भने मैले निखिल उप्रेतीजीसँगै भ्यालेन्टाइन डे मनाएुँ । निखिलजीले मलाई भ्यालेन्टाइन डेको अघिल्लो दिन प्रपोज गर्नुभएको थियो । मलाई अझै पनि सम्झना छ, सन् २००५ को भ्यालेन्टाइन डेको सेरोफेरोमा हामी कुनै कार्यक्रमका लागि पोखरा पुगेका थियौं । त्यस क्रममा फेब्रुअरी १३ का दिन उहाँले मलाई रातो गुलाबको फूल दिँदै पहिलो पटक प्रेमको प्रस्ताव राख्नुभएको थियो । मैले चाहिं त्यसको भोलिपल्ट अर्थात् भ्यालेन्टाइन डेका दिन उहाँको प्रेम प्रस्ताव स्वीकार गर्दै 'ओके' भनेकी थिएँ । भ्यालेन्टाइन डेकै दिन मैले उहाँको प्रेम प्रस्ताव स्विकारेकाले पनि हुन सक्छ, हाम्रो प्रेम सफल भयो । हामी वैवाहिक जीवनमा बाँधिएर यहाँसम्म आइपुगेका छौं ।

मलाई व्यक्तिगत रूपमा पनि भ्यालेन्टाइन डे मन पर्छ । किनभने मेरो प्रेम जीवनको स्वर्णिम पल त्यही बेलादेखि प्रारम्भ भएको हो । भ्यालेन्टाइन डे भएकै कारण पनि मलाई यो फेब्रुअरी महिना नै मन पर्छ । अरू ११ महिना हामीबीच स-साना ठाकठुक परे पनि यो महिना चाहिँ हामी सानो डिस्कस पनि गर्दैनौं । भ्यालेन्टाइन गिफ्टको कुरा गर्दाचाहिँ मैले केही निराश हुनु पर्छ । निखिलजीमा गिफ्ट लिने-दिने बानी छैन । गुलाबको फूल र चकलेट पनि मैरै करबलले दिनुहुन्छ । मचाहिं उहाँलाई भ्यालेन्टाइन डेको अवसर पारेर चकलेटसहितका विभिन्न वस्तु गिफ्टका रूपमा दिन्छु । रमाइलो कुरा के छ भने फेब्रुअरी महिनामा हामी अलि बढी नै घुमफिर गर्छौं । हामी बुवा-आमा भैसकेपछि पनि यो महिनाको घुमघाम रोकिएको छैन । छोरा-छोरी जन्मिसकेपछि पनि हामी एक-अर्कासँग गर्लफ्रेन्ड-ब्वाइ फ्रेन्डकै व्यवहार गरिरहेका छौं भनेर साथीहरूले नै जिस्क्याउँछन् । त्यसैले हाम्रो जोडीका लागि यो पुरै फेब्रुअरी महिना नै लभ्ली छ । मंगलबार रोज डे थियो, बिहानै मैले गुलाबको फूल उहाँलाई गिफ्ट दिएँ । बुधबारदेखि भ्यालेन्टाइन डेसम्म म उहाँलाई केही न केही उपहार दिइरहन्छु । उहाँले चाहिं भ्यालेन्टाइन डेको दिन मलाई कतै घुमाउन लानुहुन्छ– ह्याप्पी भ्यालेन्टाइन डे ।

● सञ्चिता लुइँटेल
अभिनेत्री

# प्रेमविवाह

गीत नै छ नि, 'मन पराउने हजार भेटिन्छन्, जुनी काट्ने एउटै हुन्छ ।' टिनएजदेखि अहिलेसम्म धेरैले मन पराए, मैले पनि केहीलाई मन पराएँ, तर मेरो जुनीमा उनी यसरी आइन् कि मन पराउने मात्र होइन, मेरो मन नै चोरेर लगिन् । २०६४ सालमा विराटनगरको सरस्वती पुजा मेरा लागि जीवनको बहुमूल्य दिन भएर आयो ।

विराटनगर मलाई मन पर्ने ठाउँमध्येको एक, त्यहाँ पुगेपछि म सोच्थेँ– यो ठाउँमा घरजम गर्न पाए कस्तो हुन्थ्यो होला ? म कार्यक्रमको सिलसिलामा विराटनगर पुगिरहन्थें । त्यतिबेला संजोगले सरस्वती पूजाको दिन परेको रहेछ । उनीसँग देखादेख भयो । उनी अर्थात् मेरी अर्धांगिंनी प्रियंका । काठमाडौंमै अध्ययन गरिरहेकी उनी छुट्टी मनाउन घर पुगेकी थिइन् । विराटनगरको आँखा जुधाइपछि मैले उनलाई सम्झिरहेँ । फेरि कहिले भेट्न पाउँछु भन्ने एकप्रकारको चाहना पनि थियो मनमा । केही समयपछि मैले उनलाई काठमाडौंमा देखेँ, केएमसी कलेजमा । उनी उक्त कलेजबाट स्नातकोत्तर गर्दै रैछिन् । विराटनगरमा देखिएको कुराबाट परिचय आदानप्रदान भयो अनि भेटघाट पनि बढ्दै गयो । निरन्तर भेटघाट र बोलचालपछि थाहा भयो, उनको र मेरो संसार बेग्लै रहेछ । म फेसनको पारखी उनी किताबकी अम्मली । फेसनको तडकभडकमा अल्झिरहेको यो दीपकलाई उनको बेग्लै संसारले लोभ्यायो । हामीले विवाह गर्ने निधो गर्यौं ।



● दीपक घिमिरे, मोडल



● रेखा शाह, गायिका

# प्रेम, विवाह र सम्बन्ध

मानिस सामाजिक प्राणी हो । समाजबिना जीवनको परिकल्पना नै गरिँदैन । त्यही जीवनलाई सुखमय बनाउन मानिसले विभिन्न तरिका तथा लयहरू निर्माण गरेको छ । बाटाहरू पहिल्याएको छ । आफ्नो सजिलोका लागि विभिन्न सम्बन्धहरू बनाएको छ । त्यही सम्बन्धको एउटा नाम हो- विवाह । पुराना धर्मग्रन्थ, संस्कृति र व्यवहारमा विवाहलाई बन्धन शब्दसँग मिलाउँदै विवाह-बन्धन भन्ने गरिएको छ । विवाहलाई बुझ्न पहिले प्रेमलाई बुझ्नु जरुरी छ । प्रेम स्वतन्त्र, आत्मिक र समर्पणमा अडिएको हुन्छ । त्यसैले विवाह-बन्धनमा प्रेम कति, कस्तो र कुन अवस्थाको हुन्छ भन्ने बुझ्नु जरुरी छ ।

हाम्रो समाजमा अहिले विवाहेत्तर सम्बन्धहरू बढ्दै गएका छन् । पुरातन समाजले बनाएका मान्यता तथा सोचहरू परिवर्तन हुँदै गएका छन् । समय परिवर्तनसँगै यसको परिभाषामा पनि फरक हुन् थालेको छ । श्रीमान्-श्रीमतीबीचको सम्बन्ध सामाजिक, मानसिक एवं शारीरिक रूपले सुरक्षित हुनु जरुरी छ । त्यस्तो हुन नसकेको अवस्थामा श्रीमान्-श्रीमतीका बीचमा विभिन्न उतार-चढाव आई सम्बन्ध सुमधुर हुन नसकेका घटना बढ्दै गएका छन् । यस्तो अवस्थामा श्रीमान्-श्रीमतीका बीच सम्बन्ध सुमधुर हुन नसक्दा भावानात्मक, संवेगात्मक एवं शारीरिक रूपमा सहज हुन र सबै प्रकारको सुख प्राप्तिका लागि परपुरुष अथवा परस्त्रीसँग सम्बन्ध जोडिन पुग्छ । कतिपय अवस्थामा लोग्ने-स्वास्नीका बीच सम्बन्ध बिग्रिएर कानुनी रूपमा पारपाचुके नभएको अवस्थामा मनको कलह शान्त पार्न पनि विवाहेत्तर सम्बन्धले स्थान पाउँछ ।

समयको परिवर्तित क्रमसँगै बसाइँ-सराइ अथवा अन्य कारणले पनि विवाहेत्तर सम्बन्ध स्थापित हुन सक्छ । हिजोआज ५० लाखभन्दा बढी नेपाली रोजगारीका सिलसिलामा संसारका विभिन्न देशमा पुगेका छन् । गाउँघरमा रहेका कतिपय नारी देहसुखका लागि पनि पर-पुरुषको साथ खोज्न थालेका छन् । यसले पारिवारिक तथा सामाजिक रूपमा ठूलो समस्या त खडा गरेकै छ, सँगसँगै वैयक्तिक सुख खोज्ने कि नखोज्ने भन्ने प्रश्न पनि उठ्न थालेको छ ।


परिवर्तित समयअनुसार विभिन्न मिडियाको विकाससँगै पश्चिमा समाजको प्रभाव एवं देखासिकी नेपाली समाजमा समेत पर्दै गएको छ । त्यसले पनि हाम्रो मनोविज्ञानमा असर पारेको छ । स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार सबैलाई छ र स्वतन्त्रता केका लागि भन्ने प्रश्न पनि छ । समाज खुला छैन तर वैवाहिक सम्बन्धमा समस्याहरू छन् भने तिनले पक्कै पनि व्यवहारिक जीवनमा कठिनाइ सिर्जना गरिरहेका छन् । बाँच्न पाउने अधिकारको सम्मान, मर्यादित जीवनको परिकल्पना तथा शारीरिक, मानसिक एवं भावानात्मक शोषणबाट जोगिन सम्बन्ध सुमधुर हुनुपर्छ, अन्यथा यस्ता समस्या वृद्धि भैरहनेछन् ।

प्रस्तुति : अरुणा भट्टराई


# चर्चामा छन् यी जोडी

भनिन्छ, प्रेम अन्धो हुन्छ । त्यसैले प्रेम गर्ने जोडीहरु उमेर, जात, आर्थिक धरातल आदि कुनै पनि कुराको वास्तै नगरि प्रेममा चुर्लुम्म डुब्छन् । हरेक क्षेत्रमा प्रेमको उच्च महत्व छ । कलेज अध्ययनरत युवा-युवतीदेखि कामकाजी महिला तथा पुरूषहरु पनि प्रेममा लिप्त हुन सक्छन् । व्यवसायी, खेलाडी, राजनीतिज्ञदेखि कलाकारसम्म प्रेमको प्रसंगमा एक कदम अघि नै देखिन्छन् । प्रेम दिवसको पूर्वसन्ध्यामा कलाकारिता क्षेत्रका केही चर्चित जोडीको चर्चा :











### भुवन केसी र जिया केसी

सदावहार अभिनेताको छवि बनाउन सफल भुवन केसी आज पनि कुनै युवतीको प्रेममा छन् भन्ने कुरा सुनेर अचम्म मान्नु पर्दैन । दोस्रो विवाह असफल भएपछि एकल जीवन बिताइरहेका अभिनेता केसी विगत केही वर्षयता आफूभन्दा निकै कम उमेरकी युवतीसँगको प्रेममा भएको बताइन्छ । ती युवती हुन् जिया केसी, जसले विगतमा केही चलचित्रमा अभिनय गरेकी थिइन् । जियाले चलचित्रमा अभिनय नगरेको पनि धेरै भयो, यद्यपि उनी भुवन केसीसँगको अफेयरकै कारण चर्चामा आइरहन्छिन् । भुवन र जियाको प्रेम प्रसंगलाई आमदर्शकले बिर्सिसकेका थिए, यद्यपि दुई साताअघि चलचित्र कृको एउटा गीतको छायांकनका लागि स्कटल्यान्ड उड्ने क्रममा भुवनले जीयालाई पनि आफैंसँगै लिएर गएपछि उनीहरू अहिले पनि प्रेम सम्बन्धमै छन् भन्ने कुरा छर्लङ्ग हुन्छ ।

### प्रियंका काकी र आयुष्मान देशराज जोशी

अभिनेत्री प्रियंका कार्की तथा मोडल/अभिनेता आयुष्मान देशराज जोशी झन्डै एक वर्षदेखि प्रेमि-प्रेमिकाका रूपमा चिनिएका छन् । चिनजान भएको लामो समयपछि एक-अर्कालाई मन पराउन थालेको यो जोडी नयाँ पुस्ताको आदर्श समेत मानिन्छ ।

### संजोग कोइराला र वर्षा राउत

अभिनेता संजोग कोइराला तथा अभिनेत्री वर्षा राउतबीच प्रेम सम्बन्ध स्थापित भएको केही वर्ष भयो । एउटा चलचित्रका लागि अडिसन दिने क्रममा पहिलो भेट भएपछि यो जोडी एक-अर्काप्रति आकर्षित भएको हो । म्युजिक भिडियोमा अभिनय गरेर स्थापित भएपछि चलचित्रमा आएकी वर्षा राउत यतिबेला अभिनयमा स्थापित भैसकेकी छिन् । खासगरी चलचित्र छक्कापञ्जा, जात्रा, छक्का पञ्जा-२ आदि चलचित्रको व्यवसायिक सफलतासँगै वर्षाले दर्शकको मनमा समेत डेरा जमाएकी छिन् । प्रेमी-प्रेमिकाका रूपमा उनीहरूले पहिलो पटक एउटा नयाँ चलचित्र 'एउटा यस्तो प्रेम कहानी' मा जोडीकै रूपमा अभिनय गर्ने निश्चित भैसकेको छ ।

### साम्राज्ञी राज्यलक्ष्मी शाह र मयंक खड्का

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह अहिले एउटा ट्याटु काण्डका कारण चर्चामा छिन् । चलचित्र कायराको छायांकनका लागि फिलिपिन्स पुगेका बेला दाहिने स्तनको ठिक मुन्तिर बनाएको ट्याटुसहितको तस्बिर सार्वजनिक भएपछि उनी विवादमा तानिएकी हुन् । ट्याटू बनाउने कलाकारले नै उक्त तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । एकपछि अर्को गर्दै सफल चलचित्र दिइरहेकी साम्राज्ञी लामो समयदेखि डिजे मयंक खड्कासँगको रोमान्समा छिन् । अघिल्लो वर्ष २१ औं जन्म दिन मनाउने क्रममा साम्राज्ञीले पहिलो पटक मयंकसंगको तस्बिर सार्वजनिक गरेकी थिइन् । मयंक केही अघि तोडफोड गरिएको क्लब डेजाभुका सञ्चालकमध्ये एक हुन् । साम्राज्ञी र मयंकको प्रेम सम्बन्धलाई उनीहरू दुवैको परिवारले समेत अनुमोदन गरिसकेको बताइन्छ ।

### पल शाह र आँचल शर्मा

अभिनेता पल शाह तथा अभिनेत्री आँचल शर्मालाई अचेल प्रेमि-प्रेमिकाका रूपमा हेर्न थालिएको छ । यद्यपि दुवैले हालसम्म यो सम्बन्धलाई स्वीकार गरिसकेका छैनन् । उनीहरूलाई म्युजिक भिडियो तथा चलचित्रले नजिक ल्याएको कुरामा दुईमत छैन । पहिलो पटक चलचित्र नाइँ नभन्नु ल-४ मा पल र आँचलको जोडीले अनस्क्रिन रोमान्स गरेको थियो । त्यसपछि उनीहरूले चलचित्र जेन्टलम्यानमा पनि सँगै काम गरे । चैतमा प्रदर्शन हुने चलचित्र शत्रुगतेमा पनि उनीहरूले जोडीकै रूपमा अभिनय गरेका छन् । त्यसबाहेक उनीहरूले एक दर्जनभन्दा बढी म्युजिक भिडियोमा सँगै अभिनय गरिसकेका छन् भने सांस्कृतिक कार्यक्रमहरूमा समेत जोडी नै बाँधिएर उपस्थित हुन थालेका छन् । त्यसो त पल र आँचलको जोडी चलचित्र तथा म्युजिक भिडियोसम्म मात्र सीमित छ भन्नेहरू पनि प्रशस्तै छन् ।

### नम्रता श्रेष्ठ र दावा स्टिभन शेर्पा

अभिनेत्री नम्रता श्रेष्ठ आफ्नो सुन्दरताका कारण सधैं चर्चामा रहन्छिन् । यसबाहेक विभिन्न पुरुषहरूसँग नाम जोडिएर पनि तथा चर्चामा आउँछिन् । सुन्दर तथा शालिन भएकै कारण अधिकांश पुरुष नम्रताको सौन्दर्यमा लट्ठ हुनु स्वभाविक हो । नम्रता पछिल्लो केही वर्षयता व्यवसायी दावा स्टिभन शेर्पासँगको प्रेम सम्बन्धमा छिन् ।

### छवि ओझा र शिल्पा पोखरेल

चलचित्र निर्माता छवि ओझा यतिबेला चलचित्र मंगलमको प्रदर्शनको तयारीमा छन् । फागुन २५ गतेदेखि प्रदर्शनमा आउने उक्त चलचित्रमा शिल्पा पोखरेल मुख्य भूमिकामा छिन् । अभिनेत्री रेखा थापासँग सम्बन्ध-विच्छेद भएपछि छवि र शिल्पा नजिकिएको चर्चा चल्न थालेको पनि निकै भैसकेको छ । पछिल्ला केही वर्षयता उनीहरू अघोषित प्रेमी-प्रेमिकाका रूपमा चिनिँदै आएका छन् । लिभिङ टुगेदरको सम्बन्धमा रहेका छवि र शिल्पाले विवाह गरेको औपचारिक घोषणा भने गरिसकेका छैनन् ।

### सौगात मल्ल र सृष्टि श्रेष्ठ

अभिनेता सौगात मल्ल तथा अभिनेत्री/मिस नेपाल सृष्टि श्रेष्ठले आफ्नो प्रेमसम्बन्धलाई स्वीकार गर्न निकै समय लगाए । दुवै प्रेममा रहेको पुष्टि भैसकेको छ, यद्यपि सार्वजनिक समारोहमा उनीहरू आफ्नो प्रेम अभिव्यक्त गर्न चाहँदैनन् । सँगसँगै चलचित्र हेर्न, सपिङ गर्न अनि घुमफिर गर्न पछि नपर्ने सौगात र सृष्टि सञ्चारमाध्यममा भने प्रेमी-प्रेमिकाका रूपमा खुल्न तयार छैनन् ।


### संयम पुरी र आस्मा डिसी

अभिनेता संयम पुरी तथा अभिनेत्री आस्मा डिसीको प्रेम सम्बन्ध हिन्दी चलचित्र 'कभि हाँ कभि ना' जस्तै छ । कहिले उनीहरू आफूलाई प्रेमी-प्रेमिकाका रूपमा प्रस्तुत गर्छन् भने कहिले असल साथी मात्र बताउँछन् । उनीहरूले जे भने पनि आम दर्शकमाझ उनीहरूले प्रेमी-प्रेमिकाकै छवि बनाइसकेका छन् । यो जोडीले केही चलचित्रमा समेत अनस्क्रिन रोमान्स गरिसकेको छ । तीमध्ये चलचित्र आभासको अभिनय दर्शकले मन पराएका थिए ।

### पूजा शर्मा र सुदर्शन थापा

आफूलाई नजिकको साथी भन्दै आए पनि अभिनेत्री पूजा शर्मा तथा निर्देशक सुदर्शन थापाबीच त्यसभन्दा नजिकको सम्बन्ध रहेको अनुमान जो-कसैले गर्दै आएका छन् । सुदर्शनले निर्देशन गर्ने अधिकांश चलचित्रमा पूजा छुट्दिनन् । अझ पछिल्लो समय त पूजाले सुदर्शनको चलचित्रमा लगानी समेत गर्न थालेकी छिन् । सार्वजनिक समारोहमा प्रायः सँगै हुने उनीहरूले हालसम्म खुलेर आफ्नो प्रेमसम्बन्ध स्वीकार नगर्नुलाई आश्चर्यका रूपमा लिइन्छ ।

# सेलिब्रेटी विवाहको वर्ष



भन्छिन्, विवाह नै प्रेमको उत्कर्ष हो। प्रेम गरेका अधिकांश जोडा-जोडी आफ्नो प्रेमलाई विवाहको रूप दिन चाहन्छन्। यद्यपि केही प्रेम विवाहसम्म नपुग्दै टुक्रिन्छन् भने कतिपय प्रेमले विवाहकै रूप लिन्छन्। यो वर्ष कलाकारिता क्षेत्रमा केही विवाह भएका छन्। तीमध्ये केही प्रेम विवाह हुन् भने केहीले मागी विवाह गरेका छन्।

लामो समयदेखि अमेरिकामा बसोबास गर्दै आएका अभिनेता राज बल्लभ कोइरालाको विवाह यही वर्ष सम्पन्न भएको छ। अमेरिकाको डिसी महानगर क्षेत्रको स्प्रिङ्स फिल्डमा राज बल्लभले आफ्नी प्रेमिकालाई दुलही बनाएका हुन्। राज बल्लभ तथा उनकी प्रेमिका प्रतिमा विमलीले गत मंसिर १७ गते धार्मिक शैलीमा विवाह गरेका हुन्। उनीहरूको वैवाहिक समारोहमा राज बल्लभ तथा प्रतिमाको परिवारका सदस्यहरूका साथै अमेरिकामा बसोबास गर्ने अधिकांश नेपाली कलाकारको सहभागिता थियो। राज बल्लभकी जीवनसंगिनी प्रतिमा बायो मेडिकल इन्जिनियर हुन्। चलचित्र 'हाइवे टु धुम्पुस'को छायांकनका क्रममा अमेरिका पुगेका राजबल्लभ उतै सेटल भएका छन्। चलचित्र 'पर्खि बसें' मार्फत रजतपटमा भित्रिएका राज बल्लभले पहिलो पहिलो माया, छोडी गए पाप लाग्ला, राघव आदि चलचित्रमा अभिनय गरेका छन्।

अभिनयमा सक्रिय रहँदा-रहँदै वैवाहिक जीवनमा प्रवेश गर्ने साहसिक निर्णय गर्ने अभिनेत्री हुन्– निशा अधिकारी। निशाले नेपालको राष्ट्रिय क्रिकेट टिममा आबद्ध स्टार क्रिकेटर शरद भेषवाकरसँग लगनगाँठो कसेकी हुन्। लामो समयदेखि प्रेम सम्बन्धमा रहेको यो जोडीको वैवाहिक समारोहलाई नेपाली सञ्चारमाध्यमले समेत महत्वपूर्ण स्थान दिएका थिए। उनीहरूले गत असार १६ गते विवाह गरेका हुन्। विवाह गरेको सात महिनापछि निशाले आफू गर्भवती भएको जानकारी समेत दिइसकेकी छिन्। पछिल्लो समय निशा अमेरिका पुगेकी छिन्। निशाले आफ्नो सन्तानलाई अमेरिकामै जन्म दिन सक्ने अनुमान गर्न थालिएको छ। केही महिना भित्रै निशा पहिलो सन्तानको आमा बन्ने छिन्।

चलचित्र रिदमबाट रजतपटमा प्रवेश गर्ने अभिनेत्री निश्मा घिमिरे तथा व्यस्त नृत्य निर्देशक एवं अभिनेता गम्भीर विष्ट पनि यही वर्ष वैवाहिक जीवनमा बाँधिएका छन्। उनीहरूले पनि लामो समयदेखिको प्रेम सम्बन्धलाई विवाहको रूप दिएका हुन्। निश्मा र गम्भीरले गत मंसिर ७ गते धार्मिक शैलीमा विवाह गरेका थिए। उनीहरूको वैवाहिक समारोह तथा प्रीति भोजमा नेपाली चलचित्र क्षेत्रका लोकप्रिय अनुहारहरूको उपस्थिति देखिन्थ्यो। अभिनेत्री निश्मा पछिल्लो समय चलचित्रमा खासै सक्रिय छैनन्। गम्भीर भने चलचित्र तथा म्युजिक भिडियोमा कोरियोग्राफरका रूपमा सक्रिय छन्।

कलाकार हरिवंश आचार्यका छोरा मोहित वंश आचार्य पनि यही वर्ष वैवाहिक जीवनमा बाँधिए। मह सञ्चारले निर्माण गरेका टेलिश्रृंखलाहरूमा अभिनय गर्दै आएका मोहितले काभ्रेकी बिन्दु थापासँग वैवाहिक जीवन प्रारम्भ गरेका हुन्। उनीहरूले असार १७ गते विवाह गरेका थिए। दुलही लिन मोहित धुलिखेलस्थित मिराबेल होटल पुगेका थिए। उक्त होटलमै वैवाहिक समारोह सम्पन्न भएको थियो। आर्मी अफिसर्स क्लब, सुन्धारामा आयोजित प्रीतिभोजमा भने समाजका हरेक तह तथा तप्काका मानिसहरू आमन्त्रित थिए। मोहित र बिन्दुले इन्गेज्मेन्ट गरेको पाँच महिनापछि विवाह गरेका हुन्।

नेपाली राष्ट्रिय क्रिकेट टिमका विकेटकिपर ब्याट्सम्यान नरेश बुढाऐर पनि यही वर्ष विवाह बन्धनमा बाँधिए। नरेशले गत जेठ महिनामा ममता खड्कासंग लगनगाँठो कसेका हुन्।

## ट्वीटर

Santosh Bhattarai@sanomanche

क्रिसमसमा रात्तामे लुगा लगाएर गएको छोराले भ्यालेन्टाइन डे कसरी मनाउला विद्यालयमा? जिज्ञासा।

Nepali Korea@NepaliKorea

भ्यालेन्टाइन डे भन्ने कि स्वास्नी देखाउने डे भन्ने बुझ्नै गाह्रो भो बा!

जिवात्मा@daffy_bhandari

यही...ह्याप्पी भ्यालेन्टाइन डे नलेखेको आरोपमा पल्लो गाउँबाट निकाला भएर यता आ'को, यहाँ त झन् उखपात रै'छ– भ्यालेन्टाइन।

Offiline kp@kpzingh

हरेक काममा स्वीकार हुँदैन। हरेक इच्छा पूरा हुँदैन। जसको दिलमा तपाईंजस्तो मानिस बस्छ, उनका लागि धड्कन पनि जरुरी हुँदैन– भ्यालेन्टाइन डेको शुभकामना।

हसाउँछ शेरेले@comedy_shere

जीएफ हुनेहरूका लागि पो भ्यालेन्टाइन डे त, हाम्रा लागि त कागलाई बेल पाक्यो हर्ष न विस्मात।

Deepak MC@Deep_the_light

विवाहअघि भ्यालेन्टाइन डे भनी प्रेमिल संसारमा डुब्नेहरूको भ्यालेन्टाइनको नशा विवाहपछि उत्रिन्छ अनि पश्चाताप गर्छन् भ्यालेन्टाइनलाई गाली गर्दैं।

सरु बानियाँ@SaruBaniya

कुनै फरक पर्दैन विष र मायामा, विष पिएपछि मानिसहरू मर्छन् र माया गरेपछि मानिसहरू जिउन सक्दैनन्।

सुन्दर थापा@thapasundar02

तिमीले भनेकी थियौ नि, फेब १४ भ्यालेन्टाइन डेमा के उपहार दिन्छौ भनेर? नोभेम्बर १४ मा थाहा पाउनेछौ प्रिय।

निर्दोष मन@PahadiNirmal

पोहोर-पोहोर त म भनेसि भुतुक्कै हुन्थे मोरीहरू, हेरौं यो भ्यालेन्टाइन डेमा मलाई मन पराउने मोरीहरू कति रै'छन्?

Debit Dipendra@BhusalDipendra

साँचो कुरा हुन्न यो झूटो, बिहे गरेर हतारै हतारमा, फुर्सदैमा लाग्छ पछुतो।

बैतडेली@Minal_mRaj

कति राम्रो हुन्थ्यो होला- हामीले भ्यालेन्टाइन डेमा जस्तै चप्पल डे, कम्बल डे मनाएर त्यो दिन दान गर्दा? सोच बदलिए दुनियाँ बदलिन्छ।

Saboitathapaliya@sabitathapaliya

बिहे भैसकेपछि भ्यालेन्टाइन डे मनाउनु र अघाएपछि मासु-भात खानु उस्तै-उस्तै हो रे नि त हनुमानजी।

Wry Imny@RoNeet4

माया एउटा विश्वास हो, जसलाई जोगाउन दुवै मन विश्वासिलो हुनु जरुरी छ।

मास्टरको छोरो@manish10597794

यो बेला गर्लफ्रेन्ड खोज्नु र दसैंमा खसी खोज्नु उस्तै-उस्तै हो साथीहरू...भाउ बढेर खपिसक्नु हुँदैन भन्या।

blank@sarojpa97909073

भ्यालेन्टाइन डेको बाल छैन भन्नेहरू नै आज कसैले प्रपोज गर्छन् कि भनेर चौबीसै घण्टा अनलाइन बसिरा'का छन्– दुःखी आत्माहरू।

कामदेव@SKamal45

म यो रोज डे, किस डे केही पनि जान्दिनँ हेर कान्छी। सीधै भ्यालेन्टाइन डेमै अट्याक हान्ने हो।

प्रकाश रिमाल@PrakashRimal54

कागलाई बेल पाक्यो हर्ष न बिस्मात भनेजस्तै भा'छ, हामी सिंगल हुनेहरूलाई यो भ्यालेन्टाइन डे पनि।

प्रिय मिलन@priy_milan

भ्यालेन्टाइन डे आइसक्यो, सेलरोटी पकाउने पीठो पिसाएको छैन। गरिबलाई दसैं नि उस्तै, भ्यालेन्टाइन डे नि उस्तै हो प्रभु।


sajjanpushkar@sajjankushkar1

आफ्नै बारीमा फुलाएको फूल कसैलाई दिऊँ भने पनि लिने कोही छैन यो भ्यालेन्टाइन डेमा।

The next@dinesh2379

भ्यालेन्टाइन डे मनाउने तिनै हुन्, जसको नियति माया गरेर सकियो अब कपडा लगाउ भन्ने हुन्छ।


## फोटो अफ दि विक



● विवाहको छैठौं वार्षिकोत्सव (माघ २६ गते) को पूर्व सन्ध्यामा दम्पति गायक-गायिका मिलन श्रेष्ठ तथा गीता श्रेष्ठको रोमान्टिक तस्बिर।

## अमर प्रेमगीत

### प्रकाश सायमीको नजरमा अमर प्रेम गीत



**यति चोखो यति मीठो**
**स्वर** : नारायण गोपाल, **शब्द/संगीत** : गोपाल योञ्जन

**संगाल घुम्टोहरू सजाउ केशहरू**
**स्वर** : नारायण गोपाल, **संगीत** : गोपाल योञ्जन, **शब्द** : नगेन्द्र थापा

**मेरो गीत सबै तिमीलाई**
**स्वर** : अरुण थापा, **संगीत** : दिव्य खालिङ

**उकाली चढ्दा पसिना पुछें**
**स्वर/शब्द/संगीत** : अम्बर गुरुङ

**प्रेमको माला पहिराइ दिएँ**
**स्वर** : नारायण गोपाल, **संगीत** : सिके रसाइली, **शब्द** : राजेन्द्र रिजाल

**फूलै फूलको मौसम तिमीलाई**
**स्वर** : तारादेवी, **संगीत** : शुभबहादुर सुनाम, **शब्द** : रत्नशमशेर थापा

**भन भन न तिम्रो हजुर कस्तो छ**
**स्वर** : दीप श्रेष्ठ/दावा ग्याल्बो, **शब्द/संगीत** : दीप श्रेष्ठ

**नमान लाज यसरी**
**स्वर** : प्रेमध्वज प्रधान र उषा मंगेसकर, **संगीत** : जयदेव, **शब्द** : किरण खरेल

**तिमी लालीगुराँस फूल जस्ती**
स्वर : प्रकाश श्रेष्ठ, संगीत : शम्भुजित बासकोटा, शब्द : राजेन्द्र रिजाल

**गरौं कि मीठो भूल**
**स्वर** : दीपक खरेल, **संगीत** : दीपक जंगम, **शब्द** : वसन्त चौधरी

**आकाशमा एक्लो तारा देख्यौ भने**
**स्वर/संगीत** : शान्ति ठटाल, **शब्द** : ईश्वर बल्लभ

**तिम्रो पनि माया लाग्छ**
**स्वर** : रुबि जोशी, **संगीत** : शिव शंकर, **शब्द** : राममान तृषित

**माया प्रीतिको चोखो कथा**
**स्वर** : किरण प्रधान/अरुणा लामा, **संगीत** : गोपाल योञ्जन, **शब्द** : चेतन कार्की

**हिमाल सरी म अग्लिरहेछु**
**स्वर** : नारायण गोपाल/अरुणा लामा, **शब्द/संगीत** : गोपाल योञ्जन

**तिमी सुन्दर छौ**
**स्वर** : उदित नारायण झा, **संगीत** : नातिकाजी, **शब्द** : किरण खरेल

**कल्पनाको गगन मुस्कुराउने चन्द्र बनन**
**स्वर/संगीत** : बच्चु कैलाश
**शब्द** : सुरेन्द्रबहादुर शाह


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# ह्याप्पी भ्यालेन्टाइन डे

## पुष्प खड्का तथा पुष्पा रायमाझी

तस्बिर : महेश प्रधान

मेकअप : समरा लामा, लक्ष्मी ब्युटिपार्लर, नील सरस्वतीस्थान, लाजिम्पाट

पहिरन : पिजेज कलेक्सन, सिभिल मल

लोकेसन : कोलिना होलिडे इन रिसोर्ट, बूढानीलकण्ठ

संयोजन : कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# आई क्लबमा फेसन मेनिया



नयाँ डिजाइनका फेसनलाई प्रोत्साहित गर्ने उद्देश्यले दरबार मार्गस्थित आई क्लबले गत साता फेसन मेनियाको १८ औं श्रृंखला प्रस्तुत गऱ्यो । फेसन शोमा दुई दर्जन मोडल आकर्षक तथा पारदर्शी पहिरनमा प्रस्तुत भए । फेसन शोमा काजल क्रिएसनकी डिजाइनर काजल शर्माद्वारा तयार पारिएका विभिन्न शैलीका पहिरन प्रदर्शन गरिएको थियो । गर्मीलाई लक्षित गरेर तयार पारिएका इभनिङ गाउनको प्रस्तुतिसँगै फेशन शो प्रारम्भ भएको थियो । दोस्रो सिक्वेन्समा जिपर सारी तथा जिपर चोलोमा सजिएका मोडलहरू प्रस्तुत भए । तेस्रो सिक्वेन्समा लेहेंगा प्रदर्शन गरियो भने त्यसपछिको सिक्वेन्समा जाडो लक्षित ओभरकोट, विन्टर गाउन, वान पिस आदि समावेश थिए । बेटर ग्यालेक्सी इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित यो फेसन शोको कोरियोग्राफी धीरज तण्डुकारले गरेका थिए ।

# टिन स्टार नेपाल र लिटिल च्याम्प



टिन स्टार नेपाल तथा लिटिल च्याम्प-२०१८ एकसाथ एउटै मञ्चमा सम्पन्न भएको छ । मर्निङ ग्लोरी इन्टरटेनमेन्टको आयोजनामा सञ्चालित उक्त प्रतियोगितामा समृद्धि श्रेष्ठले टिन स्टार नेपाल-२०१८ को उपाधि जितिन् भने सप्तमी प्रसाईं र सविशा श्रेष्ठ क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप भए । लिटिल च्याम्प-२०१८ बन्न सफल भए– फुङनाम लिम्बू । उनलाई पछ्याइन् फस्ट रनर्सअपका रूपमा अनुशा गुरुङले भने रिस्ता न्यौपाने सेकेन्ड रनरर्सप छनौट भइन् ।

# प्रकृतिलाई कलेज आइकन



मिस कलेज आइकन-२०१८ मा प्रकृति कार्की उपाधि विजेता भएकी छिन् । प्रतियोगितामा मोस्ट आइकोनिक आइजको एवार्डसहित सिसम आचार्य फस्ट रनर्सअप तथा एन्जिला चित्रकार र युनिशा बजगाईं क्रमशः सेकेन्ड तथा थर्ड रनर्सअप घोषित भए । पपुलर विधाको एवार्डमा निर्मला पुरीले कब्जा जमाइन् । एएनपी मिडिया हाउसद्वारा आयोजित उक्त प्रतियोगितामा सिरिन गुरुङ क्याटवाक, सुमी महर्जन पर्सनालिटी, रोशनी राई कन्जिनियालिटी, अश्मि शाक्य बेस्ट फिगर तथा वृक्षा सिलवाल फोटोजेनिक विधाका विजेता भएका थिए ।

# फरक शैलीमा फेसन शो



नमुना कलेज अफ फेसन टेक्नोलोजीको प्राङ्गणमा ग्राटिच्युड एन्ड होप शीर्षकमा प्रस्तुत गरिएको एक फेसन कार्यक्रममा जापानी डिजाइनर आया डोमोन, नमूना कलेजका ग्राजुएट डिजाइनरत्रय राजेन्द्र राई, सारिका राई र सानु नमाया तथा डिजाइनर नुजत काजीका सिर्जनाहरू प्रस्तुत गरिए । जापानी डिजाइनर आया डोमोनको प्रस्तुतिमा युनिकलर्ड वन् पिस स्कर्ट, टप्स, ज्याकेट, ट्राउजर आदिको कलेक्सन थियो जसलाई लेयरिङ शैलीमा आकर्षक ढंगले प्रस्तुत गरिएको थियो । उक्त शोमा जापानी फ्याब्रिकमा तयार पारिएका पहिरन तथा पस्मिनाका सुन्दर एवं मनमोहक रूप समेत प्रस्तुत भए ।

# लिटिल आइकन नेपाल



लिटिल आइकन नेपाल- २०१८ मा बालिकाहरूतर्फ श्रेया लिम्बू र हना श्रेष्ठ क्रमशः जुनियर तथा सिनियर उमेर समूहमा विजेता भएका छन् । अनुष्का तामाङ र याङ्की सिलवाल फस्ट रनर्सअप, प्रमिशा राई र प्रिभा घिमिरे सेकेन्ड रनर्सअप घोषित भए । उक्त प्रतिस्पर्धामा जुनियरतर्फ कामना राई मोस्ट पपुलर घोषित भइन् भने सिनियरतर्फ रिया राईले मोस्ट पपुलरको उपाधि प्राप्त गरिन् । एएनपी मिडिया हाउसद्वारा आयोजित यो प्रतियोगितामा बालकतर्फ मोस्ट पपुलर एवार्डसहित सेहाङ राई विजेता घोषित गरिएका थिए । यसैगरी निश्चल श्रेष्ठ तथा लक्ष्य झा क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप चयन भए ।

# मिस इको इन्टरनेसनल




'मिस इको इन्टरनेनसल-२०१८' मा नेपालका तर्फबाट मौनता लामाले सहभागिता जनाउने भएकी छिन् । आगामी अप्रिल १ देखि १५ तारिखसम्म इजिप्टमा सञ्चालन हुने मिस इको इन्टरनेसनल-२०१८ का लागि लामाको चयन भएको हो । मिस इको इन्टरनेसनलका लागि नेपालस्थित आधिकारिक संस्था ग्रिन आर्ट्स मिडियाले राजधानीको रोयल एम्पायर बुटिक होटलमा एक कार्यक्रमका बीच लामालाई मिस इको इन्टरनेसनल नेपाल-२०१८ का रूपमा ताज पहिऱ्याएर नेपालको आधिकारिक सहभागीका रूपमा सार्वजनिक गरेको हो । कपन निवासी १८ वर्षीया मौनता लामा विज्ञानमा दस जोड दुईमा अध्ययनरत छिन् ।

# फुड फेस्टिभलमा उपप्रमलाई खिर



सुनसरीको इटहरीमा बिहीबार प्रारम्भ भएको राजनीतिज्ञ विजयकुमार गौंदेल 'इटहरी फुड फेस्टिभल' को औपचारिक सुरुवात गर्ने क्रममा गच्छदारलाई खीर ख्वाइएको थियो । 'युथ फर सोसियल डेभलपमेन्ट' द्वारा आयोजित उक्त फेस्टिभलमा विभिन्न होटलले तयार पारेका परिकारहरू विशेष आकर्षणमा छन् । फेस्टिबलमा प्रश्ना शाक्य, श्रेया सोताङ, अल्मोडा राना उप्रेती, ज्योती मगर, प्रमोद खरेल, राजनराज शिवाकोटी, श्रीकृष्ण लुईंटेल, गंगा वरदान आदि कलाकारको सांगीतिक प्रस्तुतिसहित विभिन्न नृत्य समेत देखाइएको थियो ।

# सुपर प्लस साइज मोडल



प्लस साइज जीउडाल भएका महिलाहरूमा केन्द्रित सौन्दर्य प्रतियोगिता 'सुपर प्लस साइज मोडल नेपाल-२०१८' को उपाधि सपना राईले जितेकी छिन् । गत साता राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित उक्त प्रतियोगितामा बिना लामिछाने फस्ट रनर्सअप तथा सिर्जना महत सेकेन्ड रनर्सअप घोषित भए । यसैगरी प्रतियोगितामा रुबी महतो पपुलर तथा सुजाता शाह काफ्ले मल्टी मिडिया विधामा उत्कृष्ट छानिएका थिए ।

# कान्छी म्युजिकल नाइट



श्वेता श्री फाउन्डेसनले सिन्धुपाल्चोक जिल्लाको भ्याडीटोलमा निर्माण गरिरहेको माझी बस्तीका लागि सहयोग जुटाउने उद्देश्यले गत मंगलबार साँझ काठमाडौंमा एउटा रमाइलो कार्यक्रम प्रस्तुत गऱ्यो । कार्यक्रममा चलचित्रका अभिनेता दयाहाङ राई, अभिनेत्री श्वेता खड्का, निर्देशक आकाश अधिकारी, गायक तथा संगीतकार राजनराज शिवाकोटी, गायक युवराज चौलागाईं, गायक धर्मेन्द्र सेवान, अभिनेता विनोद भण्डारी, अभिनेत्री जेबिका कार्की आदिले विभिन्न प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरे । समारोहमा जितु नेपाल, सन्दीप क्षेत्री तथा शैलेन्द्र सिम्खडाले व्यंग्यात्मक प्रस्तुतिमार्फत दर्शकहरूलाई हँसाएका थिए ।

उक्त अवसरमा चलचित्र कान्छीको 'चरी चट्ट परी...' गीत का सर्जक राजनराज शिवाकोटीलाई बंगलादेशमा निर्मित रनर्स बाइक उपहारस्वरूप प्रदान गरिएको थियो भने चलचित्र क्षेत्रमा योगदान पुऱ्याउने नृत्य निर्देशक वसन्त श्रेष्ठ, चरित्र अभिनेत्री वसुन्धरा भुसाल आदिलाई सम्मानसमेत गरिएको थियो ।

विकेन्ड कन्सर्ट

# र्‍याडिसनमा नेप्लिज कन्सर्ट

आज शुक्रबार र्‍याडिसन होटलमा नेप्लिज कन्सर्टको आयोजना हुँदैछ जसमा नायिका शुष्मा कार्की गायकद्वय अभिनाश घिसिङ तथा सुगम पोखरेल आदिले प्रस्तुति दिनेछन् । कार्यक्रम साँझ ७ बजे प्रारम्भ हुने बताइएको छ ।



विकेन्ड नाटक

# भ्यालेन्टाइन डेमा 'म रोज'

भ्यालेन्टाइन डेको पूर्वसन्ध्या पारेर बिहीबारदेखि काठमाडौंमा 'म रोज' शीर्षकको नाटकको मञ्चन प्रारम्भ भएको छ । पुरानो बानेश्वरस्थित शिल्पी थिएटरमा शनिबारसम्म मञ्चन हुने उक्त नाटक अमेजन इन्टरटेन्मेन्टले प्रस्तुत गरेको हो । कमल खतिवडाको लेखन तथा निर्देशनको नाटक म रोजमा दिक्पाल कार्की, हिमानी सुब्बा, मन्जु श्रेष्ठ, केशव सापकोटा, गौरा राई, पवित्रा खड्का, खेमानन्द जैसी, ज्ञानिता नेम्वाङ, अभिषेक बोहोरा, करुणा श्रेष्ठ, विष्णु खड्का आदि कलाकारले अभिनय गरिरहेका छन् । वियोगान्त प्रेमकथामा आधारित यो नाटक प्रत्येक दिन साँझ ४ बजे मञ्चन हुने निर्देशक खतिवडाले बताएका छन् ।




विकेन्ड लाइभ

## लाइभ नाइट

भैंसेपाटीस्थित गुड मिक्सर रेस्टुराँमा अनुभूति गुरुङ तथा सञ्जय महतले आज शुक्रबार लाइभ पर्फमेन्स दिँदैछन् ।



## म्युजिकल साँझ

रोट्र्याक्ट क्लब अफ कुपण्डोलले आज शुक्रबार सिजन अफ लभ अनप्लग्ड एस-७ को आयोजना गर्दैछ । लगनखेलस्थित ललितपुर मलको क्लिफ रेस्ट्रो एन्ड बारमा सञ्चालन हुने यो कार्यक्रमअन्तर्गत सेल्फी प्रतिस्पर्धा, रमाइला गेम, कपल गेम, नाँचगान जस्ता कार्यक्रम सञ्चालन हुनेछन् । यसका साथै सांगीतिक प्रस्तुति पनि रहनेछ । यो कार्यक्रमसम्बन्धी थप जानकारी रोट्र्याक्ट क्लब अफ कुपण्डोलको फेसबुकको पेजबाट प्राप्त गर्न सकिन्छ ।

प्रतिस्पर्धा

## लभ म्यासेज



तपाईं लेखनमा रुचि राख्नुहुन्छ भने एउटा अवसर आएको छ । आफूले भोगेका प्रेमका पलहरू, प्रेमको म्यासेज मात्र दुई सय शब्दमा लेख्नुभयो भने विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गर्न सक्नुहुनेछ । प्रेमको सन्देश, प्रेमको कथा लेखेर यो पेजमा पठाउन सकिनेछ- https://www.facebook.com/kathmandupost उत्कृष्ट सन्देश तथा सामग्री काठमाडौं पोस्मा प्रकाशित हुनुका साथै विभिन्न गिफ्ट ह्याम्पर समेत जित्न सकिनेछ ।

विकेन्ड लाइभ

# सिभिल मलमा क्लोज अप लभ फेस्ट

भोलि शनिबार सिभिल मलमा क्लोज अप लभ फेस्टको आयोजना हुँदैछ । फेस्टमा चर्चित न्यापर लाहुरे, स्वप्न सुमन, सबिन राइ र ब्यान्ड, श्रेया सोताङ, नितेशजंग कुँवर, द लोडिङ ब्यान्ड, मायाभी सुरज, सबिन कार्की र उनको समूहले प्रस्तुति दिँदैछन् । यसका साथै फेस्टमा जोडीहरूका लागि विभिन्न खेल, लभ एक्सप्रेसन, लभ लाउन्जजस्ता कार्यक्रमहरू पनि समावेश गरिएको छ ।

तस्बिर : जस्मन उटकम



फुटसल

# शान्तिनगरमा खुला फुटसल

भोलि शनिबार ग्लोबल काठमाडौं कन्सल्ट तथा स्पोर्टस एरेनाको संयुक्त आयोजनामा शान्तिनगरमा खुला फुटसल प्रतियोगिता हुँदैछ । प्रवेश शुल्क ३ हजार रुपैयाँ राखिएको यो प्रतियोगिताको विजेता टिमले ३० हजार रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने दोस्रो हुने टिमले १५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।



भ्यालेन्टाइन विकेन्ड

# सौराहामा फुड फेस्टिबल

भ्यालेनटाइन डेको अवसर पारेर सौराहामा फुड फेस्टिबल हुने भएको छ । सिसुवार खेल मैदानमा सञ्चालन हुने यो फेस्टिबल रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल, सौराहाले आयोजना गर्न लागेको हो । १२ औं संस्करणको यो फुड फेस्टिबलमा प्रेमपत्र लेखन प्रतियोगिताले रौनक थप्दै आएको छ । माघ २८ गते प्रारम्भ हुने फुड फेस्टिबल फागुन ३ गतेसम्म चल्नेछ । फेस्टिबलका क्रममा सौराहा रेवान आबद्ध रेस्टुराँहरू १५ प्रतिशत छुटको व्यवस्था मिलाएका छन् भने होटलमा बस्नेहरूका लागि पनि १५ प्रतिशत छुटको व्यवस्था छ ।



# पोखरामा भ्यालेन्टाइन डे

भ्यालेन्टाइन डेका अवसरमा पोखराको अक्सिजन लाउञ्जबारले फागुन २ गते विशेष कार्यक्रम गर्दैछ । साँझ ७ बजेदेखि ११ बजेसम्म चल्नेछ उक्त कार्यक्रममा काठमाडौंको डाइनामिक ब्यान्डले आफ्नो प्रस्तुतिमार्फत मनोरञ्जन प्रदान गर्नेछ । यता ओजन डिस्कोमा रोमियो जुलियट नाइटको आयोजना हुँदैछ । दरबार पोखरा क्याफे म्युजिक लाउञ्जमा भने शुभेच्छा मल्ल, प्रसन्न अधिकारी, डिजे ससपोइजनको प्रस्तुतिमा भ्यालेन्टाइन डेलाई अविस्मरणिय बनाउन सकिनेछ । ७ बजे प्रारम्भ हुने उक्त कार्यक्रम मध्यरात १२ बजेसम्म चल्नेछ । डुंगा रेस्ट्रो एन्ड लाउञ्जबारमा पनि भ्यालेन्टाइन डेका अवसरमा विशेष कार्यक्रम सञ्चालन हुनेछ । ओपन हाउस रेस्टुरेन्ट एन्ड लाउञ्जबारले समेत भ्यालेन्टाइन विशेष कार्यक्रम आयोजित गर्दैछ । पोखराको लेकसाइडस्थित ओजन रेस्टुरेन्ट एन्ड लाउञ्ज बारमा भ्यालेन्टाइने डे स्पेसल फेसन शो हुँदैछ । फागुन २ गते बिहीबार सञ्चालन हुने उक्त फेसन शोमा पोखराका ८ जना पुरुष तथा ८ जना महिला मोडल र्‍याम्पमा उत्रनेछन् । कार्यक्रमको थप आकर्षणमा डान्स, म्युजिक तथा गेम्स रहनेछन् । साँझ ६ बजे प्रारम्भ हुने यो कार्यक्रम राति ११ बजेसम्म चल्नेछ ।

भ्यालेन्टाइ डे विशेष

# सर्वाधिक आकर्षक महिला-पुरुष

जनक तिमिल्सिना

आकर्षकको अर्थ अरूलाई आफूप्रति सम्मोहित गर्नु हो । कसैको शारीरिक बनावट, रूप रंग त कसैको बोलीवचन तथा व्यक्तित्वले मानिसलाई सम्मोहित गरिरहेको हुन्छ । 'आकर्षण' सौन्दर्य बोधको त्यो भावना हो- जसमा एक व्यक्तिलाई अर्को व्यक्तिको शारीरिक तथा बौद्धिक पक्ष सुखदायक, मोहक एवं सुन्दर लाग्छ ।

आकर्षकको मापदण्डमा समेत विविधता पाइन्छ । कसैलाई मृगनयनी आँखा मन पर्छ, कसैलाई क्याडबरी ओठ । कोही चकलेटी अनुहारप्रति आकर्षित भैरहेका हुन्छन्, त कोही सिल्की केशमा । कसैलाई उचाइले तानिरहेको हुन्छ त कोही अनुहारको वनावटमा मुग्ध भैरहेका हुन्छन् । सामाजिक भूमिका कसैको आकर्षक छविको कारण बनिरहेको हुन्छ भने बौद्धिक सुन्दरताले पनि धेरैलाई लोभ्याइरहेको हुन्छ ।

आकर्षक महिला तथा पुरुष यिनै हुन् भनेर ठोकुवा गर्ने कुनै वैज्ञानिक आधार छैन । फरक-फरक मापदण्डका आधारमा सर्वाधिक आकर्षण महिला-पुरुष खोजी गर्ने चलन छ । त्यसका लागि विभिन्न मापदण्डहरू तय गरिएका छन्, जसमा सर्वेक्षण, जनमत, व्यवसायिक सफलता, प्रभाव, सुन्दरताजस्ता पक्षलाई आधार बनाइएको हुन्छ । आकर्षण महिला-पुरुषमा प्रायः मिडियामा छाइरहने सेलिब्रेटी तथा सामाजिक भूमिका देखिएका व्यक्तिहरू नै पर्छन् ।

साप्ताहिकले नौ वर्षदेखि नेपालका सर्वाधिक आकर्षक महिला-पुरुष खोज्ने जमर्को गरिरहेको छ । सर्वस्वीकार्य मनकी राजकुमारी वा राजकुमारको खोजी गर्नु पक्कै पनि जटिल विषय हो । हरेक प्रणय दिवसको अवसरमा हामीले नेपालका सर्वाधिक शारीरिक रूपमा बोल्ड, ब्युटिफूल तथा ह्याण्डसम महिला-पुरुष खोज्ने प्रयास गर्दै आएका छौं । यो भ्यालेन्टाइन डेमा पनि साप्ताहिकले त्यसलाई निरन्तरता दिएको छ ।

विविध क्षेत्र एवं व्यवसायिक पृष्ठभूमिका प्रतिनिधि पात्रका मतका आधारमा साप्ताहिकले नेपालका सर्वाधिक आकर्षक पुरुष-महिला छान्ने प्रयास गरेको हो । सर्वेक्षणका क्रममा सहभागीहरूलाई सुन्दरता, व्यक्तित्व, बौद्धिकता एवं प्रभावलाई आधार बनाउन अनुरोध गरिएको थियो । ती प्रतिनिधिहरूले छनौट गरेको सूचीका आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने १० जनालाई साप्ताहिकले सर्वाधिक आकर्षक महिला-पुरुषका रूपमा छनौट गरेको छ । हरेक वर्षभैंं यसपटकको सर्वेक्षणबाट पनि समाजमा सकारात्मक प्रभाव छाडेका व्यक्ति, मिडियामा निरन्तर छाइरहने परिचित अनुहार, सार्वजनिक पदमा रहेका र आफ्नो प्रभावले समाजलाई तरंगित पार्ने एवं सेलिब्रेटी छवि भएकाहरूकै बोलवाला छ । केही नयाँ अनुहारले आफ्नै सौन्दर्य, प्रभाव र छवि कारण यो वर्ष आकर्षक १० मा डेब्यु गरेका छन् भने केही यो सूचीबाट बाहिरिएका छन् ।

पूर्वयुवराज्ञी हिमानी शाह यसपटक सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो स्थानमा छिन् । सम्मोहित तुल्याउन सक्ने सुन्दरता, सरलता एवं भद्र व्यक्तित्वसँगै उनले बढाउँदै लगेको सामाजिक अग्रसरताका कारण हिमानी पहिलो स्थानमा आएकी हुन् । अघिल्लो संस्करणमा उनी दोस्रो स्थानमा थिइन् । यो सूचीमा निरन्तर समावेश हुँदै आएकी हिमानी पहिलो पटक पहिलो स्थानमा उक्लिएकी हुन् ।

गत वर्ष १० औं स्थानमा रहेकी ड्रिमगर्ल साम्राज्ञी राज्यलक्ष्मी शाह यस पटक यो सूचीमा ठूलो फड्को मार्दै दोस्रो नम्बरमा पुगेकी छिन् । हिमानीसँग पहिलो स्थानका लागि कडा प्रतिस्पर्धामा देखिएकी साम्राज्ञीले ८ स्थान माथि उक्लिँदै दोस्रो स्थान सुरक्षित गरेकी हुन् । साम्राज्ञीको आकर्षक शारीरिक बनावट एवं अभिनयसँगै पृथक र सौम्य व्यक्तित्वलाई धेरैले मन पराएका छन् ।

०७२ र ०७३ गरी लगातार दुई संस्करणमा पहिलो स्थानमा रहेकी अभिनेत्री प्रियंका कार्की यसपटक दुई स्थान तल झर्दै तेस्रो स्थानमा पुगेकी छिन् । अपिलिङ स्टाइलको स्टारडम तथा आकर्षक जीउडालकी प्रियंकाको प्रभाव गत वर्षको तुलनामा सामान्य खस्किएको देखिन्छ ।

म्युजिक भिडियो हुँदै चलचित्रमा आएकी अभिनेत्री केकी अधिकारीले यसपटक आफ्नो प्रभाव उल्लेख्य रूपमा वृद्धि गरेकी छिन् । गत वर्ष नवौं स्थानमा रहेकी केकी यसपटक पाँच स्थान माथि उक्लँदै चौथो स्थानमा पुगेकी छिन् । उनको बौद्धिकता एवं अभिनय क्षमताले धेरैलाई मोहित तुल्याएको पाइन्छ ।

ग्ल्यामरस लुक्सकी अदिती बुढाथोकी पहिलो पटक यो सूचीको पाँचौं नम्बरमा छिन् । ग्ल्यामर लुक र बोल्डनेसका कारण फिल्मी पर्दामा नदेखिँदै चर्चामा रहेकी अदिती गत वर्ष थोरै मतका कारण टपटेनको सूचीमा अटाएकी थिइनन् । सर्वेक्षणका क्रममा उनलाई सम्भावना बोकेकी 'बोल्ड एन्ड ब्युटिफूल' नायिकाका रूपमा धेरैले मत दिएका छन् ।

केही वर्षदेखि गायन, सेक्सी जीउडाल एवं आकर्षक ठुम्काका कारण चर्चामा रहने गायिका इन्दिरा जोशी छैटौं नम्बरमा छिन् । २०६९ र २०७१ को संस्करणमा इन्दिरा पहिलो नम्बरमा थिइन् । २०७२ मा चौथो स्थानमा रहेकी जोशी २०७३ मा तेस्रो स्थानमा उक्लिएकी थिइन् तर, यस पटक उनी ३ स्थान तल झर्दै छैटौं स्थानमा छिन् ।

'ऐश्वर्या'बाट यसै वर्ष चलचित्रमा डेब्यु गरेकी अभिनेत्री दीपिका प्रसाईं सूचीको सातौं नम्बरमा छिन् । उनी पहिलो पटक यो सूचीमा परेकी हुन् । दीपिकासँगै मिस नेपाल निकिता चाण्डक यो सूचीको आठौं नम्बरमा छिन् । पूर्व मिस नेपाल तथा अभिनेत्री सृष्टि श्रेष्ठले भने गत वर्षको आफ्नो प्रभाव कायम राख्न सकेकी छैनन् । गएको संस्करणमा चौथो स्थानमा रहेकी सृष्टि यसपटक नवौं स्थानमा छिन् ।

विवेकशील पार्टीबाट काठमाडौं महानगरपालिकाको मेयरमा उम्मेदवारी दिएपछि चर्चामा आएकी हुन्– रञ्जु दर्शना । अनपेक्षित रूपमा भारी मत ल्याएपछि थप चर्चित भएकी रञ्जु यो सूचीको १० औं स्थान रहन सफल भइन् ।

अभिनेत्री नम्रता श्रेष्ठ भने यस पटक यो सूचीबाट बाहिरिएकी छिन् । उनको सुन्दरता एवं निडरताका सम्बन्धमा धेरै कुरा भएपनि उनलाई पर्याप्त मत प्राप्त भएन । ०७२ को संस्करणमा तेस्रो स्थानमा रहेकी नम्रता ०७३ मा पाँचौं स्थानमा थिइन् । गत वर्ष छैटौं स्थानमा रहेकी दीपाश्री निरौला यसपटक यो सूचीमा छैनन् । उनीसँगै गत वर्ष सातौं र आठौं नम्बरमा रहेका क्रमशः पौडी खेलाडी गौरिका सिंह र भलिबल खेलाडी तथा अभिनेत्री सिपोरा गुरुङ पनि यसपटक यो सूचीमा अटाएका छैनन् ।

गायिका मेलिना राई, अभिनेत्री स्वस्तिमा खड्का, नृत्यागंना एलिसा राई थोरै मतान्तरले यो सूचीमा अटाउन सकेनन् । यसबाहेक रिमा विश्वकर्मा, मीरा राई, सारा सिर्पाली, श्वेता खड्का, वर्षा शिवाकोटी,

## सर्वाधिक आकर्षक महिला छनौटकर्ता

दीपेन्द्र के खनाल (निर्देशक), दिवाकर भट्टराई (निर्देशक), जितु नेपाल (अभिनेता), सुविन भट्टराई (लेखक), रोशन प्रसाईं (विज्ञापन व्यवसायी), एन्जिल मास्के (फोटोग्राफर), शान थापा (पब्लिसिटी डिजाइनर), लक्ष्मी ठाकुर (हेयर डिजाइनर), विनोद भण्डारी (क्रिकेटर), प्रमोद अग्रहरि (कास्टिङ डाइरेक्टर), साहिल खान (भिडियो एडिटर), भरत रेग्मी (भिडियो एडिटर), हेमन्त राना (गायक), केदार श्रेष्ठ (थिएटर आर्टिष्ट), डा. रन्जित झा (चिकित्सक), सुशील नेपाल (भिजे), टेकेन्द्र शाह (भिडियो एडिटर) ।

## सर्वाधिक आकर्षक पुरुष छनौटकर्ता

माल्भिका सुब्बा (अभिनेत्री/मिडियापर्सन), अशिष्मा नकर्मी (अभिनेत्री), सबनम मुखिया (कोरियाग्राफर), डा. ज्योति भट्टराई (चिकित्सक), आश्ना अवस्थी (कोरियाग्राफर), अश्लेषा ठकुरी (अभिनेत्री), शिक्षा संग्रौला (मोडल), निशा पन्थी (व्यवसायी), नन्दा अधिकारी (मेकअप आर्टिष्ट), मन्जु कार्की (मेकअप आर्टिष्ट), सरिता गिरी (थिएटर आर्टिष्ट), मीना निरौला (गायिका), सुधिरा शाह (फोटोग्राफर), अनुमा कोइराला (निर्देशक), रमिला नेमकूल (फेसन डिजाइनर), रोजिना श्रेष्ठ (फेसन डिजाइनर) तथा सरस्वती प्रतीक्षा (साहित्यकार) ।



## विगतका केही आकर्षक महिला

**२०७३ का आकर्षक १० महिला**

१. प्रियंका कार्की, २. हिमानी शाह, ३. इन्दिरा जोशी, ४. सृष्टि श्रेष्ठ, ५. नम्रता श्रेष्ठ, ६. दीपाश्री निरौला, ७. गौरिका सिंह, ८. सिपोरा गुरुङ, ९. केकी अधिकारी, १०. साम्राज्ञी राज्यलक्ष्मी शाह ।

**२०७२ का आकर्षक १० महिला**

१. प्रियंका कार्की, २. हिमानी शाह, ३. नम्रता श्रेष्ठ, ४. इन्दिरा जोशी, ५. सृष्टि श्रेष्ठ, ६. अकेशा विष्ट, ७. वर्षा शिवाकोटी, ८. नीति शाह, ९. ऋचा शर्मा, १०. माला लिम्बू ।

**२०७१ का आकर्षक १० महिला**

१. इन्दिरा जोशी, २. अकेशा विष्ट, ३. प्रियंका कार्की, ४. करिश्मा मानन्धर, ५. नम्रता श्रेष्ठ, ६. केकी अधिकारी, ७. सुविन लिम्बू, ८. रिमा विश्वकर्मा, ९. सञ्चिता लुइँटेल, १० आस्था पोखरेल ।

सविता कार्की तथा आस्था राउतले उल्लेख्य मत प्राप्त गरे पनि टपटेनमा समावेश हुन त्यो मत पर्याप्त भएन ।

विगतका सूचीको टप टेनमा पर्न सफल मोडल नीति शाह, अभिनेत्री झरना ब्रजाचार्य, करिश्मा मानन्धर एवं सञ्चिता लुइँटेल, सञ्चारकर्मी तथा मोडल साहना ब्रजाचार्य, गायिका कोमल वली, पूर्व मिस नेपाल सदीक्षा श्रेष्ठ, अन्तर्राष्ट्रिय नेपाली मोडल आस्था पोखरेलले उत्साहप्रद मत प्राप्त गरे पनि उत्कृष्टमा पर्न आवश्यक मत प्राप्त गर्न सकेनन् ।

सर्वाधिक आकर्षक पुरुषतर्फ पनि केही फेरबदल देखिएको छ । सर्वाधिक आकर्षक पुरुषको यो सूचीमा चार नयाँ अनुहारले डेब्यु गरेका छन् भने ६ जना पुरानै अनुहार छन् । यसपटक उनीहरूको पोजिसन पनि केही परिवर्तन भएको छ ।

यो वर्ष २०६९, २०७० र २०७१ गरी तीन संस्करणमा सर्वाधिक आकर्षक पुरुषको पहिलो नम्बरमा परेर ह्याट्रिक गरेका राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्काले दुई वर्षपछि पुनः सोही स्थानमा कमब्याक गरेका छन् । २०७२ मा चौथो स्थानमा रहेका पारस २०७३ को संस्करणमा पनि चौथो नम्बरमै थिए ।

ब्याक टु ब्याक हिट चलचित्र दिइरहेका अभिनेता अनमोल केसीले सर्वाधिक आकर्षक पुरुषको सूचीमा ठूलो फड्को मारेका छन् । २०७२ को संस्करणका नम्बर वान अनमोलको चकलेटी लुक्स र स्टारडमको पर्याप्त प्रशंसा हुन्छ । गत वर्ष ८ औं नम्बरमा रहेका केसी यो संस्करणमा कम ब्याक गर्दै दोस्रो स्थानमा पुगेका छन् ।

२०७२ मा थोरै मतले बाहिरिएका युवा नेता गगन थापा २०७३ मा कमब्याक गर्दै पुनः तेस्रो नम्बरमा पुगेका थिए । यसपटक पनि उनी त्यही स्थानमा छन् । वाक्पटुता एवं आकर्षक भाषणशैलीका धनी थापा अहिले पनि धेरैको रोजाइमा पर्छन् । गत वर्ष यो सूचीको दोस्रो स्थानमा रहेका दयाहाङ राई यसपटक दुई स्थान पछि छन् । अब्बल अभिनय क्षमताका धनी राईको प्रभाव यसपटक केही घटेको देखिन्छ, जसका कारण उनी चौथो नम्बरमा झरेका हुन् ।

गत वर्ष पाँचौ नम्बरमा रहेका कलाकार दीपकराज गिरी यसपटक यो सूचीमा अटाएनन् । युवा फुटबलर विमल घर्तीमगर पाँचौं स्थानमा उक्लिएका छन् । गत वर्ष उनी सातौं स्थानमा थिए । विमलको आकर्षक लुक्स र उनको स्ट्राइकिङ क्षमताको प्रशंसा सर्वेक्षणमा सहभागी सबैले गरे । गत वर्ष यो सूचीको छैटौं स्थानमा रहेका अभिनेता सौगात मल्ल यसपटक सातौ स्थानमा छन् । गत वर्ष पहिलो नम्बरमा रहेका कुलमान घिसिङको आकर्षण यो वर्ष केही घटेको देखियो, फलस्वरूप उनी टपटेनबाट बाहिरिएका छन् ।

क्रिकेटमा तहल्का मच्चाइरहेका युवा बलर सन्दीप लामिछानेले यसपटक पटक सर्वाधिक आकर्षक पुरुषहरूको सूचीमा डेब्यु गरेका छन् । आर्थिक हिसाबले विश्वको सबैभन्दा ठूलो क्रिकेट लिग आइपिएलमा स्पीन बलरका रूपमा अनुबन्धित भएर आइपिएल खेल्ने पहिलो नेपाली खेलाडी भएका सन्दीपलाई धेरैले सम्भावित क्रिकेट स्टारका रूपमा मत दिए । सन्दीप यो सूचीको सातौं स्थानमा छन् ।

चर्चित रियालिटी शो नेपाल आइडलको उपाधि जितेका बुद्ध लामा यस पटक आकर्षक पुरुषको सूचीमा ८ औं नम्बरमा छन् । कुमार घैंटे इन्काउन्टरदेखि नेपाली फुटबलको म्याच फिक्सिङको अन्तर्राष्ट्रिय जालो तोड्नेसम्मको कामको श्रेय पाएपछि गत वर्ष सर्वेन्द्र खनाल यो सूचीको नवौं स्थानमा थिए तर यसपटक उनी आकर्षक पुरुषको उत्कृष्ट १० बाट बाहिरिएका छन् । यो सूचीको नवौं स्थानमा भिजे रवि लामिछाने छन् । गएको संस्करणमा १० औं स्थानमा रहेका आयुष्मान देशराज यसपटक टप टेनमा अटाउन सकेनन् भने अभिनेता पल शाहले यो सूचीको १० औं नम्बरमा डेब्यु गरेका छन् ।

## विगतका केही आकर्षक पुरुष

**२०७३ का आकर्षक १० पुरुष**

१. कुलमान घिसिङ, २. दयाहाङ राई, ३. गगन थापा, ४. पारस खड्का, ५. दीपकराज गिरी, ६. सौगात मल्ल, ७. विमल घर्तीमगर, ८. अनमोल केसी, ९. सर्वेन्द्र खनाल, १०. आयुष्मान देशराज

**२०७२ का आकर्षक १० पुरुष**

१. अनमोल केसी, २. विमल घर्तीमगर, ३. दयाहाङ राई, ४. पारस खड्का, ५. सौगात मल्ल, ६. आर्यन सिग्देल, ७. प्रबल गुरुङ, ८. अनुपविक्रम शाही, ९. आयुष्मान देशराज जोशी, १०. राजेश हमाल ।

**२०७१ का आकर्षक १० पुरुष**

१. पारस खड्का, २. अनमोल केसी, ३. गगन थापा, ४. दयाहाङ राई, ५. अनिल गुरुङ, ६. सुरजसिंह ठकुरी, ७. राजेश हमाल, ८. अनुप विक्रम शाही, ९. विमल घर्तीमगर, १०. दिकेश मल्होत्रा ।

## जो टप टेनमा पर्न सकेनन्

**महिला :** अभिनेत्री वर्षा राउत, स्वस्तिमा खड्का, गायिका मेलिना राई तथा आस्था राउत थोरै मतले यो वर्ष टप टेनको सूचीबाट बाहिरिए ।

निरन्तर टप टेनमा पर्दै आएकी चकलेटी अभिनेत्री नम्रता श्रेष्ठ थोरै मतले बाहिरिइन् । यस्तै, गत वर्षकै टपटेनको सूचीमा रहेकी भलिबल खेलाडी सिपोरा गुरुङ, पौडी खेलाडी गौरिका सिंह तथा निर्मात्री-निर्देशक दीपाश्री निरौला पनि यो सूचीमा अटाउन सकेनन् । अभिनेत्री सारा सिर्पाली एवं वर्षा शिवाकोटी केही मत पाएपनि त्यो टपटेनमा पार्न पर्याप्त भएन् ।

नृत्यांगना एलिसा राई जबजस्त प्रतिस्पर्धाबीच सूची बाहिरै रहिन् । अभिनेत्री रिमा विश्वकर्मा, अल्ट्रा धावक मीरा राई, अभिनेत्री श्वेता खड्का, आना शर्मा, शिल्पा पोखरेल, रिष्मा गुरुङ, मोडल सविता कार्की तथा नीति शाहले पनि यसपटक राम्रै मत प्राप्त गरे ।

०७२ को संस्करणमा सर्वाधिक आकर्षण महिलाको टप टेनमा पर्न सफल अभिनेत्री ऋचा शर्मा, मोडल माला लिम्बू, अभिनेत्री वर्षा शिवाकोटी तथा अभिनेत्रीअकेशा विष्टले भने यो संस्करणमा छनौटकर्ताहरूको मन जित्नसकेनन् ।

**पुरुष :** गत वर्ष आकर्षण पुरुषहरूको टप टेनको पहिलो नम्बरमा परेका कुलमान घिसिङ तीव्र प्रस्पिर्धाकाबीच बाहिरिए । उनलाई आकर्षक पुरुषका रूपमा केही मत प्राप्त भए पनि त्यो मत टपटेनमा अटाउन पर्याप्त भएन । गत वर्ष दसौं नम्बरमा पर्न सफल आयुष्मान देसराज यस पटक झिनो मतान्तरले बाहिरिए । उनको ह्याडसमनेसको प्रशंसा भने धेरैले गरेका थिए । गत वर्ष पनि थोरै मतान्तरले बाहिरिएका फुटबलर नवयुग श्रेष्ठले यस पटक पनि त्यही नियति बेहोरे ।

पछिल्लो समय महँगा अभिनेतामा पर्ने प्रदीप खड्का पनि थोरै मतले टपटेनमा पर्न सकेनन् । युवा अभिनेता नाजिर हुसेन, आशिरमान देसराज, सलोन बस्नेत, फेसन डिजाइनर विश्व गौतम पनि झिनो मत अन्तरले उत्कृष्ट १० बाट बाहिरिए । चकलेटी अभिनेता आर्यन सिग्देललाई पनि टपटेनमा पार्न पर्याप्त मत आएन । कामेश्वर चौरासियालाई आकर्षक पुरुषमा राख्नुपर्ने मत पनि केहीको थियो ।

गत वर्ष टपटेनको सूचीमा परेका अभिनेता तथा निर्माता दीपकराज गिरी एवं नेपाल प्रहरीका डिआइजी सर्वेन्द्र खनाल पनि यसपटक टप टेनको सूचीमा अटाउन सकेनन् । अभिनेता राजेश हमाल तथा अभिनेता/मोडल तथा चिकित्सक डा. आयुष्मान घिमिरेलाई पनि केहीले सर्वाधिक आकर्षक पुरुषका रूपमा मत दिएका थिए । व्यवसायी दिकेश मल्होत्रा एवं सौरभ ज्योति, गायक निर्णय श्रेष्ठ तथा अमृत गुरुङ, युवा राजनीतिज्ञ योगेश भट्टराई, अभिनेता सुशील श्रेष्ठ, मोडल पुष्प खड्का तथा फेसन डिजाइनर विश्व गौतमलाई समेत केही मत परेको थियो ।

## कसले के भने ?

गायिका मीना निरौलाले आकर्षण पुरुष छनौटमा सर्वप्रथम पारस खड्काको नाम लिइन् । उनले आकर्षक व्यक्तित्व अनि राम्रो क्रिकेटर भन्दै पारसलाई पहिलो नम्बरमा राखिन् । त्यसपछि उनले क्रिकेटमार्फत अन्तर्राष्ट्रिय एरिनामा नेपालको गौरव बढाएको भन्दै अर्का क्रिकेटर सन्दीप लामिछानेको नाम लिइन् । युवा फुटबलर विमल घर्तीमगरको स्किलबाट प्रभावित मीनालाई उनको स्ट्राइकिङ पावरले तानेको रहेछ ।

अभिनेत्री माल्भिका सुब्बाले युवा स्टार अनमोल केसीलाई मत दिइन् । त्यसैगरी क्रिकेटर पारस खड्कादेखि नेपाल आइडल बुद्ध लामासम्म उनको रोजाइमा परे ।

अभिनेत्री अशिष्मा नकर्मीले बेग्लै पर्सनालिटी भएको व्यक्तित्वका रूपमा अनमोल केसीलाई सर्वाधिक आकर्षण पुरुषको नम्बर वानमा राखिन् । फेसन डिजाइनर रमिला नेमकूलले पारसलाई ह्यान्डसम भन्दै आकर्षण पुरुषको सूचीमा समावेश गरिन् ।

व्यवसायी तथा भिजे निशा पन्थीले 'न्यू फलेवर'को एक्टर भन्दै अभिनेता नाजिर हुसेनलाई पहिलो भोट दिइन् । उनले सौगात मल्ललाई भर्सटाइल, नवयुग श्रेष्ठलाई गुडलुकिङ फुटबलर तथा पारस खड्कालाई सबैको मुटुमा बसेको क्रिकेटर भन्दै आकर्षण पुरुषमा छनौट गरिन् । पोलिटिक्समा ब्युटी विथ ब्रेनको गगन छविलाई पनि उनले आकर्षक मानिन् ।

मेकअप आर्टिस्ट मञ्जु कार्कीले 'क्युट लुक'का अनमोल केसीलाई पनि सर्वाधिक आकर्षक पुरुषमा भोट गरिन् । 'अनमोलको क्युट लुक अनि ओभल फेस बिछट्टै राम्रो लाग्छ,' उनले भनिन् । निर्देशक अनुमा कोइरालाले भनिन्, 'पारस र कुलमानको पफर्मेन्स राम्रो छ । कोरियोग्राफर सवनम मुखियाको रोजाइमा दयाहाङ पहिलो नम्बरमा परे । उनले दयाहाङको अभिनयले आफूमा विशेष छाप छाडेको बताइन् । मोडल शिक्षा संग्रौलाको रोजाइको पहिलो नम्बरमा अनमोल केसी नै रहे । 'उनको लुक निकै आकर्षक छ,' शिक्षाले भनिन्, 'स्टारडम ह्याडल गर्न सक्ने र अभिनयमा समेत खारिँदै गएकाले अनमोल आकर्षक छन् ।' शिक्षाले पारसको अपिरियन्सले पनि आफूलाई प्रभावित तुल्याएको बताइन् ।

कोरियोग्राफर आश्ना अवस्थीले आफ्नो छनौटको पहिलो नम्बरमा युवा क्रिकेटर सन्दीप लामिछानेलाई राखिन् । सानै उमेरमा इन्डियन प्रिमियर लिगमा छानिएर नेपालको नाम उचो बनाएको भन्दै उनले सन्दीपलाई ट्यालेन्ट र स्किलफुल क्रिकेटरका रूपमा चित्रित गरिन् । यसैगरी कुलमान घिसिङलाई १६ घण्टाको लोडसेडिङ हटाएको भन्दै उनलाई 'नेपालको एक शक्तिशाली हतियार' बताउने अवस्थीले पारसको ब्याटिङको खुलेर प्रशंसा गरिन् । यस्तै, उनले दयाहाङको एक्टिङ स्किलको समेत प्रशंसा गरिन् । 'लुट'को हाकु कालेको भूमिका सम्झँदै उनले सौगातलाई भर्सटाइल अभिनेता भनिन् भने टिन आइडल भन्दैं बुद्ध लामाको स्मुथ र मेलोडियस भ्वाइसको प्रशंसा गरिन् ।

निर्देशक दीपेन्द्र के खनालले हिमानी शाहलाई पहिलो नम्बरमा भोटिङ गरे । उनले अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह, प्रियंका कार्की, केकी अधिकारी, नम्रता श्रेष्ठ आदिलाई भोट गरेका थिए । यस्तै उनले मोडल सविता कार्की तथा खेलाडी मीरा राईलाई पनि आकर्षक महिलाको सूचीमा राखे ।

निर्देशक दिवाकर भट्टराईको पहिलो रोजाइमा साम्राज्ञी परिन् । उनले दोस्रो नम्बरमा बलिउड फ्लेवरकी अभिनेत्री दीपिका प्रसाईलाई राखे । हिमानी शाहदेखि अदिती बुढाथोकीसम्म उनको छनौटका आकर्षक महिला रहे ।

पब्लिसिटी डिजाइनर तथा म्युजिक भिडियो निर्देशक शान थापाले साम्राज्ञी राज्यलक्ष्मी शाह तथा प्रियका कार्कीलाई आफ्नो प्राथमिकतामा राखे । वर्षा राउतलाई फ्रेन्ड्ली तथा आकर्षक मान्ने थापाले हिमानीको सुन्दरता, देशभक्ति, समाजसेवा एवं सरलपनको पनि खुलेर प्रशंशा गरे । मीठो स्वरका लागि मेलिना राईलाई आकर्षक महिलामा छनौट गरेका थापाले केकी अधिकारी, रन्जु दर्शना हुँदै अदिती बुढाथोकीसम्मलाई मत दिएका थिए ।

क्रिकेटर विनोद भण्डारीले आकर्षक महिलाको पहिलो नम्बरमा दीपिका प्रसाईलाई राखे । दीपिकाको मोहित पार्ने सुन्दरताका कारण विज्ञापन ब्यवसायी रोशन प्रसाईंले पनि उनलाई पहिलो नम्बरमै भोट गरे ।

थिएटर आर्टिस्ट एवं निर्देशक केदार श्रेष्ठले युवा पोलिटिसियन रन्जु दर्शनालाई पहिलो नम्बरमा भोटिङ गरेका थिए । अभिनेता जितु नेपाललाई हिमानीको भब्य सौन्दर्यले पहिलो नम्बरमा उनैलाई भोट दिन बाध्य तुल्यायो ।

लेखक सुबिन भट्टराईलाई मीराको स्पोर्ट्सम्यान स्पिरिट निकै मन परेको छ । 'देशभित्रै चिनिने धेरै हुन्छन् तर देशलाई चिनाउने कमै हुन्छन्,' उनले मीरालाई पहिलो स्थानमा राख्नुको कारण खोल्दै लेखेका छन्, 'मीरा राईको क्षमता, साहस र उपलब्धि हर नेपालीको इच्छा हो । त्यसैले उनलाई आकर्षण व्यक्तिको पहिलो सूचीमा राखे ।' भट्टराईले भर्सटाइल गायिका भन्दैं अन्जु पन्तलाई दोस्रो नम्बरमा भोट दिए । क्युट लुककी नम्रता सापकोटाको धेरैथोक बोल्ने आँखा, सिपोरा गुरुङको प्रभावशाली व्यक्तित्व, आस्था राउतको बोल्ड आवाज पनि सुबिनलाई मन परेको छ । हिमानी शाहलाई पनि आकर्षक महिला मान्ने लेखक भट्टराई भन्छन्, 'उनको हिँडाइ, बसाइ, हेराइदेखि लिएर स-साना क्रियाकलापसम्ममा एउटा अनौठो र मादक गाम्भीर्य छ ।'

# आकर्षक १० महिला

## १ हिमानी शाह

अग्लो सिलित्त परेको जीउडाल, गोरो लाम्चो अनुहार र त्यसमा विशेष गरी बुनिएको बब शैलीको केस राशिमा पूर्वयुवराज्ञी हिमानी शाह परीझैं देखिन्छिन् । ४३ वर्षको उमेरमा पनि उनको सुन्दरतामा कुनै कमी आएको छैन् । प्रायः सारी, चोलोमा सार्वजनिक हुने हिमानीको 'हृदयस्पर्शी मुस्कान'का प्रशंसक लाखौं छन् । राजस्थानको पूर्वराजघरानासँग सम्बद्ध भए पनि काठमाडौंमा जन्मिएर यहीं हुर्किएकी 'सदाबहार सुन्दरी' हिमानीको शालिनता एवं नम्र व्यवहारले सबैलाई मोहित तुल्याउँछ । हिमानी ट्रष्टमार्फत गर्ने समाजसेवाले उनको व्यक्तित्वलाई थप उचाइमा पुऱ्याएको छ ।

## २ साम्राज्ञी राज्यलक्ष्मी शाह

सन् २०१४ मा फेस अफ क्लासिक डाइमन्ड ज्वेलरीमा दोस्रो भएदेखि नै साम्राज्ञी राज्यलक्ष्मी शाहको चर्चा हुने गरेको छ । स्नातक तहमा अध्ययनरत साम्राज्ञी वीरगन्जमा जन्मिएकी हुन् । सफल चलचित्र 'ड्रिम्स'बाट डेब्यु गरेकी साम्राज्ञीको दोस्रो चलचित्र 'ए मेरो हजुर–२' पनि हिट भयो । 'मंगलम'मा विशेष भूमिकामा प्रस्तुत भएकी शाहका 'तिमीसँग' प्रदर्शनको क्रममा छ भने 'इन्टु मिन्टु लण्डनमा' र 'कायरा'को छायांकन भैरहेको छ । सेक्सी फिगर, आकर्षक शारीरिक लुक, आम युवतीभन्दा पृथक र सौम्य उपस्थितिका कारण उनी युवाहरूको धड्कन बनेकी छिन् ।

## ३ प्रियंका कार्की

भर्सटाइल अभिनेत्री हुन्– प्रियंका कार्की । अपिलिङ स्टारडम र आकर्षण लुक्स उनका खास आकर्षण हुन् । सन् २००५ मा मिस टिनको उपाधि जितेपछि चर्चामा आएकी प्रियंकाले 'घरबेटी बा'बाट अभिनययात्रा प्रारम्भ गरेकी हुन् । 'मेरो 'ब्रेस्ट फ्रेन्ड'मार्फत चलचित्रमा भित्रिएकी प्रियंका अहिलेकी सर्वाधिक व्यस्त अभिनेत्री मानिन्छन् । फिल्म मेकिङमा युनिभर्सिटी अफ नर्थ एलाबा, अमेरिकाबाट स्नातक गरेकी प्रियंका अभिनेत्रीसँगै भिजे, कार्यक्रम प्रस्तोता, प्रोड्युसर, कोरियोग्राफर, गायिका, मोडल तथा डान्सर पनि हुन् ।

## ४ केकी अधिकारी

केकी अधिकारीलाई 'क्युट लुक' भएकी नायिकाका रूपमा चिनिन्छ । त्यसबाहेक वजनदार व्यक्तित्व एवं वौद्धिक छविले उनलाई अन्य नायिकाभन्दा भिन्न रूपमा प्रस्तुत गर्छ । एमबीए गरेकी केकीले म्युजिक भिडियो हुँदै सन् २००९ मा चलचित्र 'स्वर'बाट डेब्यु गरेकी हुन् । काठमाडौंको जोरपाटीमा जन्मिएकी २८ वर्षीया केकी पढ्न–लेख्न रुचि राख्ने तथा सामाजिक घटनाक्रम माथि निरन्तर टिप्पणी गरिरहने फरक छविका कारण पनि सुपरिचित छिन् ।

## ५ अदिती बुढाथोकी

'बोल्ड एण्ड ब्युटिफुल' देखिनु अदिती बुढाथोकीको सौन्दर्यको मुख्य विशेषता हो । केही समय मुम्बईमा बसेर बलिउड तथा दक्षिण भारतीय चलचित्रमा अवसरको खोजी गर्ने २६ वर्षीया यी सुन्दरीले केही हिन्दी गीतका म्युजिक भिडियोमा अभिनय गरेकी छिन् । ब्याचलर्स सकेकी बूढानीलकण्ठकी अदिती ५ फिट ५ इन्च अग्ली छिन् । फेसन डिजाइनर आमाकी छोरी भएकाले पनि होला अदितीको फेसन सेन्स निकै राम्रो छ । फिट रहन जिम तथा योग गर्ने अदिती भेजिटेरियन हुन् । 'क्' बाट चलचित्रमा डेब्यु गर्ने तयारीमा रहेकी बुढाथोकी सामाजिक सञ्जालमा समेत लोकप्रिय छिन् ।

## ६ इन्दिरा जोशी

५ फिट ७ इन्च अग्ली इन्दिरा जोशी पप गायनमा सर्वाधिक रुचाइएको नाम हो । 'स्टेज क्वीन'को विशेषण पाएकी जोशी स्टेजमा गर्ने नृत्य एवं आकर्षक ठुम्काका कारण 'नेपाली साकिरा'का रूपमा समेत चिनिन्छिन् । आकर्षण जीउडालकी धनी इन्दिरा पप, आधुनिक मात्र होइन, चलचित्रको पार्श्व गायनमा समेत उत्तिकै सफल छिन् । नवलपरासीकी इन्दिरा रियालिटी शो 'नेपाली तारा' हुँदै गायनको संसारमा भित्रिएकी हुन् ।

## ७ दीपिका प्रसाई

अभिनेत्री दीपिका प्रसाईंले पहिलो चलचित्र 'ऐश्वर्या'बाट बेग्लै छाप छाडेकी छिन् । 'बोल्ड लुक'का कारण फरक पहिचान स्थापित गरिसकेकी दीपिका विभिन्न म्यागजिनका आवरण तथा केही एडमा देखा परिसकेकी छिन् । ५ फिट ६ इन्च अग्ली दीपिका अहिले टिभिसी तथा पेपर एडहरूमा काम गरिरहेकी छिन् । 'बलिउड फ्लेवर'को अनुहार भएकी प्रसाईंको सुन्दरताका प्रशंसक पनि उत्तिकै छन् । धनगढीकी २२ वर्षीया दीपिका त्रिभुवन विश्वविद्यालयबाट पब्लिक एडमिनिस्ट्रेसनमा मास्टर्स गर्दैछिन् ।

## ८ निकिता चाण्डक

सन् २०१७ की नेपाल सुन्दरी हुन्– नीकिता चाण्डक । १९ जना प्रतिस्पर्धीलाई पछाडि छाड्दै मिस नेपालको उपाधि जितेकी निकीताको घर उर्लाबारी, मोरङ हो । २३ वर्षीया नीकिताले भारतबाट फेसन टेक्नोलोजीमा ग्राजुएसन गरेकी छिन् । ५ फिट ९ इन्च अग्ली नीकितालाई सकारात्मक सोचले भरिएकी सुन्दरीका रूपमा लिइन्छ ।

## ९ सृष्टि श्रेष्ठ

आकर्षक शारिरीक बनावटका कारण सुन्दर अभिनेत्री मानिन्छिन्– सृष्टि श्रेष्ठ । 'गाजल' बाट नेपाली चलचित्रमा डेब्यु गरेकी सृष्टि चितवनमा जन्मिएकी हुन् । सन् २०१२ की २९ वर्षीया नेपाल सुन्दरी सृष्टि बलिउड अनप्लगड म्युजिक भिडियो 'कभी जो बादल बरसे...' मा अभिनय गरेपछि थप चर्चामा आएकी थिइन । सेक्सी फिगर तथा ओठको विशेष आकर्षणका कारण उनी धेरै पुरुषको रोजाइमा पर्छिन् ।

## १० रञ्जु दर्शना

काठमाडौं महानगरपालिकाको मेयरमा उम्मेदवार भएपछि चर्चामा आएकी हुन्– रञ्जु दर्शना । सुन्दर र सभ्य सहर निर्माणका लागि उम्मेदवारी दिएको बताउने रन्जुले २३ हजारभन्दा बढी मत पाएपछि उनको चर्चा थप चुलियो । सरल स्वभावकी रन्जु २०५२ सालमा काठमाडौंमा जन्मिएकी हुन् । उनी डेभलपमेन्ट स्टडिजमा ब्याचलर्स गर्दैछिन् । राजनीतिप्रति युवाहरूको मोह भंग भैरहेका बेला रन्जुको सकारात्मक सोच एवं साहसको सर्वत्र प्रशंसा हुने गरेको छ ।






# आकर्षक १० पुरुष

## १ पारस खड्का

सन् २००९ नोभेम्बरदेखि नै पारस खड्काले नेपाली राष्ट्रिय क्रिकेट टिमको नेतृत्व गरिरहेका छन् । उनकै नेतृत्वमा नेपालले क्रिकेटमा सुखद् नतिजा ल्याइरहेको छ । मैदानभित्र ब्याटिङसँगै बलिङमा पनि उत्तिकै राम्रो प्रदर्शन गर्ने ६ फिट १ इन्च अग्ला पारसको आकर्षक व्यक्तित्वले पनि धेरैलाई तानिरहेको हुन्छ । ३० वर्षीय अलराउन्डर पारस राइट ह्यान्ड ब्याट चलाउँछन् भने उनी राइट ह्यान्ड मिडियम फास्ट बलर हुन् । नेपालीहरूमाझ उनको लोकप्रियताको ग्राफ निरन्तर उकालो लागिरहेको छ ।

## २ अनमोल केसी

युवा पुस्ताका अभिनेताहरूमा पावरफुल स्टारडम भएको कोही छन् भने ती अनमोल केसी नै हुन् । उनको नामैले चलचित्र सफल हुन्छन् । त्यसैले अनमोल अहिलेका सबैभन्दा महंगा अभिनेता हुन् । आफ्नो चकलेटी अनुहारकै कारण अनमोल जता गए पनि प्रशंसकहरूबाट घेरिन्छन् । चलचित्र 'होस्टल' बाट डेब्यु गरेका अनमोल पारपाचुके गरिसकेका अभिनेता भुवन केसी तथा नायिका सुस्मिता बम्जनका छोरा हुन् ।

## ३ गगन थापा

सम्भावना बोकेका युवा नेता मानिन्छन्– गगन थापा । वाकपटुता, बोल्ड भाषणशैली तथा तार्किकताका कारण उनले २०६२/६३ को जनआन्दोलनपछि सेलिब्रेटी छवि बनाएका हुन् । त्यसयता उनी युवापुस्ताबीच आशाको किरणका रूपमा देखिएका छन् । नेविसंघको महामन्त्री हुँदै कांग्रेसको राजनीतिमा प्रवेश गरेका थापा हालै सम्पन्न प्रतिनिधीसभा निर्वाचनमा काठमाडौं-४ बाट पुन विजयी भएका छन् । काठमाडौंमा जन्मिएका ४१ वर्षीय गगनले राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका हुन् ।

## ४ दयाहाङ राई

अनिनेता दयाहाङ राई आफ्नो भिन्न अभिनय क्षमताका कारण लोकप्रिय छन् । भोजपुरमा जन्मिएका ३७ वर्षीय राई ५ फिट ७ इन्च अग्ला छन् । सन् २००६ मा 'अनागरिक'बाट चलचित्रमा डेब्यु गरेका यी अभिनेता चलचित्र 'लुट'को गोफ्लेको भूमिकाबाट चर्चाको शिखरमा पुगे । अभिनयसँगै निर्देशन एवं लेखनमा समेत सक्रिय दया रंगमञ्च हुँदै चलचित्रको पर्दामा आएका हुन् ।

## ५ विमल घर्तीमगर

नेपाली फुटबलमा सम्भावित ठूलो भविष्यका रूपमा लिइन्छ– स्ट्राइकर विमल घर्तीमगरलाई । राष्ट्रिय टिमका लागि परेका बेला गोल गर्न सक्ने क्षमता राख्ने विमल हालै भारतीय आइलिग क्लब मोहन बगानसँग आवद्ध भएका छन् । डेब्यु म्याचमै पाकिस्तानविरुद्ध गोल गरेर चर्चामा आएका मगरको आकर्षण शारीरिक लुक्सले पनि वाहवाही पाउने गरेको छ । नवलपरासीका २० वर्षीय विमल ५ फिट ९ इन्च अग्ला छन् ।

## ६ सौगात मल्ल

नेपाली चलचित्र उद्योगमा भर्सटाइल अभिनेताका रूपमा सौगात मल्लको बेग्लै पहिचान छ । ब्लकबस्टर 'लुट'मा हाकु कालेको भूमिकामा दमदार अभिनय गरेपछि प्रसिद्धिको शिखर चढेका मल्लले थिएटर हुँदै चलचित्र 'कागबेनी'मार्फत डेब्यु गरेका हुन् । नवपरासीका सौगात स्टाइलभन्दा बढी अभिनयमा विश्वास गर्ने अभिनेता हुन् । ४२ वर्षीय मल्ललाई आकर्षक व्यक्तित्व एवं अभिनय क्षमताका कारण धेरैले मन पराउने गरेका छन् ।

## ७ सन्दीप लामिछाने

तीन वर्षमै स्टार खेलाडी सावित भएका हुन्– राष्ट्रिय क्रिकेट टिमका युवा बलर सन्दीप लामिछाने । चितवनका १७ वर्षीय लामिछाने स्पीन बलिङमा तहल्का मच्चाइरहेका छन् । आर्थिक दृष्टिकोणले विश्वको सबैभन्दा ठूलो क्रिकेट लिग इन्डियन प्रिमियर लिग (आइपिएल)मा अनुबन्धित हुने पहिलो नेपाली खेलाडी सन्दीपलाई आइपिएल टिम दिल्ली डेयरडेभिल्सले ३२ लाख रुपैयाँमा अनुबन्ध गरेको हो । लामिछानेले सन् २०१६ मा सम्पन्न यु–१९ विश्वकपमा आयरल्याण्ड विरुद्ध हयाट्रिक गरेका थिए ।

## ८ बुद्ध लामा

नेपाली सांगीतिक क्षेत्रले पाएको नवप्रतिभा हुन्–बुद्ध लामा । गत असोजमा नेपालको लोकप्रिय रियालीटी शो नेपाल आइडलको उपाधि जितेपछि सेलिब्रेटी भएका पोखराका बुद्ध अहिले धेरैको रोजाइमा पर्ने गायक हुन् । २० वर्षीय लामा त्यसअघि पोखरामा सञ्चालित 'बिग आइकन'मा चौथो भएका थिए । प्लस टु अध्ययनरत बुद्ध संगीतका विद्यार्थी समेत हुन् । अहिले उनका प्रशंसकको संख्या ठूलै भैसकेको छ ।

## ९ रवि लामिछाने

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा नेपाल टेलिभिजनमा 'जनतासँग प्रधानमन्त्री' कार्यक्रम चलाउँदै रवि लामिछाने । ओली नेतृत्वको सरकार ढलेपछि उनी उक्त कार्यक्रमबाट हटाइए । अहिले उनले न्युज–२४ मा कार्यक्रम 'जनतासँग सिधा कुरा' चलाइरहेका छन् । आफ्नो कार्यक्रममा पीडित पक्ष र सरोकारवालाहरूलाई एक ठाउँमा उपस्थित गराएर फरक धार र स्वाद दिन खोजेका कारण उनी लोकप्रिय हुँदै गएका छन् । सन् २०१३ मा उनले लगातार ६० घण्टाभन्दा बढी टेलिभिजन अन्तर्वार्ता चलाएर विश्व कीर्तिमान समेत बनाएका थिए ।

## १० पल शाह

४ सयभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरेर चर्चामा आएका हुन्– अभिनेता पल शाह । गोरो आकर्षक लुक्सका पलको स्थायी घर दाङ हो । सन् २०१२ मा 'नाइ न भन्नु ल–४' बाट डेब्यु गरेका पल अहिलेका व्यस्त अभिनेता हुन् । २९ वर्षीय पल 'स्टाइलिस लुक'का कारण युवतीहरूको सर्वाधिक रोजाइमा पर्ने अभिनेता हुन् । उनको 'नाइ नभन्नु ल–३' तथा 'म यस्तो गीत गाउँछु' व्यवसायिक रूपमा सफल चलचित्र मानिन्छन् ।

## घुम्न जाने



मोडल : रमेश/स्वजना

- भ्यालेन्टाइन डेमा घुम्न रोमाञ्चक तथा नौलो ठाउँ छनौट गर्नुपर्छ ।
- यो दिन पर्यटकीय स्थल ठमेल, दरबारमार्ग, भक्सीखेल आदि स्थान घुम्न सकिन्छ ।
- स्पेसल माउन्टेन फ्लाइटमा प्रेमी-प्रेमिका तथा विवाहित श्रीमान्-श्रीमती घुमफिर गरेर पनि भ्यालेन्टाइन डे मनाउन सकिन्छ ।
- ठमेलको स्वप्न बगैंचा, भृकुटीमण्डप, फन पार्क आदि स्थान पनि उपयुक्त गन्तव्य हुन सक्छन् ।
- काठमाडौंका पाँचतारे होटलदेखि अन्य होटलमा पनि भ्यालेन्टाइन डेलाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू आयोजित गरिन्छन्, जहाँ आफ्नो जोडीसँग सहभागी हुन सकिन्छ ।
- यो दिन रेस्टुराँहरूले समेत विशेष कार्यक्रम राख्छन् ।
- रोमाञ्चक स्थान वा प्रेम प्रस्तावका लागि उपयुक्त स्थान छनौट गर्नुपर्छ । भ्यालेन्टाइन डेडिडमा रातो गुलाफको फूल उपहार प्रदान गर्दा वातावरण अझ रोमाञ्चक हुन्छ ।

## खानपिन



- यो दिन प्रेमी-प्रेमिकाले आफूलाई मनपर्ने परिकार खान सक्छन् ।
- अरू समयको भन्दा विशेष र भिन्न खालका परिकारको स्वाद चाख्दा प्रणय दिवस थप रमाइलो हुन्छ ।
- घरमै परिकार बनाउनुपरे अरू दिनको भन्दा भिन्दै प्रेमी-प्रेमिका तथा श्रीमान्-श्रीमतीको रोजाइको परिकार बनाउनु उपयुक्त हुन्छ ।
- प्रणय दिवसका दिन क्यान्डल लाइट डिनरसमेत गर्न सकिन्छ । यसमा आफ्नो पार्टनरसँग बढीभन्दा बढी समय व्यतित गर्न सकिन्छ । पार्टनरका लागि स्पेसल परिकार बनाएर सरप्राइज दिन सकिन्छ ।
- डिनरलाई रोमाञ्चक बनाउन ड्रिंक्स समेत गर्न सकिन्छ । यद्यपि आफ्नो पार्टनरलाई असहज हुने गरी ड्रिंक्स गर्नुहुँदैन ।

## मेकअप



- सामान्य तथा आकर्षक अनुहार अधिकांश पुरुषको रोजाइमा पर्ने भए पनि यो दिन अनुहारमा फाउन्डेसन लगाउनु उपयुक्त हुन्छ ।
- आफ्नो अनुहारको रंगसँग मेल खाने किसिमको फाउन्डेसन लगाउनुपर्छ भने वाटरप्रुफ फाउन्डेसनसमेत लगाउन सकिन्छ । त्यसपछि गालालाई हल्का गुलाफी देखाउन ब्लसर लगाउनुपर्छ । आँखालाई आकर्षक बनाउन आइस्याडो लगाएपछि आइलाइनर लगाउन सकिन्छ भने त्यसपछि मस्कारा लगाउनुपर्छ ।
- यो दिन गाढा गुलाफी रंगको लिपिस्टिक लगाउँदा सौन्दर्यमा थप निखार आउँछ । यसैगरी रातो रङको लिपिस्टिक पनि लगाउन सकिन्छ । लिप ग्लसले टचअप गर्दा ओठ सेक्सी देखिन्छ ।

## उपहार

- यो दिन दिइएको उपहारको महत्व अन्य दिनको उपहारको तुलनामा महत्वपूर्ण हुन्छ ।
- अधिकांश गिफ्ट सप वा बुके सपमा प्रेमको प्रतीक चिह्न पानको पात आकारको उपहार, बेलुन तथा गुलाफका फूलहरू उपलब्ध हुन्छन् । यो दिन सबैतिरको वातावरण प्रेममय हुन्छ भने गुलाफको फूल पनि निकै बिक्री हुने सम्बद्ध व्यवसायीहरू बताउँछन् ।
- एक सर्वेक्षणअनुसार भ्यालेन्टाइन डेमा महिलाको तुलनामा पुरुषले बढी खर्च गर्छन् । पुरुषहरूले आफ्नो पार्टनरप्रति विशेष माया दर्साउन खर्चिलो योजना बनाएका हुन्छन् भने उनीहरूले महँगा उपहारसमेत खरिद गर्छन् ।
- यो दिन फूल, चकलेट तथा पहिरन पनि उपहारका रूपमा प्रदान गर्न सकिन्छ ।
- युवा-युवती दुवैले आफ्ना पार्टनरलाई मोबाइल, ग्याजेट, पर्फ्युम, बडी स्प्रे, पर्स आदि पनि उपहारका रूपमा प्रदान गर्न सक्छन् ।
- हिजोआज विभिन्न अनलाइनमार्फत पनि प्रेमी-प्रेमिकालाई सरप्राइज उपहार अर्डर गर्ने चलन छ ।



मोडल : सोनु श्रेष्ठ

## यौन सतर्कता



- **यो दिन घुम्न एकान्त स्थानमा पुगिने भएकाले युवा-युवतीले प्रेम साटासाट गर्ने क्रममा यौनसम्बन्ध राख्न सक्छन् ।**
- **यो दिन वातावरण नै प्रेममय हुने भएकाले यसका बारेमा प्रेमी-प्रेमिका सतर्क हुनुपर्छ । विवाह अघिको यौनसम्बन्धलाई अहिले पनि हाम्रो समाजले स्वीकार गरिसकेको छैन ।**
- **यौनसम्पर्क राख्ने भए दुवै जनाको इच्छामा कन्डम वा अन्य गर्भनिरोधक प्रयोग गर्न सकिन्छ ।**
- **कतिपयले यौन सम्बन्धका लागि मात्र प्रेम गर्ने भएकाले त्यसमा पनि ध्यान पुऱ्याउनुपर्छ ।**
- **श्रीमान्-श्रीमतीले यौनसम्बन्ध राख्नुपरे एक-अर्काको इच्छाको कदर गर्न सके वातावरण थप रोमाञ्चक हुन्छ ।**

## घरमा जानकारी

- भ्यालेन्टाइन डे का दिन घुम्न जाने हो कि चलचित्र हेर्न जाने हो घर-परिवारलाई जानकारी गराउनुपर्छ ।
- घर-परिवारलाई जानकारी गराए ढुक्कसँग इन्जोय गर्न सकिन्छ ।
- घुम्न जाँदा जाममा परेर वा अन्य कारणले ढिला हुने भए फोनमार्फत जानकारी गराउनु उपयुक्त हुन्छ ।
- आफू कोसँग-कहाँ घुम्न जान लागेको हो त्यसको जानकारी परिवार वा आफन्तहरूमध्ये कसैलाई दिनुपर्छ ।



# सफल डेटिङका लागि



मोडलहरू : भिपासना श्रेष्ठी खनाल, मनिष राउत

## युवतीका लागि

- सुन्दर देखिनु डेटिङको आवश्यक पक्ष हो । यसको अर्थ डेटमा हेभी मेकअपमा जानुपर्छ भन्ने होइन । यदि आँखा सुन्दर छ, ओठ र गाला आकर्षक छ भने तिनलाई हाइलाइट गर्नुपर्छ । मस्कारा लगाउन बिर्सनु हुँदैन । मुहार एवं व्यक्तित्व सुहाउँदो हेयर स्टाइल बनाउनुपर्छ ।
- धेरै टाइट वा अत्यन्त खुकुलो पहिरन लगाउनु हुँदैन । शालीनता महिलाहरूको आभूषण भएकाले आफूलाई सहज, सुन्दर तथा आराम महसुस गराउने पहिरनलाई प्राथमिकता दिनुपर्छ ।
- डेटको समय कम राख्नुपर्छ। यसले आफूप्रति साथीको रुचि कायम राख्छ र दोस्रो डेटमा प्रेम प्रस्ताव राखिने संभावना हुन्छ ।
- आफ्नो साथीको सम्पूर्ण व्यक्तित्वका सम्बन्धमा जानकारी लिने प्रयास गर्नुपर्छ । उसको रुचि अरुचिका बारेमा बढीभन्दा बढी जानकारी हासिल गर्नुपर्छ ।
- महिलाहरूलाई हेर्ने उसको दृष्टिकोण बुझ्ने प्रयास गर्नुपर्छ । यस क्रममा शालीनतापूर्वक प्रस्तुत हुनु पनि आवश्यक छ ।
- आफ्नो शरीरको भाषामा विशेष ध्यान पुऱ्याउनुपर्छ । शालीनतापूर्वक बस्नुपर्छ । उत्ताउलो देखिनु हुँदैन ।
- यदि उसले एकान्त स्थानमा डेटका लागि आग्रह गरेको छ भने कुनै बहाना बनाएर अस्वीकार गर्नु नै उपयुक्त हुन्छ । पहिलो भेट्मा सजग एवं सहज रहनुपर्छ ।
- आत्मविश्वास झल्कनुपर्छ तर आवश्यकताभन्दा बढी बोल्ड नदेखियोस् भन्नेतर्फ सतर्क रहनुपर्छ । पुरुष पक्षले गलत लाभ उठाउन सक्ने विषयमा पनि सचेत हुनुपर्छ ।
- घरबाट निस्कनुपूर्व आफ्नो मिल्ने साथी वा परिवारका कुनै विश्वासपात्रलाई आफू कोसित र कहाँ भेट्न जान लागेको हो भन्ने कुरा अवगत गराउनुपर्छ साथै कतिबेला फर्कने हो भन्ने कुरा पनि बताउनुपर्छ ।
- यदि डेटमा युवक निष्क्रिय देखिए, दोस्रो पटक भेट्ने प्रयास गर्नु हुँदैन ।
- विवाहित पुरुषसित डेट गर्नु राम्रो मानिदैन, कारण त्यस्ता पुरुषले डेटलाई फ्लर्ट गर्ने वा टाइमपासको माध्यमका रूपमा लिएका हुन्छन् ।

## युवकका लागि

- राम्रो र आकर्षक देखियोस् भन्ने अभिप्रायले सफा र सुहाउँदो कपडा तथा जुत्ता प्रयोग गर्नुपर्छ । पहिलो प्रभाव प्रभावशाली हुनुपर्छ । प्रायः युवतीले सबैभन्दा पहिले पुरुषको जुत्तामै ध्यान पुऱ्याउने भएकाले जुत्ताको छनौटमा सावधानी अपनाउनुपर्छ । पहिरन फिट र सुहाउँदो हुनुपर्छ ।
- स्टाइलिङमा ध्यान दिँदै राम्रो र सुहाउँदो हेयर स्टाइल अपनाउनुपर्छ । व्यक्तित्व सुहाउँदो क्लिन सेभ वा रफ लुकमा प्रस्तुत हुन सकिन्छ । डेटमा कोलोन, बडी स्प्रे वा माइल्ड परफ्युमको प्रयोग पनि उपयुक्त हुन सक्छ ।
- युवतीहरूले पुरुषको मानसिक एवं बौद्धिक स्तर बुझ्न वर्तमान प्रसंगका बारेका जानकारी लिने प्रयास गर्नसक्छन् । अतः अखबार, समाचार तथा आसपासका घटनाक्रमहरूप्रति अपडेट रहनुपर्छ ।
- पहिलो डेटमा आफ्नो पूरा बायोडाटा प्रस्तुत गर्ने गल्ती गर्नुहुँदैन । त्यसै पनि युवतीहरू बढी बोल्ने पुरुषलाई रुचाउँदैन । कम बोलर असल स्रोताका रूपमा प्रस्तुत हुनु उचित हुन्छ ।
- अधिकांश युवती विवेकशील, व्यवहारकुशल तथा उनीहरूको ख्याल राख्ने पुरुषलाई मन पराउँछन् । यसबाहेक उनीहरू पुरुषमा महिलाप्रति सम्मान, कदर गर्ने गुण विशेष रूपले नियाल्छन् ।
- डेटमा जाँदा समयमै वा समयभन्दा अघि नै पुग्नु राम्रो हुन्छ । डेटका बेला युवतीलाई असहज महसुस नहोस् भन्ने कुरामा सचेत रहनुपर्छ ।
- महिलाहरू सम्मान चाहन्छन् । अतः डेटमा सम्मानजनक र शिष्ट भाषा प्रयोग गर्नुपर्छ । फेसन, ज्वेलरी तथा फूलका बारेमा पनि राम्रो जानकारी राख्नु उपयुक्त हुन्छ ।
- आफ्नो साथीको कुरामा ध्यानपूर्वक सुन्नुपर्छ । बारम्बार एउटै प्रश्न दोहोऱ्याइरहनु हुँदैन ।
- डेटिङमा आँखा जुधाएर कुरा गर्नुपर्छ । यसबाट आफ्नो आत्मविश्वास झल्कन्छ ।
- उनी मनपरिनन् भने पनि तत्काल त्यसलाई व्यक्त गर्नुहुँदैन ।

# प्रेम भएको कति समयपछि यौनसम्पर्क उपयुक्त ?

प्रेम र यौनका विषयमा मानिसहरूबीच फरक-फरक धारणा छन् । कतिपय प्रेम र यौनलाई जोडेर हेर्छन् भने कतिपयले यसलाई एउटै सिक्काका दुई पाटाका रूपमा अर्थ्याउँछन् तर पछिल्लो समयमा यी दुवै विषयमा खुला बहस हुन थालेका छन् । नेपालमा यस्ता बहस चलिरहँदा विश्वका पहिलो मुलुक भनिने देशमा भने लभ पार्टनर भएको कति समयपछि यौनसम्पर्क गर्नु उचित हुन्छ भन्ने अध्ययन तथा बहस सुरु भएको छ ।

स्वास्थ्यसम्बन्धी सल्लाह तथा जानकारी दिने डाक्टरइडी डटकम अनलाइनले हालसालै प्रेम जोडीको पहिलो यौनसम्पर्कका बारेमा गरे को अध्ययनको प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त अनलाइनले प्रेम जोडी भएको कति पछि शारीरिक सम्बन्ध राख्नु उपयुक्त हुन्छ भन्ने विषयमा अध्ययन गरेको थियो । यस्तो अध्ययन विश्वमै पहिलोपटक भएको दाबीसमेत गरिएको छ ।

सबैमा कौतुहल हुन्छ- प्रेम बसेको कति समय पछि यौनसम्पर्क गर्नु उपयुक्त हो त ? प्रेमिल जोडीले शारीरिक निकटताका लागि कति दिनसम्म पर्खनु उपयुक्त होला ? हुन त प्रेम जोडीमध्ये कुनै एकले यौनसम्पर्कका लागि हतार गरे अर्को पार्टनरले उसको मानसिकता नै विकृत छ भन्ने पनि सोच्न सक्छन् । यदि त्यसो हो भने लामो समय चुप लागेर बस्दा पनि अत्याधिक लजालु भएको शंका गरिन्छ । त्यसैले मायामा रहेको जोडीले पहिलो पटक कस्तो बेला यौनसम्पर्क गर्ने ? डीआइडी डटकमका अनुसन्धानकर्ताहरूले यही प्रश्नलाई आफ्नो अध्ययनको विषय बनाएका थिए ।

सर्वेमा भाग लिने ५० प्रतिशत युगल जोडीले पहिलोपटक शारीरिक सम्पर्कका लागि नजिकिन एक हप्तादेखि एक महिनासम्म लागेको बताए । उक्त अध्ययनका लागि १ हजार अमेरिकी तथा युरोपेली प्रेमिल जोडीको सहयोग लिइएको थियो भने अध्ययनमा संलग्न २१ प्रतिशत जोडीले आफ्नो पार्टनरसँग पहिलोपटक यौनसम्पर्क राख्न २ देखि ६ महिनासम्म पर्खिएको बताएका थिए ।

सर्वेमा संलग्न विशेषज्ञहरूले यो अध्ययनका क्रममा एउटा रमाइलो तथ्य पनि फेला पारे । त्यो तथ्य के हो भने यौनसम्पर्कका लागि कुरेर बस्नेहरू बढी तनावमा हुन्छन् । किनभने पार्टनरमध्ये एक जनालाई जुन कुरा सही लाग्छ त्यो अर्कोका लागि गलत पनि लाग्नसक्छ भन्ने उनीहरूको ठम्याइ छ ।

सर्वेको सबैभन्दा महत्वपूर्ण पाटो प्रेमिल जोडीका लागि पहिलो यौनसम्पर्क गर्ने उपयुक्त समय निश्चित हुन्छ कि हुँदैन भन्ने थियो । यो अध्ययनमा संलग्न विज्ञहरूले के निचोड निकालेका छन् भने यौनसम्पर्कको पूर्ण अधिकार प्रेमिल जोडीमै निर्भर हुन्छ । हुनसक्छ कतिपय मानिसले शारीरिक सम्बन्ध राख्नु अघि केही समय लिएर एक अर्कालाई बुझ्ने प्रयास गर्छन् । कोही भने अन्य कुरा विचारै नगरी शारीरिक सम्बन्धलाई प्राथमिकता दिने स्वभावका हुन्छन् ।

## फरक अध्ययनमा

गत वर्ष भएको यौनसम्बन्धी अर्को एउटा अध्ययनमा पनि केही रोचक परिणाम देखिएको थियो । उक्त अध्ययनले विवाह अघि दुई वा दुईभन्दा बढीसँग यौन सम्बन्ध राखेकाहरूको विवाह पछिको सम्बन्ध दह्रो भएको देखाएको थियो । पारिवारिक अध्ययनसम्बन्धी एक अमेरिकी संस्थाको उक्त त्यो अध्ययन-प्रतिवेदन गत मार्चमा सार्वजनिक भएको थियो । अध्ययनमा विवाह अघिनै यौनसम्पर्कको अनुभव बटुलेकाहरूको संख्या उच्च रहेको पाइएको थियो । उक्त अध्ययनले अमेरिकामा विवाह अघि एकजना मात्र यौन साथी भएका महिलाको संख्यामा कमी आइरहेको कुरासमेत देखाएको थियो ।





# सेक्सी हाइवे

**समाज खुला हुँदै गएको छ । कुनै समय मेलापातमा गीतको भाकामा पोखिने माया-पिरती अहिले प्रेमपत्र, मोबाइल म्यासेज, इन्टरनेट, सामाजिक सञ्जाल हुँदै एड्भान्स टेक्नोलजीमा परिणत भैसकेको छ । च्याटिङ र डेटिङ सामान्य बन्दै गएका छन् । लुकी-लुकी होटल रेस्टुराँ, पार्कतिर हुने डेटिङ अब सार्वजानीक स्थलहरूमा हुन थालेका छन् । डेटिङमा १२ हात पर बसेर लजाउँदै गरिने माया-पिरतीका कुरा अब सार्वजानिक रूपमै एक-अर्काको अँगालोमा बाँधिन थालेको छ । मायामा अंकमाल तथा चुम्बन सामान्य हुँदै गएका छन् । केही वर्षअघिसम्म पार्कहरूमा देखिने यस्ता दृश्यलाई अहिले धेरैल सहज रूपमा लिन थालेका छन् । यो वर्षको प्रणय दिवसका अवसरमा हामीले राजमार्गलाई टार्गेट बनाएका छौं जहाँ नजिकबाट हुइँकिरहने सवारी साधनको परवाह नगरी प्रेमिल जोडीहरू खुल्लमखुल्ला अधर चुम्बनमा मस्त हुन्छन् ।**

तस्बिर : राजाराम पौडेल

## बालाजु-ककनी हाइवे

ट्राउट हाइवेको नामले चर्चित बालाजु-ककनी हाइवे सेक्सी हाइवे समेत बन्दै गएको छ । नार्गाजुन जंगल, घुम्ती बाटा र रमणीय दृश्यावलोकन गर्न पाइने यो हाइवेको छेउमा मोटरसाइकल रोकी माया-पिरती साट्नेहरूको कमी हुँदैन । पिकनिक र दृश्यावलोकनका लागि प्रसिद्ध ककनी जाने बहानामा प्रेम अभिव्यक्त गर्नेहरूका लागि राजमार्ग छेउछाउ खुलेका साना-ठूला होटल तथा रिसोर्टहरू पनि सहज गन्तव्य भएका छन् ।

## भक्तपुर-नगरकोट हाइवे

प्रसिद्ध पर्यटकीय स्थल नगरकोट विदेशी तथा स्वदेशी पर्यटकहरूको रोजाइको स्थल हो । सूर्योदयदेखि लिएर सगरमाथाको दृश्यावलोकनका लागिसम्म नगरकोट पुग्ने चाहना जो-कोहीमा हुन्छ । नगरकोट पर्यटकको मात्र नभएर युगल जोडीको पनि रोजाइमा पर्न थालेको छ । काठमाडौंको कोलाहलबाट बाहिर निस्किएर नगरकोट जाने नागबेली सडकको किनारामा बसेर खुल्लमखुला प्रेमलाप गर्नेहरूको दृश्यले विदेशकै झ-झल्को दिने गरेको छ ।

## सुन्दरीजल स्ट्रिट

प्रेमिल जोडीहरूले माया साटासाट गर्ने उपत्यका नजिकको अर्को जक्सन सुन्दरीजलको ड्यामसाइडदेखि माथिसम्मको एरिया पनि हो । सुन्दरीजल बसपार्कसम्म सवारी साधनमा पुगेपछि त्यसपछिको पैदल यात्रा निकै रोमाञ्चक हुन्छ । जंगलकै बीचमा निर्माण गरिएको करिब दुई किलोमिटर लामो सिँढीमा प्रेमजोडीहरू एक-अर्काको अँगालोमा बाँधिएर अधर चुम्बन गरिरहेको दृश्य देख्दा यसलाई सेक्सी स्ट्रिट भन्न करै लाग्छ ।

## सूर्यविनायक टु पाइलटबाबा आश्रम

माया-पिरती साटासाट गर्नेहरूका लागि कुनै नियम लागू हुँदैन । उनीहरूबीच कुनै बन्धन पनि हुँदैन, मात्र बहाना र मौका चाहिन्छ । त्यही मौकामा चौका हान्न प्रेमिल जोडीहरूले सूर्यविनायकबाट उकालो लागेर पाइलट बाबाको आश्रम पुग्ने सडकछेउलाई राम्रैसँग उपयोग गरिरहेका छन् । जंगलको बीचबाट गुज्रने यो नागबेली सडकले प्रेमिल जोडीका लागि सुनमा सुगन्ध थपिदिएको छ । प्राकृतिक हावासँगै सडक किनारमा सवारी साधनलाई विश्राम गराएर माया साटासाट गर्दा न त पार्किङको झन्झट न त कसैले केही भन्ला भन्ने पिर-यो हो नि त काइदा ।

## कीर्तिपुरदेखि दक्षिणकाली

कुनै समय चोभार डाँडाको नाम नै प्रेमिल डाँडा राखिएको थियो । नजिकैको टौ दह पनि चोभार पुग्ने जोडीहरूको रोजाइ हुन्थ्यो । अब त्यो तन्कँदै कीर्तिपुरबाट दक्षिणकालीसम्मै पुगेको छ । मन्जुश्री पार्कलाई छिचोल्दै प्रेमिल जोडीहरू टौदह अनि त्यहाँबाट हुइँकिँदै दक्षिणकाली र कुलेखानीसम्म पुग्छन् । बस्ती नभएका जंगल र डाँडामा बसेर अधरपानमा मस्त हुने जोडीहरूका लागि यो सडक सुरक्षित पनि मानिन्छ । यो सडकको छेउछाउ खुलेका साना-ठूला होटलले त्यस्ता जोडीलाई प्रेमको गाहिराइसम्म पुग्न थप सहज बनाइदिएका छन् ।

## कोटेश्वर टु बनेपा

कोटेश्वरदेखि बनेपासम्मको रुट प्रेम जोडीहरूका लागि साँच्चिकै सेक्सी लाग्छ । हुन त यो हाइवे प्राकृतिकबाट कृत्रिम भैसकेको छ, तैपनि यो राजमार्ग छेउछाउका लज तथा रिसोर्टहरूले यसलाई सेक्सी बनाइदिएका छन् । सूर्यविनायकसम्म चार लेनको बाटोमा प्रेमीलाई पछाडी राखेर हुइँकिने युवाहरू त्यहाँबाट उकालो लागेपछि घरैपिच्छे खुलेका होटल तथा रिसोर्टमा निर्मित स-साना कटेजमा पुगेर विश्राम गर्छन् । खाजा खाने बहानामा ती चौतारीमा छिरेका उनीहरू दिन गएको समेत पत्तो पाउँदैनन् ।

## धुलिखेलबाट नेपालथोक

जापान सरकारले निर्माण गरेको बनेपा-बर्दिबास सडकलाई नेपालकै नमुना सडकका रूपमा लिइन्छ । साना सवारी साधन मात्र चल्ने यो सडकमा निजी कार तथा मोडरसाइकलको भीड लाग्छ । यो सडक प्रकृतिप्रेमीहरूको रोजाइमा छ । सबैको रोजाइ रहेको यो सडकमा युगल जोडीहरूको रोजाइमा नपर्ने त कुरै भएन । विशेष गरी उपत्यका तथा बनेपा-धुलिखेलका युगल जोडीहरू लङ रुटको यात्रा गरेर माया अभिवृद्धि गर्न नेपालथोकसम्मको यात्रा तय गर्छन् । यात्राका क्रममा हाइवेमा सवारी साधन रोकी दायाँ-बायाँका डाँडाहरूमा बसेर माया साट्नेहरूको भीड पनि राम्रै हुन्छ ।

# जताततै जोडी नै जोडी

विमल खतिवडा

पहिलेजस्तो अहिले प्रेम गर्न लाजले छेक्ने जमाना छैन । न कसैको डर हुन्छ न केही कुराको चिन्ता नै । मन मिलेपछि प्रेम हुन्छ । प्रेममा परेपछि साँघुरो ठाउँ पनि खुल्ला लाग्छ । सार्वजनिक ठाउँसमेत प्रेमिल बन्छन् । पछिल्लो समय सार्वजनिक सडकछेउका पार्क प्रेम जोडीहरू रम्ने गन्तव्य बन्दै गएका छन् । सडक खण्डको एक छेउमा प्रेममा डुबेका जोडी आपसी भलाकुसारीमै मस्त हुन्छन् । कोही अंकमाल गरेर त कोही आपसमा टाउको जोडेर रमाइरहेका हुन्छन् । सडक छेउमा जंगल छ । कहीं-कहीं बस्ने ठाउँसमेत छ । त्यहाँ बस्न र रमाउन प्रेम जोडीहरूको प्रतिस्पर्धा नै चल्छ ।

## नारायणी किनारमा माया प्रेम

चितवन र नवलपरासी जोड्ने नारायणी नदीमाथीको पक्की पुलबाट दायाँ नियाल्नेबित्तिकै देखिन्छ जोडीहरूको भीड । नारायणी नदीको किनार मनमोहक छ, जहाँगलैंचा र राडीजस्तै दुबो फेला पार्न सकिन्छ । नदी छेउमा आकर्षक ढुंगाहरू छन् । वालुवाको थुप्रो पनि त्यही किनारमै छ । सार्वजनिक रूपमा बस्ने ठाउँको पनि कमी छैन, त्यसैले त यही किनारमा भेटिन्छन् प्रेम जोडीहरू ।

नारायणी नदीको किनार विवाहित-अविवाहित जोडीहरूको डेटिङ स्पट नै बनेको छ । उता सौराहा प्रवेश गर्ने सडक छेउतिर पनि जोडीहरू आपसमा रमाइरहेका भेटिन्छन् ।



# धरान भेडेटार घुम्तीमा रोमान्स

धरानबाट नागबेली सडक हुँदै उकालो लाग्नेबित्तिकै रमणीय जंगल, प्रत्येक धुम्तीमा खुलेका साना-ठूला होटल तथा रेस्टुराँले जो कसैलाई आनन्द महसुस गराउँछन् । अझ मायालु जोडीहरूका लागि त यो हाइवे पूर्वकै सर्वाधिक सेक्सी हाइवे पनि हो । प्रेमिल जोडीहरूलाई धक फुकाएर माया वर्षाउन धरानबाट उकालो लाग्नेबित्तिकै बाटो खुल्छ । भेडेटार मुनिका प्रत्येक घुम्तीमा पार्किङ गरिएका मोटरसाइकलहरू त्यसका प्रमाण हुन् । घुम्तीमा अवसर नपाउनेहरूलाई छेउछाउमा खुलेका साना रेस्टुराँ तथा बारहरूले पनि स्वागत गरिरहेका हुन्छन् ।

ती घुम्ती तथा रेस्टुराँहरू छिचोल्दै भेडेटार पुग्नेहरूका लागि त्यहाँका पार्क, भ्यूटावर तथा होटलहरूले पर्खिरहेका हुन्छन् । चिसो मौसममा माया साटासाट गर्नेहरू त्यहाँबाट नाम्जे हुँदै डाँडाबजार, राजारानी तथा बुधबारेसम्म पुग्छन् भने तातो खोज्नेहरू नमस्ते झरना हुँदै मूलघाटसम्म पुग्छन् । त्यसो त धनकुटा हिले तर्फका युगलजोडीहरू पनि तमोर हुँदै नमस्ते झरना र भेडेटारसम्म आइपुग्छन् । कलकल बग्ने तमोरको दृश्यवलोकन गर्दै माया साटासाट गर्नेहरू भने त्यही भुलिन्छन् ।



# पोखराका सेक्सी हाइवे

राजाराम पौडेल

उनी अनि म, सुन्दर, शान्त रमणीय एकान्त ठाउँ । बस्, त्यति भएपछि अरू के नै चाहियो र ? यो अहिलेका युवायुवतीहरूको मनमा खेल्ने कुरा हो । उनीहरूले रोमान्स गर्न, मायालुसँग घोत्लिन, कुराकानी गर्नका अतिरिक्त विभिन्न योजना बनाउन यस्तै ठाउँ रोज्ने गरेका छन् । पोखरा अनि यसआसपासका विभिन्न हाइवेमा दैनिक यस्ता दृश्य देख्न सकिन्छ ।

### लेकसाइडबाट पामे

पोखराको लेकसाइडस्थित हल्लनचोकबाट पामे जाने सडकमा आफ्ना मायालुसँग मस्त जोडी बग्रेल्ती देखिन्छन् । यहाँ सुन्दर फेवाताल, वरिपरिका डाँडाकाँडा अनि आकाशमा उडिरहेका प्याराग्लाइडिङ हेर्दै आफ्नो मायालुसँगको बसाइलाई अविस्मरणीय बनाउन सकिन्छ । पामे जाने यो मार्गमा स्थानीय युवा-युवतीदेखि पोखरा घुम्न आएकाहरूसमेत यहाँ आ-आफ्ना प्रेमी-प्रेमिकासँग व्यस्त पाइन्छन् ।

सराङकोट हुँदै कास्कीकोट

पोखराबाट सराङकोट जाने सडकका विभिन्न घुम्तीमा हरेक दिन यस्ता गतिविधि भैरहेका हुन्छन् । सूर्योदय र सूर्यास्त हेर्न मात्र होइन, पोखरा आसपासको सौन्दर्य नियाल्न पनि यहाँ पुग्न जोडीहरू लालायित रहन्छन् । यो हाइवेमा आफ्ना मायालुसँग मस्त जोडीहरू छ्यापछ्याप्ती भेटिन्छन् भने कलेज ड्रेसमै रोमान्स गर्ने टिनएजरको संख्या पनि उस्तै हुन्छ ।

### पृथ्वी हाइवे

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिनको पुल कट्नेबित्तिकै बाटोमा रोमान्स गरिरहेका जोडी पनि प्रसस्तै भेटिन्छन् । मुग्लिन-आबुखैरनीबीचको सडकमा पोखरा घुम्न आउने वा पोखराबाट फर्कने जोडी मर्स्याङ्दी नदी तथा आसपासका अग्ला पहाड हेर्दै प्रेमलीला गरिरहेका हुन्छन् । तनहुँको घाँसीकुवालगायतका हाइवेनजिकै आफ्नो मायालुसँग कुम जोड्दै भलाकुसारी गर्नेहरू पनि उत्तिकै हुन्छन् । तनहुँको कोत्रेबाट कास्की प्रवेश गर्ने पुल तर्नेबित्तिकैको उकालोको देब्रेतर्फ पनि यस्ता जोडी फेला पर्छन् ।

### सिद्धार्थ हाइवे

सिद्धार्थ राजमार्गअन्तर्गत पोखराको छोरेपाटनदेखि स्याङ्जासम्मको सडकमा प्रेमिल गफमा व्यस्त जोडीहरू उत्तिकै हुन्छन् । वरिपरि पातलो जंगल भएको ठाउँमा होस् वा पोखरा भ्यू प्वाइन्ट, माछापुच्छ्रे भ्यू प्वाइन्ट लगायतका जक्सनमा आफ्नो मान्छेसँग रोमान्स गर्नेहरूको जोस नै बेग्लै हुन्छ । उता स्याङ्जाको भालुपहाड आसपासका घुम्तीमा वरिपरिको रमणिय वातावरण नियाल्दै आफ्ना प्रेमी-प्रेमिकासँग समय बिताउनेहरू पनि त्यत्तिकै हुन्छन् ।

### भूपी शेरचन हाइवे

पोखराको जिरो किलोमिटरबाट सुरु हुने यो हाइवेको बागलुङ बसपार्कभन्दा तल फिर्के खोलाको पुल पारी रहेको लब्ली डाँडा मायालु जोडीहरूको मुख्य गन्तव्य हो जहाँ पुगेर पोखराको सुन्दर दृश्य हेर्दै प्रेममय वातावरणमा मायालुसँग समय बिताउन सकिन्छ । यही हाइवेमा पर्ने याम्दी घट्टेखोला, नौडाँडा, लुम्ले आदि विभिन्न ठाउँमा प्रेमलीलामा मस्त जोडीहरू फेला पर्छन् ।

### फूलबारीदेखि भलाम

पोखराको फूलबारीबाट भलाम जाने सडकमा पृथ्वीनारायण क्याम्पस परिसर, सेतीको डिल तथा काली खोलाको डिलमा गाला र कुम जोड्दै प्रेम साटासाट गरिएका दृश्य देख्न सकिन्छ । दिउँसोको तुलनामा साँझ त्यहाँ मस्ती गर्नेहरू बढी हुन्छन् ।

### राखी-मिजुरे हाइवे

राखी मिजुरे सडकअन्तर्गत टाइगरटप होटलभन्दा तलको डाँडा पनि मायालु जोडीहरूको प्रेम साटासाट गर्ने थलो बनेको छ । यहाँ पोखरा उपत्यका, लेखनाथको दृश्य अनि उत्तरमा सेतै टल्कने हिमाललाई साक्षी राख्दै आफ्ना मायालुहरूको मन जित्ने प्रयास गर्नेहरू फेला पर्छन् ।

### महतगौंडा-बागमारा-भरतपोखरी

यो हाइवेको सेती नदी, फुर्सेखोला किनार, महतगौडा, ढुङ्गेसाँघु आदि ठाउँमा गफिने जोडीहरू प्रशस्तै भेटिन्छन् । शान्त वातावरणमा आफ्ना मायालुसँग मनका बह पोख्दै अँगालोमा रमाउनेहरू त्यहाँ पुग्छन् ।

### अन्य हाइवे

कास्कीको सार्दीखोला, रुपाकोट रिसोर्ट, शान्तिस्तूप, माटेपानी गुम्बा, कार्कीडाँडा, हेम्जाबाट लाहाचोक तथा ल्वाङघलेल जाने हाइवे हुन् वा अर्घौं अर्चले आदि ठाउँमा पुग्ने हाइवे ती सबै मायालु जोडीको माया पोख्ने ठाउँ बन्दैछन् । छोरेपाटन हुँदै कृस्ति निर्मलपोखरी, फूलबारीदेखि काहुँडाँडा, घट्टेखोलादेखि धम्पुस, हेम्जाबाट लाहाचोक ल्वाङघलेल तथा पोखरा-सार्दीखोला सडकखण्डमा प्रेममय वातावरणमा रमाउनेहरू पनि प्रशस्तै हुन्छन् ।

# सेक्सी हाइवे @ बुटवल

टोपराज शर्मा

### बुटवल-फूलबारी

पूर्व- पश्चिम राजमार्गको बुटवल तिनाउ पुलसँगै जोडिएको फूलबारी प्रेमिल जोडीका लागि सहज एवं सुरक्षित लभ स्पट हो । राजमार्गबाट २ सय मिटर दूरीमै रहेको फूलबारीमा प्रवेश गरेपछि युगल जोडीहरू ढुक्कले प्रेम साटासाट गर्न पाउँछन् । फूलबारीभित्र रहेका रमणीय पार्क तथा सेड जता पनि उनीहरू अँगालोमा बाँधिएर बस्न सक्छन् । फूलबारीबाट बुटवल सहरको दृश्यावलोकनसमेत गर्न पाइन्छ । फूलबारीसँगै जंगल पनि भएकाले अझ खुलेर प्रेम साटासाट गर्न चाहने जोडीहरूलाई एकान्त स्थानको पनि कुनै समस्या छैन । भ्यालेन्टाइन डेका दिन फूलबारी प्रेमिल जोडीहरूले नै भरिभराउ हुन्छ ।

### बुटवल-हिलपार्क

माया प्रेम साटासाट गर्ने जोडीहरूका लागि बुटवलको हिलपार्क अर्को सुरक्षित स्पट हो । सिद्धार्थ राजमार्गको बुटवल अस्पताललाइनबाट पूर्वतर्फ करिब एक किलोमिटरको दूरीमा छ– हिलपार्क । हिलपार्कमा जुनसुकै सवारी साधन पुग्न सक्ने भएकाले जोडीहरूले पैदल हिँडिरहनु पर्दैन । यहाँ गाडीबाट ओर्लनेबित्तिकै एकान्त वातावरण र सुरक्षित महसुस गर्न सकिन्छ । हिलपार्कबाट पनि बुटवलको दृश्यावलोक गर्न पाइन्छ ।

### वनवाटिका

सिद्धार्थ राजमार्गको बुटवल-भैरहवा सडक खण्डको शंकरनगरचोकबाट डेढ किलोमिटर पूर्वमा अवस्थित वनवाटिका पनि प्रेमिल जोडीहरूको रोजाइमा पर्ने गन्तव्य हो । ५० हेक्टर क्षेत्रफलमा फैलिएको यो रमणीय वनमा पुगेपछि प्रेम साटासाट गर्न आतुर युगल जोडीलाई राहत महसुस हुन्छ । फराकिलो क्षेत्रफल भएकाले यहाँ कसैको बाधा-व्यवधानको सामना गर्नु पर्दैन । यहाँ बसेर घण्टौं बिताउन समस्या छैन । भनेको स्थानसम्म सवारी साधन लान पाइने र घुमफिर गर्न पनि प्रसस्त जग्गा भएकाले वनवाटिका धैरै युगल जोडीको रोजाइमा पर्दै आएको छ ।

### सालझन्डी-फायरलाइन

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सालझण्डी नजिकैको उत्तरपट्टीको थुम्कोदेखि फायरलाइनसम्मको जंगल क्षेत्र प्रेमिल जोडीहरूका लागि सुरक्षित स्थल मानिन्छ । सालझन्डीबाट एक किलोमिटर पश्चिमतर्फ सडकबाट उत्तरतर्फको थुम्को युगल जोडीहरू रमाउने थलो बनेको छ । जाडोयाममा पारिलो घाम लाग्ने, मानव बस्तीबाट टाढा अनि एकान्त तथा गर्मी याममा रूखको छहारीले शीतलता प्रदान गर्ने हुँदा यहाँ जुनसुकै मौसममा पनि खुलेर प्रेमालाप गर्न सकिन्छ । सालझन्डीबाट फायरलाइनसम्म तीन-चारवटा सुरक्षित स्पट छन् ।

### रामापिथेकस पार्क

सिद्धार्थ हाइवेको बुटवल-पाल्पा सडक खण्डअन्तर्गत बुटवल र पाल्पाको सीमा क्षेत्रमा पर्ने रामापिथेकस पार्क पनि युगल जोडीहरू रमाउने थलो बन्दै गएको छ । राजमार्गमै जोडिएको सडकबाट दक्षिण तिनाउ नदी किनारको यो पार्कमा रमाउने जोडीहरू पनि बग्रेल्ती हुन्छन् । बुटवलबाट नजिकै,जाडो याममा पारिलो घाम लाग्ने अनि गर्मी मौसममा चीसो हावा चल्ने हुँदा यो पार्कमा रमाउन आउनेहरूको कमी हुँदैन । पार्क आसपास नदी किनारमा खोल्साखोल्सी समेत भएकाले जोडीहरूले खुलेर माया साटासाट गर्न सक्छन् ।



### भूतखोला

सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडक खण्डअन्तर्गत दोभान गाउँपालिकाको सडक किनारमै पर्ने भूतखोला पनि प्रेमिल जोडीहरूको गन्तव्य हो । भूतखोला हेर्ने बहानामा थुप्रै युगल जोडी त्यहाँ पुग्छन् । सवारी साधन सडक किनारमै रोकेर जोडीहरू सडकबाट उत्तरतर्फको सुरक्षित ठाउँमा बसेर गफिन तथा रमाउन सक्छन् । मानव बस्ती नजिक नभएकाले भुतखोला आसपास जहाँ पनि प्रेमालाप गर्न सकिन्छ ।




### जोरधारा-डुम्रे

सिद्धार्थ राजमार्गकै बुटवल-पाल्पा सडक खण्डअन्तर्गत पर्ने जोरधारा र डुम्रे क्षेत्रका सडक किनारका थुम्काहरूले पनि लभ स्पटका रूपमा परिचय बनाउँदैछन् । बटुक र चुकौनीका लागि प्रख्यात जोरधारामा यिनै परिकार खाने बहानामा पनि जोडीहरू उक्त क्षेत्र पुग्छन् । जोरधारामा युगल जोडीहरूका लागि होटल तथा रेस्टुराँसमेत उपलब्ध हुन्छन् भने सडकछेउकै थुम्काहरू पनि प्रेम साटासाट गर्ने स्थल बन्छन् । यहाँ हाइवेको घुम्तीपिच्छे थुम्का छन् ।

# भ्यालेन्टाइन डे मेकओभर

रोमान्टिक वातावरणमा मेकओभरको भूमिका महत्वपूर्ण हुन्छ । आकर्षक एवं सुन्दर व्यक्तित्वमा थप निखार ल्याउन यो विशेष अवसरमा अझ बढी जागरूक हुनु राम्रो हुन्छ ।



### प्रीति पिंक मेकअप

**आँखा** : आँखालाई आकर्षक लुक प्रदान गर्न ब्राउन शिमर आइस्याडो लगाउनुपर्छ । त्यसपछि इनभिजिबल आइलाइनर प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**गाला** : गालालाई हाइलाइट गर्न क्रिम पर्ल ब्लसर प्रयोग गर्नुपर्छ ।

**ओठ** : ओठमा पिंक सेडको लिपस्टिक अप्लाई गर्नुपर्छ । त्यसपछि ट्रान्सपरेन्ट ग्लसको कोट लगाउनुपर्छ ।

### ब्ल्याक म्याजिक मेकअप

**आँखा** : आँखाको मेकअपलाई ग्ल्यामरस लुक प्रदान गर्न ग्रे सेडको आइस्याडो प्रयोग गर्नुपर्छ । त्यसपछि सिल्भर वा व्हाइट आइस्याडो अप्लाई गरी ब्लेन्ड गर्नुपर्छ ।

**गाला** : गालामा पीच वा बेबी पिंक ब्लसर अप्लाई गर्नु उपयुक्त हुन्छ ।

**ओठ** : ओठमा लाइट पिंक सेडको लिप कलर लगाउनुपर्छ र ट्रान्सपरेन्ट ग्लसले फाइनल टच दिनुपर्छ ।

### सिट्रस इफेक्ट मेकअप

**आँखा** : आँखाको मेकअपका लागि ओरेन्ज म्याट आइस्याडो प्रयोग गर्नुपर्छ ।

**गाला** : गालालाई हाइलाइट गर्न क्रिम पर्ल ब्लसर प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**ओठ** : ओठको मेकअपका लागि स्मज प्रुफ रोज कोरल लिपस्टिक अप्लाई गर्नुपर्छ ।

### ग्ल्यामर क्विन मेकअप

**आँखा** : सबैभन्दा पहिले आइलाइनर लगाउनुपर्छ । त्यसपछि कार्बन मेट आइस्याडो अप्लाई गर्नुपर्छ । यसलाई लाइट ब्राउन सेडसित स्मज गर्नुपर्छ र कम्प्लिट लुकका लागि मस्कारा प्रयोग गर्नुपर्छ ।

**गाला** : गालामा सफ्ट पिंक ब्लसर प्रयोग गर्नुपर्छ ।

**ओठ** : सेक्सी ओठका लागि डार्क पिंक लिपस्टिक लगाउनुपर्छ ।



### बोल्ड एन्ड ब्युटिफुल मेकअप

**आँखा** : ज्वेल टोन भेलभेट आइस्याडो अप्लाई गर्नुपर्छ । त्यसपछि मस्कारा र ट्रान्सपरेन्ट आइलाइनर प्रयोग गर्नुपर्छ ।

**गाला** : सफ्ट पिंक ब्लसर अप्लाई गर्नुपर्छ ।

**ओठ** : ओठमा न्युड ग्लस अप्लाई गर्नु उपयुक्त हुन्छ ।

यो अवसरमा अन्य लुक पनि अपनाउन सकिन्छ ।

### सिम्पल लुक

यो लुकका लागि सबैभन्दा पहिले बेस मेकअप गर्नुपर्छ । त्यसपछि आँखाको मेकअप प्रारम्भ गर्नुपर्छ । पहिले एलो आइस्याडो प्रयोग गर्नुपर्छ । त्यसपश्चात् ब्ल्याक आइलाइनर अप्लाई गर्नुपर्छ । अन्तमा ब्ल्याक मस्कारा लगाएर आई मेकअपलाई पूर्णता दिनुपर्छ ।

सफ्ट लुकका लागि लाइट पिंक सेडको लिपस्टिक लगाउनुपर्छ । त्यसपछि पिंक लिप ग्लस अप्लाई गर्नुपर्छ ।

### पार्टी टाइम लुक

यो लुकका लागि बेस मेकअपपश्चात् पर्पल आइस्याडो लगाउनुपर्छ । त्यसपछि दुवै आइलिडमा ब्ल्याक आइलाइनर अप्लाई गर्नुपर्छ । अन्तमा ब्ल्याक मस्कारा लगाएर आई मेकअपलाई फाइनल टच प्रदान गर्नुपर्छ ।

ओठमा कोरल पिच कलरको लिपस्टिक प्रयोग गर्नु उपयुक्त हुन्छ ।

### रोयल लुक

यो लुकका लागि आँखाको मेकअप हल्का राख्नुपर्छ । सबैभन्दा पहिले लाइट ओरेन्ज आइस्याडो लगाउनुपर्छ । त्यसपश्चात् हल्का गाजल प्रयोग गर्नुपर्छ । अन्तमा मस्कारा लगाएर आइ मेकअपलाई पूर्णता प्रदान गर्नुपर्छ ।

ओठलाई नेचुरल लुक दिन पिच कलरको लिपस्टिक लगाएर ट्रान्सपरेन्ट लिप ग्लस लगाउनुपर्छ ।

**रोजिन शाक्य**

# कलर कोड फर भ्यालेन्टाइन डे

हरेक रंगको आ-आफ्नै महत्व हुन्छ र हाम्रो जीवनमा तिनको अर्थ पनि त्यहीअनुरूप अर्थ लाग्छ । प्रेम र रोमान्सका अवसरमा प्रयोग गरिने विभिन्न रंगले आफ्नो छुट्टै विशेषता दर्साउँछ ।

**रातो** : रातो रंगलाई यो अवसरमा उमंग, उत्साह, जीवन, प्रेम, रोमान्स र कामुकताप्रतिको चाहनाका रूपमा लिइन्छ । रातो गुलाफको फूल, रातो रंगको पहिरन तथा रातो रंगको आवरणले सजाइएका उपहारहरूले प्राथमिकता पाउने गरेका छन् । रातो रंगले उपहार दिने व्यक्तिको आत्मीयता, प्रगाढता तथा समर्पणलाई प्रेमी वा प्रेमिका समक्ष सम्प्रेषण गर्छ ।

**गुलाफी** : यो अवसरमा गुलाफी रंगले ताजापन, माया, आत्मीयता, समझदारी तथा प्यारोपनको अभिव्यक्ति दिन्छ । गुलाफी रंग प्रेम दिवसका लागि उत्कृष्ट छनौट बन्न सक्छ जसमार्फत कसैप्रति आफ्नो मनमा रहेको प्रेम अभिव्यक्त गर्न सहयोग मिल्छ । यो रंगले जीवनमा मायाको मात्रा बढाउने कार्य गर्छ ।

**सुन्तला** : माया-पिरतीको यो वातावरणमा सुन्तला रंगले शक्ति, सिर्जनात्मकता एवं व्यावहारिकताको परिचय दिन्छ । यसले खुसीलाई पनि प्रतिविम्बित गर्छ र मनोवैज्ञानिक तरिकाले उत्प्रेरित गर्ने कार्य गर्छ ।

**पहेंलो** : यो रंगले प्रेरणा, निरन्तरता, संवाद र इमान्दारितालाई इंगित गर्छ । यो रंगको ऊर्जा र जीवन्तताले संवाद र सामीप्यतालाई प्रेरित गर्छ । अतः आफूलाई मन परेको व्यक्तिसामु आफ्नो मनको भावना व्यक्त गर्दा मधुरो पहेंलो रंग देखिने मैनबत्तीको उज्यालोमा गर्नु उपयुक्त हुन्छ । प्रेमदिवसको अवसरमा पहेंलो रंगको पोसाक विशेषतः युवतीहरूका लागि अनुकूल मानिन्छ ।

**नीलो** : हल्का नीलो रंगले सिर्जनात्मकता, स्वीकार एवं संवेदनशीलतालाई परिभाषित गर्छ । यसले शान्त वातावरण सिर्जना गर्न र आफ्ना भावनाहरूलाई सन्तुलित राख्न मद्दत गर्छ । यो रंगले ताजापनलाई कायम राख्छ । गाढा नीलो रंगले बुद्धिमता, आत्मनिर्भरता र आत्मीयतालाई अभिव्यक्त गर्छ । नीलो तथा हरियोको मिश्रणले भावना अभिव्यक्तिलाई सहजता प्रदान गर्छ । गाढा नीलो रंगलाई विशेषतः पुरुषहरूका लागि प्रेम दिवसको प्रतीकात्मक रंग मानिन्छ ।

**हरियो** : ग्रिनले मानवता, सजगता र समर्पणलाई प्रेरित गर्छ । यसले सम्बन्धमा सजगतालाई प्रवर्द्धन गर्छ अनि समझदारीलाई बढावा दिन्छ । प्रेम दिवसमा पुरुषका लागि गाढा हरियो रंगको सर्ट तथा महिलाका लागि हल्का हरियो रंगको पहिरन उपयुक्त मानिन्छ ।

**प्याजी** : प्याजीले अनुरागलाई जनाउँछ र यसले रोमान्समा मुख्य भूमिका निर्वाह गर्छ । यो रंग शुद्ध रूपमा महिलाहरूलाई इंगित गर्ने रंग हो । हल्का हरियो रंगको पहिरनले सुन्दरता थप्छ ।

**सेतो** : यो अवसरमा सेतो रंगलाई निर्मलता, आशावादिता एवं निश्छलताको प्रतीकका रूपमा लिइन्छ । आफ्नो प्रियतमलाई सेतो गुलाफ दिनुको अर्थ हुन्छ हाम्रो प्रेम शुद्ध छ । पुरुष तथा स्त्री दुवैले प्रेम दिवसमा सेतो रंगको पहिरन लगाउन सक्छन् ।

**खरानी** : खरानी रंगले मूल्यांकन गर्न सक्ने क्षमता एवं असंलग्नतालाई दर्शाउँछ । अतः यो रंग सम्भवतः प्रेम दिवसका लागि उपयुक्त नहुन सक्छ । आफैंमा राम्रो सेड भए पनि यसले प्रेम दिवसमा ताजापन प्रदान नगर्न सक्छ । महिलाका लागि यो रंग सही नहोला तर पुरुषका लागि भने यो रंगको पहिरन उपयुक्त हुन सक्छ ।

**कालो र खैरो** : कालो र खैरो रंगलाई पुरुष पहिरनमा समावेश गर्न सकिन्छ । कालो रंगले स्वतन्त्रता, अधिकार र उदार चरित्रलाई प्रतिबिम्बित गर्छ भने खैरो रंगले इमान्दारितालाई इंगित गर्छ । प्रेमदिवसमा महिलाहरूको पहिरनमा नारीत्व झल्कने कुरालाई प्राथमिकता दिनुपर्छ ।

# फेसनमा रोमान्सको उमंग

**भ्यालेन्टाइन डेट क्याजुयल मुडको छ भने सोहीअनुरूपको पहिरन छनौट गर्नुपर्छ । फिटिङ जिन्सका साथमा अफ शोल्डर पिस वा सिम्पल लङ टप लगाउन सकिन्छ । फिटेड ब्लेजर लेदर ज्याकेटका साथमा लेस ट्रिम ट्याङ टप उपयुक्त हुन्छ । यो शैलीमा हिल जुत्ता नै लगाउन सकिन्छ । वातावरणमा चिसोपन कायमै रहने भएकाले आफ्नो डेटमा चिसोपनको अनुभव नहोस् भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ ।**



रोमान्टिक फेसन महिलाका लागि आफ्नो पहिरनको हेमलाइन घुँडाभन्दा दुई इन्च माथि नहोस् भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ । घुँडाभन्दा दुई इन्चमाथिको पहिरनमा व्यक्ति ग्ल्यामरस त देखिन्छ तर ठीक तरिकाले बस्न जानिएन भने त्यही फेसन भद्दा र आपत्तिजनक स्थिति निम्त्याउने खालको हुनसक्छ । यो शैलीमा लिटिल ब्ल्याक ड्रेस पर्फेक्ट हुन्छ तर यो शैली अँगाल्दा खुट्टाको देखिने भागहरू राम्रोसँग टोन्ड तथा व्याक्सिङ गरिएको हुनुपर्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । जुत्ता आफूलाई हिँड्न र यताउति गर्न सहज र आराम हुने खालको हुनुपर्छ ।

एक्सेसरिज चयन गर्दा ओभरलोड नहोस् भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । साधारण क्लच, रिङ, ब्रासलेट, इयररिङ तथा नेकलेस प्रयोग गर्नुपर्छ । यदि स्टाइल स्टेट्मेन्टमा ध्यान दिने हो भने आफ्नो क्लचसित जुत्ताको मेल गराउनु राम्रो हुन्छ । ड्रेस कोट वा कोट केप उपयोगी हुन्छ । यदि च्वाइस लाउड छ भने म्युटेड शेड्स र प्याटर्नमा पनि प्रयास गर्न सकिन्छ । त्यसको कट् र स्टाइलमा प्रयोग गर्न सकिन्छ । आफूलाई कभर अप गर्न चाहने हो भने भी नेक प्रयोग गर्नु उपयुक्त हुन्छ । यदि ओपन अप हुन मन छ भने लङ स्लिभ भएको मिनी ड्रेस प्रयोग गर्न सकिन्छ । वातावरणको तापक्रम अनुरूप आफ्नो शरीरको तल्लो भागलाई छोप्न पाइन्ट वा ट्राउजर प्रयोग गर्न सकिन्छ, तर आफ्नो खुट्टालाई कभर गर्ने र साथमा कामुक पनि देखिने हो भने बुट कट् वा सत्तरी दशकताकाको बेलबटम राम्रो विकल्प हुनसक्छ । आफ्नो बटम वेयरलाई प्लेन राख्न सकिन्छ, जस्तै डेनिम वा ब्ल्याक पाइन्ट । यस्तो अवस्थामा आफ्नो अपर वेयरमा एक्सपेरिमेन्ट गर्न सकिन्छ । लेसी वा शियर टप रिस्क विनाको सिडक्टिभ अप्रोच हुनसक्छ । यदि पाइन्ट लुज छ भने फिटेड टप प्रयोग गर्नु उपयुक्त हुन्छ । यदि पाइन्ट साइड तिर टाइट शैलीको छ भने टप सिल्की टाइपको हुनुपर्छ ।

यदि भ्यालेन्टाइन डेट क्याजुयल मुडको छ भने सोहीअनुरूपको पहिरन छनौट गर्नुपर्छ । फिटिङ जिन्सका साथमा अफ शोल्डर पिस वा सिम्पल लङ टप लगाउन सकिन्छ । फिटेड ब्लेजर लेडर ज्याकेटका साथमा लेस ट्रिम ट्याङ टप उपयुक्त हुन्छ । यो शैलीमा हिल जुत्ता नै लगाउन सकिन्छ । स्लीभलेस टप माथि राम्रो खालको फिटेड ज्याकेट वा लिटिल ब्ल्याक ड्रेसका साथमा शियर स्किङ प्रयोग गर्नु उचित हुन्छ । ट्युनिक सित लेसी लेगिङको जोडा मिलाउन सकिन्छ ।

यो अवसरका लागि पूर्वीय शैलीलाई पनि सहज रूपमा प्रयोगमा ल्याउन सकिन्छ । सिम्पल सियर सिफन साडीका साथमा क्युट क्लचको कम्बिनेसन प्रयोग गर्न सकिन्छ । प्रिटी नेकलेसका साथमा सिल्क साडीको जोडा पनि उत्तिकै शोभनीय हुन्छ । सुन्दर खालको कुर्तालाई ब्रोकेड सिल्क स्लीभलेस ज्याकेट तथा चुडीदार सित कम्बाइन गरी क्याजुयल लुक पनि अँगाल्नसकिन्छ ।

भ्यालेन्टाइन डेलाई अझ बढी रोमान्टिक बनाउन पोल्का डट्स, हार्ट प्रिन्ट युक्त पहिरन लगाउनु उपयुक्त हुन्छ । हाई कोलर वा डीप नेक भएको कामुक पहिरन पनि लगाउन सकिन्छ । साँझको पार्टीका लागि रातो रंगको गाउन वा शर्ट ड्रेस परफेक्ट हुन्छ भने दिउँसोका लागि स्किनी जिन्स र बुट्सका साथमा रातो औपचारिक टप प्रयोग गर्न सकिन्छ । एलिगेन्ट अन्दाजका लागि क्लासिक फ्लोर लेन्थ ड्रेस राम्रो विकल्प हुनसक्छ । स्ट्रेपलेस भी नेकयुक्त स्पेगेटी ड्रेस ट्राई गर्न सकिन्छ । कतिपय पुरुषलाई लामो कम्मी हगिङ स्कीनी जिन्स मनपर्ने भएकाले आफ्नो प्रियतमको मन जित्न यो शैलीका साथमा हिल भएको थाई हाइ बुटको जोडा मिलाउनु उपयुक्त हुन्छ ।

क्रप्ड बाइकर लेदर ज्याकेट भ्यालेन्टाइन डेका लागि उत्तम विकल्प हुनसक्छ । सिक्विन्स अहिले प्रचलनमा छ, तसर्थ सिक्विन्ड स्कर्ट प्रयोग गर्न सकिन्छ । लिटिल ब्ल्याक ड्रेसलाई सदाबहार मानिन्छ, भ्यालेन्टाइन डेमा यसलाई उपयोगमा ल्याउन सकिन्छ ।



भ्यालेन्टाइन ड्रेसिङमा पुरुषले रातो रंगको गाढा शेड्स अपनाउनु उचित हुन्छ । यदि रंगसित सम्बन्धित समस्या छैन भने हरियो वा नीलो रंगको ज्याकेट र टिशर्टको कम्बिनेसन उपयुक्त हुन्छ । लुज फिटिङ सर्टबाट जोगिनुपर्छ । फिट सर्टले आफ्नो व्यक्तित्वमा सकारात्मक सन्देश प्रवाह गर्छ । यसले आफ्नो शरीर र व्यक्तित्वसम्बन्धी आत्मविश्वास पनि झल्काउँछ । आफ्नो सुगठित शरीर नै प्रदर्शन गर्ने हेतुले बढी हगिङ टिज भने प्रयोग गर्नु हुँदैन ।

महिलाहरू आफ्नो जुत्ता र एक्सेसरिजका सम्बन्धमा जति सचेत हुन्छन् त्यति नै उनीहरू पुरुष व्यक्तित्वको मूल्यांकन गर्दा ती कुरामा ध्यान दिन्छन् । अतः पुरुषले आफ्नो जुत्ताका सम्बन्धमा सजग हुनुपर्छ । राम्रो क्वालिटीको छालाको जुत्ता वा आरामदायक औपचारिक जुत्तालाई प्राथमिकता दिनुपर्छ । त्यस्तै सुन्दर खालको नाडी घडीलाई पनि अनिवार्य आइटमका रुपमा प्रयोग गर्नुपर्छ ।

हट स्टाइलको कुरा गर्नु पर्दा यो भ्यालेन्टाइन डेका अवसरमा पुरुषले आफ्नो जिन्स सित मरुन रंगको स्वेटर प्रयोग गर्नु उपयुक्त हुन्छ । ब्लेजर कोटका साथमा स्कीनी फिट डेनिमको जोडा दिउँसोका कार्यक्रमका लागि फिट हुन्छ भने रातिका कार्यक्रममा पनि शोभनिय हुन्छ । बटन डाउन भेस्टका साथमा रेट्रो जेन्टलमेन लुकका लागि फिटेड क्याजुयल कोट प्रयोग गर्न सकिन्छ । स्टाइलिस लुकका लागि रातिका कार्यक्रममा क्याजुयल पहिरन नै उचित विकल्प हो । भी नेक टि शर्ट र डेनिम जिन्सको जोडा एलिगेन्ट हुन्छ । छालाको जुत्ताबाट यो लुकलाई अझ प्रभावकारी बनाउन सकिन्छ । लन्चका लागि जाने हो भने लाइट पेस्टल शेडसमा क्याजुयल पहिरन सुहाउँदिलो हुन्छ । कालो रंग सकेसम्म प्रयोग गर्नु हुँदैन ।

फर्मल डेट हो भने फर्मल पहिरनलाई प्राथमिकतामा राख्नुपर्छ । फर्मल डिनरका लागि ब्ल्याक सुट सबैभन्दा बढी सुहाउँछ । यसमा सादा सर्टको जोडा उपयुक्त हुन्छ । ब्लेजर र टाईले यो शैलीलाई प्रभावकारी बनाउँछ । म्युजिक कन्सर्ट वा डान्स पार्टीमा जाने हो भने फंकी लुक ठीक हुन्छ । जसमा ब्यागी पाइन्ट र टर्टल नेक टी सर्ट सबैभन्दा उपयुक्त मानिन्छ । साधारण पहिरन लगाउँदा पनि पाइन्ट र सर्ट फ्रेस ड्राइ क्लिन गरिएको र राम्रोसँग प्रेस गरिएको हुनुपर्छ । सोलिड ब्ल्याक ड्रेस पाइन्ट, क्रिस्प व्हाइट सर्ट तथा इलेगेन्टली सेक्सी टाई सहजै अपनाउन सकिने विकल्प हुन् । कालो टाई, कालो मोजा र कालो जुत्ता म्याच गरी लगाउनसकिन्छ ।

यो अवसरमा आफ्नी प्रेमिकालाई आफ्नो वाइल्ड साइड डिस्प्ले गर्न सकिन्छ । लुज सर्ट अधिकांश पुरुषलाई सुहाउँदैन अतः नाइस फिटेड सर्ट प्रयोग गर्नुपर्छ र यदि बडी टोन्ड र फिट छ भने शर्टको माथिल्लो एकाध बटन खुला राखेर आफ्नो शरीर प्रदर्शन गर्न सकिन्छ । केशलाई हेयर मुज प्रयोग गरी स्टाइल दिनसकिन्छ । अशोभनीय हेयर स्टाइलबाट भने जोगिनुपर्छ । यदि कोट लगाउने योजना छैन भने नाडी घडी लगाउनु उपयुक्त हुन्छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

फागुन १ गते
महाशिवरात्रि

फागुन १ गते
भ्यालेन्टाइन डे

### मेष

पेसा तथा ओहदा अनुरूप कार्य दक्षता प्रदर्शन नगरे मूल्यांकनमा पछि परिने सम्भावना छ। प्रेमिकाले हितैषी साथीहरूको काम फत्ते गर्न सहयोग माग्नेछिन्। टोल सुधारका कार्यक्रममा समय खर्चनुपर्ने हुनसक्छ। सामाजिक कार्य जिम्मेवारीपूर्वक सम्पन्न गर्नुमै आफ्नो भलाइ छ।

### वृष

प्रेमी-प्रेमिका प्रणयसूत्रमा बाँधिन अझै केही समय लाग्न सक्छ। सामाजिक सभा-सम्मेलनमा समय खर्चनुपर्ने हुन सक्छ। विपक्षीले तपाईंका आन्तरिक क्रियाकलापको चियोचर्चा गरे पनि बाधा-अड्चन पुऱ्याउन सक्ने छैनन्। बिनालगानी विदेशी भूमिमा अध्ययनको अवसर प्राप्त हुनेछ।

### मिथुन

मायालुसँग केही दिनको अन्तरालमा भेटघाट हुनेछ। खानपान एवं जीवनचर्याले स्वास्थ्यमा गडबडी निम्त्याउन सक्छ। बुधबारपछिका दिनमा सहयोगको नाटक गर्नेहरूले फन्दामा पार्ने षड्यन्त्र गर्न सक्छन्। विद्युतीय उपकरण सञ्चालन गर्दा होस पुऱ्याउनुहोला।

### कर्कट

प्रेमिकाको सहयोग तथा उत्प्रेरणाले उचाइमा पुऱ्याउनेछ। प्रतिस्पर्धामा सफलता हात लाग्नेछ। विदेश भ्रमणको अवसर जुट्ने सम्भावना छ। आफ्नो क्षमताले उचित स्थान प्राप्त गर्नुका साथै पदोन्नतिको ढोका खोल्नेछ। जोडी नम्बरको सवारी साधनले विशेष फाइदा पुऱ्याउन सक्छ।

### सिंह

साथीबाट विशेष उपहार प्राप्त हुन सक्छ। प्रतिस्पर्धीहरूले आफ्नो त्रुटि औंल्याइदिँदा पुनः सोही कार्यमा समय खर्चनुपर्ने हुन्छ। भौतिक साधन खरिद गर्ने साइत जुर्न सक्छ। सरोकार नभएको विषयमा फजुल खर्च हुने योग छ। सामाजिक क्षेत्रमा गरिएको कार्यले प्रतिष्ठा बढाउनेछ।

### कन्या

आर्थिक हैरानीबाट उम्कन प्रेमिकाले सहयोग गर्नेछिन्। अध्ययनका निम्ति विदेश जाने अवसर प्राप्त हुन सक्छ। गुप्त शत्रुले छवि बिगार्ने षड्यन्त्र गरे पनि अभिभावकको सुझाव अवलम्बन गर्दा उक्त षड्यन्त्र परास्त हुनेछ। बुधबार र बिहीबार सतर्कतापूर्वक कार्य गर्नुहोला। स्वास्थ्यको विशेष ख्याल गर्नुपर्नेछ।

### तुला

रोजगारीको प्रतिस्पर्धामा सहजै सफलता हात पर्नेछ। फरक ढंगले जीवन निर्वाह गर्ने मनोवृत्ति विकसित हुनसक्छ। अभिभावकहरूसँग मतभेद हुँदा मन खिन्न हुनेछ। बिना योजना आकस्मिक यात्रामा सहभागी भइनेछ। भोजभतेरमा अनिवार्य उपस्थिति हुनुपर्ने बाध्यात्मक निमन्त्रणा प्राप्त होला।

### वृश्चिक

अलोचनालाई सकारात्मक रूपमा लिन सके सहजै उचाइमा पुगिनेछ। स-साना त्रुटिले मर्यादामा चोट पुऱ्याउन सक्छ, हेक्का राखी कार्य सम्पादन गर्नु होला। मान्यजन तथा परिवारका सदस्यले तपाईंको लगनगाँठो कसिदिने सम्भावना छ। हरियो रंगलाई प्राथमिकतामा राखे लाभ होला।

### धनु

साता खर्चिलो रहनेछ। प्रेमिका तथा नातेदारहरूलाई उपहार प्रदान गर्न राम्रै धन खर्च गर्नुपर्ने हुनसक्छ। आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी प्राप्त गर्न अझै केही समय कुर्नुपर्नेछ। भ्रमण गर्दा अत्यावश्यक खर्चको जोहो गर्नुहोला। नीलो रंगले शुभ फल प्राप्त गर्नेछ।

### मकर

उपलब्धि हात पार्न थप मेहनतको आवश्यकता छ। मन पराउने व्यक्तिका सामु स्वभाविक व्यवहार गर्नुमै आफ्नो भलो छ। विदेश यात्राको सम्भावना टरेको छैन। साथीहरूसँग घुमफिर तथा गफगाफमा समय व्यतीत गर्दा प्रेमिका भने चिढिनेछिन्। साताको अन्त्यमा रोजगारीको चिन्ताले पिरोल्न सक्छ।

### कुम्भ

प्रेम-प्रेमिकाबीचको खटपटमा मल्हम लगाउन सेतो रंगको उपहार प्रदान गर्नु उपयुक्त हुन्छ। हात लागेका अवसरहरूलाई निरन्तरता दिन सके भविष्यको चिन्ता सहजै निर्मूल हुनेछ। चियोचर्चा गर्नेहरूसँग सावधानी अपनाउनु होला। साताको अन्त्यमा सवारी साधन खरिद गर्न उत्सुक भइनेछ।

### मीन

मनोरञ्जनका क्रममा भेटिएका विपरीतलिंगीहरूले मन पराएको भावना व्यक्त गर्ने सम्भावना छ। साथीभाइहरूले सहयोग गर्न तत्पर देखाउनेछन्। आफन्तहरूसँगको भेटघाटबीच साता रमाइलासँग बित्नेछ। पूर्व दिशाको यात्रालाई प्राथमिक दिए नयाँ अवसर प्राप्त हुनसक्छ।

**अब हाम्रो पालो**

# पहिलो प्रेम किन बिर्सन सकिँदैन ?

जसरी सुरुवातमा पढेको क, ख, ग, घ र ए, बी, सी, डी अनि परिवारमा पहिले सिकेको संस्कार बिर्सन मिल्दैन, त्यसरी नै पहिलो प्रेम पनि बिर्सन सकिँदैन।

**बाटो बिराएको मान्छे**

मेरो बुझाइमा प्रेम भनेको प्रेम हो। यसमा न पहिलो हुन्छ न दोस्रो। जब कसैको कसैसँग प्रेम हुन्छ त्यहाँ सुन्दर सपनाहरूको परिकल्पना हुन्छ। स-साना कुरामा पनि खुसी मिल्छ। जीवन जिउने चाहना बढ्छ र प्रेमजोडीहरूले वर्तमानका लागि मात्र नभएर भविष्यका लागि पनि सुन्दर सपना सजाउँछन्। त्यसैले होला पहिलो माया बिर्सन नसकेको।

**आरजे धीरज बिसी**

किनभने,

- पहिलो प्रेम चोखो र निश्छल हुन्छ।
- कुनै स्वार्थभन्दा माथि हुन्छ।
- जात, धर्म र आर्थिक स्थिति आदिभन्दा माथि र चोखो हुन्छ।
- आत्मीय हुन्छ।
- प्रेमको पहिलो स्पर्श कहिल्यै बिर्सन सकिँदैन।
- पहिलो प्रेम मायाको बीउ हो। अरू त सब त्यो बीउबाट उम्रिएका वृक्षका हाँगाबिँगा मात्र हुन्।



**गणेश पौडेल**

थाहा छैन, त्यो प्रेम थियो वा उनीप्रतिको झुकाव, तर जे थियो त्यो खास थियो। त्यसैले त उनको मेरो दिलमा बास थियो।

**सन्तोष गिरी**

प्रेम कहिल्यै पहिलो अनि दोस्रो हुँदैन। यो त निश्चल अनि स्वतन्त्र छ। पहिलो र दोस्रो भनेर छुट्याउने त प्ले गर्ल-प्ले ब्वाइहरूको काम मात्र हो।

**रोहन राना**

पहिलो माया पो माया, अरू त सबै पहिलो मायाले दिएका चोट बिर्साउने बहाना मात्र हुन्।

**किस्मा आचार्य रोशनी**

पहिलो प्रेम मानिसलाई भगवान्ले नै मिलाएर पठाएका हुन्छन्, त्यसैले बिर्सन सकिँदैन।

**युरिकराज नेपाली**

चुरोट तान्न सिकेको सुरुका दिनमा बाबाको पकेटबाट खुसुक्क चुरोट निकालेर मकैबारीमा लगेर साथीहरूसँग सल्काएर खाएको अनि त्यही बेला बाबाले फेला पारेर लौरो लाएजस्तै हो– पहिलो प्रेम। अल्लारे उमेर, अल्लारे बैंस, निश्छल अनि निष्कपट भावना, कलेज बंक गरिएका ती दिन, पार्कमा बिताइएका क्षण, अस्तित्व समर्पण अनि रहरसँगै परिवारको डर। कसले पो बिर्सिन सक्ला र ? रंगे हात फेला परे धोबीधुलाइ गर्ने बाआमाले त झन् अविस्मरणीय बनाइदिन्छन् त्यो पललाई।

**सुशील भुसाल**

बिर्सिन त कुनै पनि प्रेम सकिँदैन। रह्यो पहिलो प्रेमको कुरा, त्यो पहिलोले पाएको प्राथमिकता हो।

**आशिष सुवेदी**

पहिलो सबै नै विशेष अनि अविस्मरणीय हुन्छन्। कारण धेरै छन्। जसको अनुभव मानिसअनुसार फरक-फरक हुन सक्छन्।

**दीपक खतिवडा**

पहिलो होइन, दोस्रो-तेस्रो पनि बिर्सन नसकिने रै'छ।

**उदय मेन्याङ्बो लिम्बू**

बढी खर्च भएकाले हो कि !

**चाम्लिङ सिमन राइ**

अक्सर मानिसले पहिलो धोका पहिलो प्रेमबाटै पाएको हुन्छ अनि कसरी भुलोस् त ?

**मनुप थापा**

व्यक्ति फरक होला तर प्रेम पहिलो र दोस्रो हुँदैन। दोस्रो व्यक्तिसँग जुन फिलिङ्स हुन्छ त्यो पहिलोसँग नहुन सक्छ। यस्तो अवस्थामा त्यही दोस्रो व्यक्तिसँगको प्रेमको अनुभूति पहिलो हुन सक्छ। मेरो विचारमा पहिलो प्रेम भुल्न सकिँदैन भन्नु एउटा रेडिमेट उत्तर मात्र हो। यथार्थ त यही हो कि हरेक चिज जसले भित्री मन दुखाएको छ वा खुसी तुल्याएको छ भने ती दुवै क्षणले घरीघरी झस्काइरहन्छ। घरीघरी आनन्द दिइरहेका हुन्छन्।

**शिवराज कुलुङ**

पहिलो कुरा प्रेम मात्र होइन, हरेक कुरा बिर्सन सकिँदैन। यसमा कारण भन्ने नै हुँदैन।

**कैलाश पर्वत**

अर्को नभेटेर।

**राजन तिमिल्सना**

पहिलो भनेको पहिलो नै हो सरकार !

**सन्तोषमान**

अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सिएर होला।

**रमन बोहजु**

यो कुरा केटीहरूसँग सोध्नुस्, केटाहरूसँग होइन।

**कमल लम्साल**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. समय र धनमा कुन बढी महत्वपूर्ण छ ? किन?


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**


CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८**, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९



EVENT PRODUCED & ORGANIZED BY
ODC ENTERTAINMENT
TUBORG
PRESENTS
CATCH THE BIG BANG BY
BOLLYWOOD SUPERSTARS
DA-BANGG
THE TOUR
10TH MARCH 2018,
TUNDHIKHEL, KATHMANDU
PARTICIPATE AND WIN TICKET
Q. 1) Which is Salman Khan's First Movie?
A) Maine Pyar Kiya
B) Biwi Ho To Aisi
C) Karan Arjun
D) Saajan
To Participate in the contest
Type DABANGG <SPACE> Your ANSWER (A/B/C/D) & send SMS to 31003
TICKET PRICE
PLATINUM NRs. 20,000/-
GOLD NRs. 10,000/-
SILVER NRs. 5,000/-
BRONZE NRs. 3,000/-
Enjoy TUBORG
Share TUBORG
EXPLORE TUBORG
PLAY TUBORG
TUBORG
IN PARTNER WITH
CITY HOTEL AND SUITES
Dal Bhat NEPALI KITCHEN
CO-SPONSOR
OFFICIAL MEDIA PARTNER
कान्तिपुर
KANTIPUR
Radio Kantipur
LOGISTIC PARTNER
NTB
HELI PARTNER
HELI EVEREST
HOSPITALITY PARTNER
SOALTEE CROWNE PLAZA
AN IHG HOTEL
KATHMANDU
BANKING PARTNER
Global IME Bank
RECREATION PARTNER
CHANDRAGIRI HILLS
INSURANCE PARTNER
IME LIFE
Ensuring Future
TICKETING PARTNER
IME International Money Express
IME pay
RECHARGE | TRANSFER | PAYMENTS
CREATIVE PARTNER
hueshine
FOR ONLINE BOOKING:
www.meroshows.com
FOR MORE INFO:
9801216002, 9801216003, 9801216005
www.odcentertainment.com
EVENT MANAGED, SCRIPTED AND DIRECTED BY SOHAIL KHAN ENTERTAINMENT & JA EVENTS LLP

युवा मन



सुविन भट्टराई

# प्रेमका अनेक रूप

प्रेम जो एक छ, त्यहीं अनेक छ। प्रेम, चीज एउटै, अनुभूति हरकोहीको बेग्लै। प्रेम जो कल्पनामा त मीठोमीठो परिकारमा खाइन्छ, वास्तविकतामा कहिल्यै नचाखेको स्वादमा पाइन्छ। प्रेम, जो हाम्रो पछि दगुर्दै आउँछ नचाहिएका बेला। प्रेम, जो भागिरहन्छ हामीबाट चाहिएका बेला। प्रेम, जसलाई सम्झेर मात्र पनि जीवन कटाउन सकिन्छ। प्रेम, जसमा बित्नै मुस्किल बोझिल पलहरूलाई पनि कुदाउन सकिन्छ।

प्रेम कुनै बेला आफूभन्दा धेरै अगाडि दौडिन्छ। प्रेम कुनै बेला आफूभन्दा धेरै पछि पर्न सक्छ। प्रेममा जितेको जित मीठो। प्रेममा हारेको हार पनि मीठो।

वास्तविकतामा नपाइएको प्रेम कहिलेकाहीँ सपनाले दिन्छ। सपनामा प्राप्त प्रेमले अक्सर वास्तविकतामा झस्काउँछ, तर प्रेमको त्यही झस्काइ पनि मीठो।

प्रेममा सपना मीठो। सपनामा प्रेम मीठो।

यही प्रेमले, कुनै बेला सिलिङमा डोरी टाँगी घाँटी कस्न सिकाउँछ। कुनै बेला यही प्रेमले चुपचाप-चुपचाप, बस् चुपचाप बस्न सिकाउँछ, बाँच्न सिकाउँछ। हामी तैरिरहन्छौं आकाशमा बादलको सिरानी बनाई, प्रेम आउँछ र पानीको थोपा बनी खस्न सिकाउँछ। प्रेम आउँछ कुनै बेला समय मिलाएर, प्रेम आउँछ कुनै बेला ढोकै नढक्ढक्याएर।

कहिले आँखामा रसाउँछ– प्रेम। कहिले मुटुमा बिझाउँछ– प्रेम। पाइला-पाइलामा ठेस पनि लागाउँछ प्रेमले। सुखले फुर्स्याउँदै आएको होस् वा दुःखमा घुर्स्याउँदै आएको होस्, औँसीमा आएको होस् वा पूर्णेमा, जहिले आए पनि प्रेम हरसमय कुनै चाडझैँ आउँछ। प्रेमले जतिसुकै उजाड, जतिसुकै निस्सार मनमा पनि एउटा दियो बालेर जान्छ।

अनेक भागदौडमा अलमलिएर, हराएर, भेटिएर, फेरि पनि हराएर, फेरि भेटिएर, जीवनको लामो यात्रामा अन्तत प्रेम कुनै एउटा सिउँदोमा विसर्जित हुन्छ। प्रेम कुनै एउटा पोतेमा उनिन्छ। प्रेमको बिगुल सबैले सुन्ने गरी जोर-जोरले फुकिन्छ। प्रेम यथार्थमा परिचित भएर आउँछ। प्रेम कहिल्यै नचाखेको स्वादमा चाख्न योग्य भएर आउँछ, जसका केही गाँस मीठा, केही गाँस तीता। केही गाँसमा ढुंगा, केही गाँसमा झिँगा, केही गाँस पिरा, केही गाँस टर्रा, केही गाँस आँतसम्म पुग्ने, केही गाँसका टुक्रा दाँतमै अड्किने।

प्रेम कुनै एउटा समयमा गएर कोखमा टुसाउँछ र कलिलो च्याँ-च्याँसहित काखमा चल्मलाउँछ। प्रेम बामे सर्दा कति हो कतिपटक बडो आकर्षक पारामा लड्खडाउँछ। प्रेम चिच्याउँछ, कराउँछ, रुन्छ, झगडा गर्छ र फेरि मान्छ। प्रेममा हामी कमजोर पनि हुन्छौं, प्रेममा हामी बलिया पनि हुन्छौं।

प्रेम जहिले भेटियो त्यो समय मीठो। प्रेम जति भेटियो त्यो परिमाण पनि मीठो। प्रेम जसरी भेटियो त्यो अवस्था नै मीठो अथवा कतिपटक प्रेमलाई भेट्ने इच्छा मात्र पनि गरियो, त्यो इच्छा मीठो। प्रेम कति पटक भेटियो, त्यो तृप्ति मीठो। प्रेम भेट्दाभेट्दै छुटिगएको भए पनि त्यो छुटाइ मीठो। प्रेम भेटेर पनि नभेटिएजस्तो भए पनि त्यो अप्राप्ति मीठो। प्रेम नभेटिएर पनि भेटिएजस्तो लागेको भए पनि, त्यो भ्रम मीठो। प्रेमको आकाश मीठो। प्रेमको धरती मीठो। प्रेमको मरुभूमि मीठो। प्रेमको त हिलो पनि मीठो।

बालापनको प्रेमको स्वाद बेग्लै। किशोरवयको प्रेमको काउकुति अलग्गै। युवाकालको प्रेमको परिपक्वताको अनुभूति भिन्नै। छाला जति ठाउँमा चाउरियोस्, बुढेसकालको प्रेमको फैलावट अझ बढी।

प्रेमको केवल किनार मात्र हुँदै यात्रा गरिएको भए पनि, प्रेमको त्यो यात्रा नै मीठो। प्रेम हरसमयमा मीठो। हरउमेरमा मीठो। प्रेमको जुनसुकै रूप मीठो। प्रेम हर ठाउँमा मीठो। प्रेमको जुनसुकै जात मीठो।

मुक्त आकाश



अविरल थापा

# आऊ प्रेम गरौं !

यो संसारमा प्रेम कसलाई नचाहिएला र? धनले पुरिए पनि प्रेमको अभावमा भड्किएर र तड्पिएर हिंड्ने दुःखी आत्मा धेरै छन्। प्रेमी किन्न सकिएला तर प्रेम किन्न सकिंदैन। देखावटी प्रेम र आत्माले अर्पिएको प्रेमको शक्ति बेग्लै हुन्छ। प्रेमी हुनु, श्रीमान्/श्रीमती हुनु र प्रेम प्राप्त गर्नु फरक-फरक कुरा हुन्। सबै साथै भएर पनि खोजेको प्रेम पाएन भने मानिस सुखी हुन सक्दैन। कसैले दिए पनि लिन सक्दैन, कसैले मागे पनि प्राप्त गर्न सक्दैन। सामान्य मानिसदेखि लिएर उच्च ओहदा र नाम-दाम कमाएकाहरूसमेत तिर्खालु र भोको मन बोकेर प्रेम खोज्दै हिंडिरहेका हुन्छन्।

प्रेम कसरी हुन्छ त? मानिसले कस्तो प्रेमी खोज्छ? प्रेम आफैं उत्पन्न हुन्छ कि जबरजस्ती उब्जाइन्छ? प्रेम आकर्षणबाट सुरु हुन्छ कि समर्पणबाट? एक जनालाई अर्को कोही किन र के देखेर मन पर्छ? के कोही मन पर्दैमा उसलाई पाउनैपर्छ? प्रेम गर्न हैसियत चाहिन्छ कि चाहिँदैन? एउटा गरिबले राजकुमारीलाई वा कुनै झुपडीमा हुर्किएकी केटीले उच्च खानदानको केटाबाट प्रेमको चाहना राख्नु जायज हो? प्रेमका मापदण्ड हुन्छन् कि हुँदैनन्? प्रेम गर्नुअघि सोच्नैपर्ने वा पालन गर्नुपर्ने नियमहरू छन् कि छैनन्? के प्रेमको पनि आचारसंहिता हुन्छ? कसैले कसैलाई प्रेम गरिरहेको छ भनेर थाहा पाएपछि समाज किन डराउँछ? समाज हिंसासँग भन्दा प्रेमसँग किन बढी त्रस्त हुन्छ? के हामीले गरिआएको प्रेम शुद्ध छ? प्रेम एक जनासँग मात्र हुन्छ कि धेरै जनासँग पनि हुन सक्छ? हामीले आजसम्म आफूलाई कति ढाँट्यौं अनि आफ्ना प्रेमी-प्रेमिकालाई कति ढाँट्यौं? हामी किन प्रेम गर्छौ पनि भन्न सक्दैनौं, प्रेम गर्दिन पनि भन्न सक्दैनौं? हामीमध्ये कति प्रेम किन्न सकिन्छ भन्ने भ्रम बोकेर डुलिहिंड्ने बजारिया प्रेमी हौं।

एकफेर सोचौं न त, हाम्रो प्रेम के कुराबाट सुरु हुन्छ? सुरुमा हामीलाई कसैको रूप मन पर्छ कि बोलीबेहोरा मन पर्छ कि कसैको धनसम्पत्ति मन पर्छ कि कसैको बौद्धिकता वा अरु के मन पर्छ? प्रेमको सुरुवात दिमागबाट भएको थियो कि मनबाट? हामीलाई कोही किन आफ्नो बनाउन मन लागेको थियो? उसको के कुरा भोग्न मन लागेको थियो वा आफ्नो मात्र बनाउन मन लागेको थियो? के आफूले मन पराएको मानिसले पनि उही तहमा उही भावमा प्रेमको अनुभूति गरेको थियो कि उसलाई जबरजस्ती प्रेम गर्न बाध्य तुल्याइएको थियो? प्रेम मनको मूलबाट आफैं उम्रिएको थियो कि खनीखोस्री गरेर उमारिएको थियो? यी यस्ता प्रश्न हुन्, जसले प्रेमको दिगोपन निर्धारण गर्छन्।

कसैले महँगो उपहार दिएर प्रेमी किन्लान्, कसैले प्रेमको भीख मागेर प्रेमी जोड्लान्, कसैले रूपको मोहजालमा पारेर प्रेमी बटुल्लान् तर प्रेमी पाएर पनि प्रेम पाइएन भने मन त बेचैन हुन थालिहाल्छ। कुनै पनि मानिस सर्वगुणसम्पन्न हुँदैन। सबैका आ-आफ्नै विशेषता तथा कमी-कमजोरीहरू हुन्छन्। कुनै धनी मानिस कालान्तरमा गरिब हुन सक्छ, गरिब धनी हुन सक्छ। आफूले खोजेको सबैथोक पाउन्जेल हाम्रो प्रेम ठीकठाक चल्छ र त्यही मानिस ठीक लाग्छ तर अलिकति मात्रा घटबड हुनासाथ हाम्रो प्रेम धर्मराउन थाल्छ। के प्रेमले गुण र शक्ति मात्र हेर्छ? प्रेम भनेको त दोषसहित जस्तोसुकै विकराल परिस्थितिमा पनि कसैलाई उही भाव र समर्पणसहित स्विकार गर्न सक्नु होइन र? एकफेर सोचौं त, हामी प्रेम गरिरहेका छौं कि कसैको उपभोग गरिराखेका छौं? हामी एक-अर्कालाई प्रयोग गरिरहेका छौं कि प्रेमको आदानप्रदान? विवाहअघिको प्रेम र विवाहपछिको प्रेममा घटबढ हुन्छ कि उस्तै रहन्छ? मानिस सदैव प्रेमको भोको हुन्छ। प्रेममा कति प्रकारका भोक हुन्छन्? शरीरको भोक, मनको भोक, दिमागको भोक, आत्माको भोक आदि अनेक भोक प्रेममा मेट्ने लालसा हरकोहीमा हुनसक्छ। जब प्रेमको उक्त भोक मेटिन सक्दैन वा पाउँदैन, ऊ नपाएको त्यही प्रेम खोज्दै भड्किन थालिहाल्छ। त्यसैले यहाँ शतप्रतिशत प्रेमी आफ्ना प्रेमी-प्रेमिकामै सन्तुष्ट, आफ्नो प्रेममै सन्तुष्ट छन् भनेर कसैले ग्यारेन्टी गर्न सक्दैनन्। त्यसैले बजारमा प्रेम र प्रेमी किन्न निस्कनेहरूको भीडले प्रेमबजार रंगीबिरंगी र प्रदूषित भएको छ।

के यो वैश्यिक युगमा कोही ज्यूँदो प्रेमी बाँकी छ, जसले भन्न सकोस् कि म तिम्रा सारा गुणदोष स्वीकार गरेर, जातधर्म, खानदान तथा हैसियत आदि बिर्सिएर अहिलेजस्तै अन्तिम साससम्म उही भावमा प्रेम गरिरहनेछु। कोही छ भने आऊ– प्रेम गरौं।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।